वर्ष : १७, अंक : ८, काठमाडौं, २०७८ जेठ २१ गते शुक्रबार, 4 June 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००|- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

## चुरे क्षेत्र ध्वस्त पार्ने योजनाप्रति जसपा अध्यक्ष यादवको आपत्ति

काठमाडौं । व्यापार घाटा कम गर्ने निहुँमा केपी शर्मा ओली नेतृत्वको सरकारले चुरे क्षेत्र ध्वस्त पार्ने योजना बनाएकोप्रति जनता समाजवादी पार्टी (जसपा) नेपालले गम्भीर आपत्ति जनाएको छ। जसपा अध्यक्ष उपेन्द्र यादवले प्रेस विज्ञप्ति जारी गर्दै सरकारले अध्यादेशमार्फत ल्याएको बजेट वक्तव्यमा खानीजन्य ढुङ्गा, गिटी, बालुवा निर्यात अथवा निकासी गरी व्यापार घाटा न्यूनीकरण गरिने र निजी क्षेत्रको संलग्नतामा चुरे क्षेत्रमा वसोवास गराउने, वन विनाश गरी होटल, मोटल, रिसोर्ट आदी खोल्ने भनिएकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएका हुन्। विज्ञप्तिमा 'सरकारको यो नीति, कार्यक्रम र योजना वातावरणीय हिसाबले घातक रहेको छ। यसबाट नवघनाढ्यदेखि व्यवसायीलाई त फाइदा नै होला तर यसबाट सबैभन्दा बढी प्रभाव चुरेको संवेदनशील क्षेत्रमा नै पर्ने र त्यसले तराई-मधेशमा ठूलो प्राकृतिक संकट आउने छ' भनिएको छ। यादवले यो घोषणा राष्ट्रघाती रहेको भन्दै यस्तो कार्य बन्द गरिनु पर्ने पनि बताएका छन्।

## प्रदेश २ मा बजेट अधिवेशन २४ गते आह्वान

जनकपुरधाम । प्रदेश २ सरकारले आगामी आर्थिक वर्षको बजेट ल्याउन बजेट अधिवेशन आह्वान गर्न सिफारिस गरेको छ। मन्त्रिपरिषदको बैठकले चालु अधिवेशन अन्त्य गर्दै जेठ २४ गते बजेट अधिवेशन आह्वानका लागि सिफारिस गरेको हो । बजेट अधिवेशन आह्वान गर्नका लागि प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने निर्णय गरिएको प्रदेश सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानून मन्त्री ज्ञानेन्द्र कुमार यादवले जानकारी दिए। प्रदेश प्रमुखले बजेट अधिवेशनका लागि सिफारिस गरेपछि प्रदेशसभामार्फत आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरिने छ ।

# अन्ततः जनता समाजवादी पार्टी विभाजित

## सिद्धान्तहीन एकीकरण र महत्वाकांक्षा नै विभाजनको कारक

**मधेशवाणी डेस्क**

काठमाडौं । मधेशको मुद्दाका लागि संघर्ष गर्दै आएको बलियो र वैकल्पिक शक्ति भनेर गठन भएको जनता समाजवादी पार्टी (जसपा) अन्ततः व्यावहारिक रुपमै टुक्रिएको छ ।

जसपा एकीकरण भएको वर्षमा विभाजनको अवस्थामा पुगेको हो । ठाकुरले नेतृत्व गरेको राष्टिय जनता पाटी (राजपा) र समाजवादी पार्टीबीच गत वर्ष मात्रै एकीकरण भएको थियो । प्रधानमन्त्री केपी शर्मा ओलीले राजनीतिक दलसम्बन्धि अध्यादेश ल्याएपछि दुवै दल मिलेका थिए ।

जसपा अध्यक्ष उपेन्द्र यादव पक्षले पार्टीको केन्द्रीय कार्यकारिणी समितिको बहुमतबाट अर्का अध्यक्ष महन्थ ठाकुरसहित वरिष्ठ नेता राजेन्द्र महतो, नेताहरू लक्ष्मणलाल कर्ण र सर्वेन्द्रनाथ शुक्ललाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी निष्कासन गर्नु र अध्यक्ष ठाकुरले पनि यादवलाई निष्कासन गरेपछि पार्टी एकीकरण समाप्त भएको हो ।

यादव समूहको निर्णयको केही घण्टामै ठाकुर पक्षको आन्तरिक बैठकले अध्यक्ष यादवलाई पनि उस्तै गरी पार्टीबाट निष्कासन गरेको छ । दुवै पक्षका नेताले पार्टी एकढिक्का नरहेको र औपचारिक रूपमै विभाजनतिर डोरिएको बताएका छन् । तर पार्टी विभाजनका लागि अध्यक्ष ठाकुरसँग पार्टीको केन्द्रीय कार्यकारिणी समिति र संघीय संसद्का रूपमा रहेको राष्ट्रिय सभामा ४० प्रतिशत संख्या भने छैन । प्रतिनिधिसभा विघटनविरुद्ध अदालतमा परेको मुद्दाको फैसला नआउन्जेल पार्टीबाट निष्कासनको विषयलाई वैधानिकताको प्रश्न बनाएर ठाकुर पक्ष अन्तरसंघर्ष गरेर बस्ने मनस्थितिमा छ । त्यतिञ्जेल केन्द्रीय कार्यकारिणी समितिमा बहुमत पुऱ्याउने योजना ठाकुर पक्षको छ ।



कारबाहीलाई लिएर दुवै पक्षबाट उठेको वैधानिकतासम्बन्धी विवाद अब निर्वाचन आयोगतिर पुगेको छ । अदालतले प्रतिनिधिसभा विघटनलाई सदर गरे नयाँ दल दर्ताको प्रक्रियाबाट ठाकुर पक्षलाई तत्कालीन राजपा ब्युँताउन सक्ने विकल्प छ/ भने प्रतिनिधिसभा पुनःस्थापना भए पार्टी र दल दुवैतिर ४० प्रतिशत पुऱ्याउनुपर्ने हुन्छ । विघटित प्रतिनिधिसभामा ठाकुर पक्षमा २० र यादव पक्षमा १२ सांसद थिए । पार्टीको केन्द्रीय कार्यकारिणी समितिमा ठाकुर पक्षको अहिले ३८ प्रतिशत संख्या छ ।

पार्टी एकीकरणले कानुनी मान्यता पाएको वर्ष दिन नबित्दै जसपा फुटेको हो । यो फुटसँगै प्रदेश २ मा रहेको जसपा नेतृत्वको सरकार पनि संकटमा पर्ने स्थिति आएको छ ।

तत्कालीन नेकपा र पछिल्लो पटक एमालेमा जस्तै जसपाको विभाजनमा पनि प्रधानमन्त्री केपी ओलीको गत पुस ५ र जेठ ७ गतेको प्रतिनिधिसभा विघटनको कदम मुख्य कारण बनेको छ । पहिलो पटक असंवैधानिक ढंगले प्रतिनिधिसभा विघटन गर्दा ओलीलाई 'प्रतिगामी' भनेर सडक संघर्षमा जाँदासम्म जसपामा एकता थियो । गत फागुन ११ गते प्रतिनिधिसभा पुनःस्थापनादेखि नै ठाकुर र यादव पक्षबीच वैचारिक विभाजनको रेखा बढेको थियो । ठाकुर पक्षको वैचारिक लाइन ओली कमजोर भएका बेला उनीबाट आफ्नो मागमुद्दा सम्बोधन गराएर निर्वाचनमा जाने थियो । तर यादव पक्ष त्यसलाई स्वीकार गर्न तयार थिएन । ओलीलाई सत्ताच्युत गराउने पक्षमा रहेको समूह बिनासर्त वैकल्पिक सरकार बनाउन विपक्षी गठबन्धनमा उभिए । त्यहाँदेखि यसबीचमा जेजस्ता अन्तरसंघर्षका घटनाक्रम जसपामा भए, ती सबै प्रधानमन्त्री ओलीलाई सरकारमा टिकाइराख्ने कि नराख्ने भन्ने कोणबाट नै भएको हो ।

ठाकुर पक्षले काँध थापिदिएकै कारण ओलीलाई सत्ताबाट हटाउन नसकिएको यादव पक्षको तर्क छ । ठाकुरसहितका चार नेतालाई निष्कासन गरिएको पत्रमा पनि यादव पक्षले यसलाई उल्लेख गरेको छ । 'ओलीको सरकार प्रारम्भदेखि नै लोकतन्त्र, गणतन्त्र, संघीयता, समावेशिता, धर्मनिरपेक्षता, संवैधानिक मूल्यमान्यताप्रति सकारात्मक थिएन । जनताको निर्वाचित प्रतिनिधिसभालाई दुई/दुई पटक विघटन गर्ने जस्तो अलोकतान्त्रिक, असंवैधानिक, निरंकुश र अधिनायकवादी, प्रतिगमनकारी कदम उनले चाले । त्यस्तो अवस्थामा ओली सरकारलाई साथ दिने कल्पनासमेत हाम्रो पार्टीले गर्न सक्दैनथ्यो,' यादव पक्षद्वारा जारी पत्रमा भनिएको छ, 'तर मधेशका मागमुद्दा सम्बोधन गऱ्यो भन्ने भ्रम छर्दै संकटग्रस्त ओली सरकारलाई काँध थाप्ने र प्रतिगमनको मतियार बन्ने काम गरे । बारम्बार आग्रह गर्दा पनि गल्ती सच्याउने काम भएन ।'

यादवलाई निष्कासन गरेको पत्रमा ठाकुर पक्षले पनि उस्तै खालको आरोप लगाएको छ । ठाकुर पक्षले तत्कालीन संसदीय दलको निर्णयविपरीत शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउन सहयोग गरेको मुख्य आरोप यादवमाथि लगाएको छ । ठाकुर पक्षले यादवको कार्यशैली तानाशाही प्रवृत्ति भएको आरोप लगाएको छ भने ओली नेतृत्वको सरकारबाटै तराई-मधेशका मागमुद्दा सम्बोधन भएको र आफूले जस लिन नपाउने तुच्छ सोच राखेर यादवले जनतालाई धोका दिएको आरोप ठाकुरको छ ।

ठाकुर पक्षले यादव नेतृत्वको समाजवादी पार्टी फुट्नै लाग्दा एकीकरण गरेर आफूहरूले जोगाइदिएको पनि दाबी गरेको छ । '२०७७ वैशाख १० गते

*बाँकी अन्तिम पृष्ठमा*

## गिट्टि, बालुवा बेच्ने केन्द्र सरकारको निर्णय सच्याऊ : मुख्यमन्त्री राउत



जनकपुरधाम । प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले चुरे दोहन गरेर ढुंगा, गिटी, बालुवा निकासी गर्ने केन्द्र सरकारको कार्यक्रम फिर्ता गर्न चेतावनी दिएका छन् । बिहीबार विज्ञप्ति सार्वजनिक गर्दै मुख्यमन्त्री राउतले केन्द्र सरकारले अध्यादेशमार्फत ल्याएको बजेटमा समावेश भएको ढुंगा, गिटी, बालुवा निकासी गर्ने कार्यक्रम हटाउन भनेका हुन् । यो कार्यक्रम नहटाए प्रदेश २ ले चुरे संरक्षणका लागि आवश्यक निर्णय लिने चेतावनीसमेत राउतले दिए । 'नेपाल सरकारको बजेट वक्तव्यलाई सच्याउन आग्रह गर्नुको साथै यस्तो कार्य तत्काल नरोकिए तराई मधेसको चुरे संरक्षण र प्राकृतिक सम्पदाको रक्षार्थ प्रदेश सरकारले आवश्यक निर्णय लिनेछ', विज्ञप्तिमा भनिएको छ ।

चुरे दोहनले तराईको बासस्थान गुम्ने उनको भनाइ छ । देशकै अन्न भण्डारको रुपमा रहेको तराई मरुभूमी हुने भन्दै सरकारलाई सचेत गराएका छन् । उनले यो निर्णयले जनताको बिल्लीबाठ हुने निश्चित भएको भन्दै विरोध जनाएका हुन् । 'चुरे क्षेत्रको माटो एकदमै कमजोर छ । चुरे दोहनले सबै प्राकृतिक सम्पदाले आफ्नो बासस्थान गुमाउने निश्चित छ,' राउतले सार्वजनिक गरेको विज्ञप्तिमा भनेका छन्, 'सरकारको यस्तो अदुरदर्शी निर्णयले प्रदेश नम्बर २ बाट ढुंगा, गिटी, बालुवा उत्खनन् गर्ने योजनाले देशकै अन्न भण्डारका रूपमा रहेको भू-भाग मरूभूमिकरण भई शतप्रतिशत जनताको विल्लीबाठ हुने निश्चित छ ।' प्रदेश २ लाई मरुभूमीकरणबाट जोगाउने कार्यमा प्रदेश सरकार सजग रहेको उनको भनाइ छ । 'वन विनाश, वातावरणीय सन्तुलन, जैविक विविधताको संरक्षण, पानी मुहान संरक्षको साथै प्रदेश २ लाई मरुभूमिकरण हुनबाट जोगाउने कार्यप्रति प्रदेश सरकार सजग छ', विज्ञप्तिमा भनिएको छ ।

## माओवादी केन्द्रबाट निष्कासित तीन नेताको रिट खारेज

जनकपुरधाम । नेकपा माओवादी केन्द्रबाट निष्कासित तीन नेताले सर्वोच्च अदालतमा दायर गरेको रिट खारेज भएको छ । अर्को पार्टीमा लागेको आरोपमा प्रदेश २ का तीन सांसदलाई साधारण सदस्यसमेत नरहने गरी माओवादीले कारबाही गरेको थियो । पार्टीको कारबाहीपश्चात पद गुमाएका प्रदेश सांसदहरू कुन्दन प्रसाद कुशवाह, रामचन्द्र मण्डल र मोहम्मद समीरको रिट निवेदन अदालतले खारेज गरिदिएको हो । तीनै जनाले सांसद पद जोगाउन नेकपा एमालेमा गएर पनि माओवादी केन्द्रमै रहेको दाबी गरी जेठ १३ गते सर्वोच्च अदालतमा रिट दिएका थिए । तीनै जनाले दायर गरेको रिटमा अदालतले सूचना टाँस गरी रिटअनुसार अन्तरिम आदेश जारी नहुने जनाउँदै रिट खारेज गरिदिएको नेकपा माओवादी केन्द्र धनुषाका सचिव दीपक यादवले जानकारी दिए । सर्वोच्च अदालतका न्यायधीशद्वय ईश्वरप्रसाद खतिवडा र नहकुल सुवेदीको संयुक्त इजलासबाट अन्तरिम आदेश नदिए पनि १५ दिनभित्र विपक्षीहरूलाई लिखित जवाफ पेस गर्न भनी आदेश दिएको छ । अदालतले विपक्षीहरू प्रदेशसभा सचिवालय, निर्वाचन आयोग, नेकपा माओवादी केन्द्र र माओवादी केन्द्र संसदीय दल प्रदेशलाई लिखित जवाफ बुझाउन आदेश दिएको नेकपा माओवादी केन्द्रका संसदीय दलका नेता भरतप्रसाद साहले जानकारी दिए । नेपालको संविधानको धारा १३३ को उपधारा २ र ३ बमोजिम उत्प्रेषण तथा परमादेश लगायत अन्य उपयुक्त आज्ञा आदेश जारी गरी पाऊँ भन्दै रौतहट निर्वाचन क्षेत्र नम्बर ३ (ख) बाट प्रदेशसभा सदस्यमा निर्वाचित कुन्दन प्रसाद कुशवाहा, धनुषा निर्वाचन क्षेत्र नम्बर १ (ख) बाट निर्वाचित रामचन्द्र मण्डल, बाराबाट समानुपातिक बन्दसूचीमा निर्वाचित मोहम्मद समीरले नियमविपरीत नेकपा माओवादी केन्द्रले आफूहरूलाई पदबाट अपदस्त गरेको भन्दै जेठ १३ गते सर्वोच्च अदालतमा उत्प्रेषण परमादेशको मुद्दा दिएका थिए । नेकपा माओवादी केन्द्र र नेकपा एमालेबीच एकीकरणपछि बनेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) लाई गत फागुन २३ गते सर्वोच्च अदालतको फैसलाले खारेज गरिदिएपछि तीन जना सांसदहरू मण्डल, कुशवाहा र समीर प्रधानमन्त्री ओली नेतृत्वको एमालेमा लागेको आरोपमा माओवादी केन्द्रले पार्टीबाट उनीहरूलाई निष्कासन गरेको थियो । उनीहरू तीनै जना अर्को पार्टीमा लागेको आरोपमा कारवाहीमा परेका हुन् ।

## निर्वाचन आयोगद्वारा महन्थ र उपेन्द्रको कारवाहीसम्बन्धी पत्र बदर

काठमाडौं । निर्वाचन आयोगले जनता समाजवादी पार्टी नेपालका अध्यक्षद्वय महन्थ ठाकुर र उपेन्द्र यादवले पठाएको कारवाहीसम्बन्धी पत्र बदर गरिदिएको छ ।

अध्यक्षद्वय ठाकुर र यादवले एक अर्कालाई पार्टीबाट निष्कासन गर्दै कारवाही गरेको पत्र मंगलबार निर्वाचन आयोगमा पठाएका थिए ।

आयोगले दुवै पक्षद्वारा पठाइएको पत्र आयोगको नियमावलीको ढाँचाअनुसार नमिलेको भन्दै बदर गरेको हो । दुवै अध्यक्षले एकले अर्कालाई पार्टीको साधारण सदस्यसमेत नरहनेगरी निष्कासन गरेका पत्र राजनीतिक दलसम्बन्धी नियमावली २०७३ (पहिलो संशोधन) अनुरुप नभएकोले बदर गरिएको आयोगले जनाएको छ ।



आयोगले अध्यक्ष ठाकुरसँग केन्द्रीय समितिको निर्णयको प्रतिलिपि प्रस्तुत गर्न माग गर्दै पत्र पठाएको छ । अध्यक्ष ठाकुरले अर्का अध्यक्ष उपेन्द्र यादवलाई पार्टीबाट निष्कासन गरेको जानकारी निर्वाचन आयोगलाई गराउँदै पार्टी दर्ता किताबबाट उपेन्द्र यादवको नाम हटाउन गरेको आग्रह गरेकोमा छानविन आयोगले केन्द्रीय समितिमा भएको निर्णयको हस्ताक्षरसहित प्रतिलिपि राजनीतिक दल दर्ता सम्बन्धी उप नियमावलीको अनुसूची १८ को ढाँचा अनुसार प्रस्तुत गर्न पत्र पठाएको आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले जानकारी दिए ।

त्यस्तै, आयोगले यादव पक्षलाई पनि राजनीतिक दल सम्बन्धी नियमावली २०७४ को अनुसूची अनुसार निवेदन दिन पत्र पठाएको छ । राजनीतिक दलसम्बन्धी नियमावलीमा निर्वाचन आयोगमा पेस भएको केन्द्रीय समिति र संसदीय दलको बहुमतले पार्टी अनुशासनविपरीत काम गर्नेलाई कारबाही गर्न सक्छ । अहिले संसद् नभएकाले केन्द्रीय कार्यासमितिको बहुमतले कारबाही गर्न सक्छ । जसपाले केन्द्रीय समितिको रुपमा केन्द्रीय कार्यकारिणी समितिको नाम पेस गरेको थियो ।

यादवले मंगलबार अध्यक्ष महन्थ ठाकुर, राजेन्द्र यादव, लक्ष्मणलाल कर्ण र सर्वेन्द्रनाथ शुक्ललाई पार्टीको साधारण सदस्यबाटै निष्कासन गरेको पत्र आयोगमा पठाउँदै दर्ता किताबबाट नाम हटाउन आग्रह गरेका थिए ।

त्यसको 'काउन्टर' मा ठाकुर पक्षले यादवलाई पनि पार्टीबाट निष्कासन गर्दै उस्तै व्यहोरा आयोगमा जानकारी दिएका थिए ।

## 'अनुशासनहीन र अराजक व्यक्तिको निष्काशनले वैकल्पिक शक्ति बनाउने अभियान झनै सशक्त हुने'



महन्थ ठाकुर

१. पार्टी एकीकरण भएदेखि नै एकतर्फी रुपमा पार्टीको नीति, सिद्धान्त, विचार, एजेण्डा र कार्यदिशा विपरीत पार्टी एकीकरणको भावना र सिद्धान्तलाई नोक्सानी पुग्ने गरी, पार्टी विधान, नियमावली, आंचारसहिताले निर्दिष्ट गरेका लोकतान्त्रिक मल्य मान्यता. विधि, पद्धति र राजनीतिक संस्कृतिको बर्खिलाप हुने गरी, गुटगत गतिविधि गर्ने/गराउने कार्यमा पार्टी कार्यकारिणी सदस्य उपेन्द्र यादवको प्रमुख भूमिका स्पष्ट नै छ । यस्ता अवाञ्छित गतिविधि नगर्न, नगराउन पार्टीले उनलाई बारम्बार सचेत गराएको हो ।

२. २०७८ ज्येष्ठ ८ र ९ गते दुबै अध्यक्षद्वारा बैठक बोलाउने सहमति भए पनि कोरोना महामारीको कारणले ज्येष्ठ ७ गते नै बैठक स्थगित गरिएको हुँदाहुँदै पनि ज्येष्ठ ८ र ९ गते एकतर्फि रुपमा बैठक गरेको, उपस्थित नै नभएकाहरुको फर्जि हस्ताक्षर गरि किर्ते गरेको, संसदीय दलको निर्णयको विपरीत श्री शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउन हस्ताक्षर समेत गरेको हुनाले यस अघि २०७८-०२-११ गते पहिलो पटक ३ दिने र मिति २०७८-०२-१५ गते दोस्रो पटक २४ घण्टे स्पष्टिकरण पत्र पठाएको हो । तर ती पत्रहरुको जवाफ नदिई अटेर र अवज्ञा गरी अनुशासनहिन कार्य गरेकोले पार्टीको अन्तरिम विधान र राजनीतिक दल सम्बन्धी ऐन २०७३ को व्यवस्था बमोजिम आजैको मितिबाट लागु हुने गरी उपेन्द्र यादवलाई पार्टीको साधारण सदस्य समेत नरहने गरि निस्कासित गरिएको छ।

३. हामीले जहिले पनि राज्यद्वारा वहिष्करणमा पारिएका र उपेच्छित जनसमुदायको अधिकार र पहिचान स्थापित गर्ने उद्देश्यले सधै आफ्नो माग मुद्दाहरुलाई प्राथमिकतामा राखेको सर्वविदितै छ । २०७२ साल असोज ३ गते अपूर्ण संविधान जारी भए देखि नै जव सम्म हाम्रो माग मुद्दा पूरा हुँदैन तबसम्म न चनावमा भाग लिने न सरकारमा भनेर आम जनसमुदायसँग प्रतिवद्धता थियो । जस अनुसार जबसम्म संविधान संशोधनको प्रस्ताव सदनमा अगाडी बढाइएन तबसम्म हामी स्थानीय तहको दुई चरणको चुनावमा भाग लिएनौं तर उपेन्द्रजीहरु प्रतिवद्धताबाट भागे । त्यति मात्रै होइन प्रतिनिधिसभा र प्रदेशसभाको चुनावपछि हामीले हाम्रा माग मुद्दा सम्बोधन गर्ने सर्तमा सरकारलाई बाहिरैबाट समर्थनमा गयौं र एक वर्षसम्म पनि माग सम्बोधन नभएपछि समर्थन फिर्ता लियौं तर उपेन्द्रजी सत्तालोलुप भएर सरकारमै सहभागी भए र एउटा सिन्कोसम्म भाँच्न सकेनन् र जबसम्म अपमानजनक रुपमा तिनलाई सरकारबाट लखेटिएन तबसम्म सत्ताको रसोस्वादन गरिरहे । पछिल्लो घटना क्रममा प्रधानमन्त्रीजीसँगको व्यक्तिगत कुण्ठा र पूर्वाग्रहले गर्दा आज वर्षोदेखिको सम्बोधन गराउन बाँकी रहेको माग मुद्दाहरु सम्बोधन गराउने सन्दर्भमा १३९ जना आन्दोलनकारीहरुको मुद्दा फिर्ता गरिएको छ तथा केही मुद्दा फिताएको प्रक्रियामा छ, नागरिकता सन्दर्भमा संविधान जारी भएको मितिदेखि जन्मसिद्ध नागरिकका सन्तानहरुले नागरिकता पाइरहेका थिएनन् जसले गर्दा शिक्षा, रोजगारी लगायत राज्यबाट पाउने सुविधाबाट बञ्चित थिए जसलाई अध्यादेश मार्फत सम्बोधन गरिएको छ, संविधान संशोधनको सवालमा उपेन्द्रजीले बनाउन नसकेका संविधान संशोधन कार्यदल बनाइएको

**पछिल्लो घटना क्रममा प्रधानमन्त्रीजीसँगको व्यक्तिगत कुण्ठा र पूर्वाग्रहले गर्दा आज वर्षौंदेखिको सम्बोधन गराउन बाँकी रहेको माग मुद्दाहरु सम्बोधन गराउने ।**

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय

# नागरिकता अध्यादेशको बहस

राष्ट्रपति विद्यादेवी भण्डारीले जारी गरेको 'नेपाल नागरिकता ( पहिलो संशोधन) अध्यादेश-२०७८' का प्रावधानका विषयमा अहिले सर्वत्र बहस चलिरहेको छ । जन्मसिद्ध नागरिकताप्राप्त बाबुआमाका र बाबुको पहिचान नभएका सन्तानलाई वंशजका आधारमा नेपाली नागरिकता दिने व्यवस्था स्वयंमा प्रगतिशील र संविधानसम्मत हो र नागरिकता अध्यादेशले यहि कुरालाई अंगीकार पनि गरेको छ । यद्यपी यसका अन्तर्वस्तुबारे विमर्श गर्न सकिएला । तर संसदमा विचाराधीन राष्ट्रिय सरोकारको मुद्दालाई अध्यादेशको माध्यमबाट ल्याइएकोमा अहिले विरोधका स्वरहरु गुञ्जिएको हो । किनभने यति संवेदनशील विषयमा संसदमा विश्वासको मत पनि नपाएको तथा आफैंमा कामचलाउ रहेको सरकारले प्रतिनिधिसभा विघटन हुने अघिल्लो दिन अध्यादेश सिफारिस गरेर राष्ट्रपतिले विघटनको लगत्तै दुई दिनपछि जारी गर्नुमा निश्चय पनि गम्भीर विषय हो । निश्चित रुपमा देशमा नागरिकता कानुन नहुँदा मर्कामा परेकाको संख्या ठूलो छ, नागरिकताविहीन भएर बस्नुपर्दाको पीडा पनि गम्भीर छ ।

'नेपाल नागरिकता ऐन-२०६३ लाई संशोधन गर्न बनेको विधेयक' तीन वर्षअघि नै दर्ता भएको थियो तर प्रतिनिधिसभाले त्यसलाई

**पछिल्लो संशोधनले जन्मसिद्ध नागरिकका छोरा छोरीले संविधानमा व्यवस्था हुँदाहुँदै पनि नागरिकता प्राप्त गर्न नसकेको गुनासो सम्बोधन गरेको छ । त्यस्तै बेपत्ता भएका बाबुका सन्तानले पनि नागरिकता पाई नरहेको अवस्थामा नागरिकता दिनुपर्छ भन्ने हेतुका साथ अध्यादेश जारी गरिएको हो ।**

अगाडि बढाएको थिएन । विधेयकबारे राज्य व्यवस्था समितिमा छलफल गरी सुझावसहितको प्रतिवेदन २०७७ असार ९ मै पूर्ण सदनमा गइसकेको थियो/। न सरकार, न त विपक्षी दल नै यो विधेयक अगाडि बढोस् भन्ने चाहेको थियो । देशको प्राथमिकतामा नागरिकता विधेयक पर्नुपर्छ। यसलाई संसद्बाटै पारित गरिनु राम्रो हो ।

सबैलाई थाहै छ, नेपालमा नागरिकताको विषय निकै पुरानो राजनीतिक मुद्दा हो ॥ जानकारहरू यो मान्छन् कि कोही पनि नेपाली नागरिकताबाट वञ्चित नहोऊन् भन्ने पवित्र उद्देश्य राख्नेले मात्र यो मुद्दा बोकेका छैनन्, कतिपय अमुक शक्तिकेन्द्रको पनि यसमा आफ्नै स्वार्थ-दाउ छ । त्यही कारण यो मुद्दा जति संवेदनशील छ, त्यति नै विवादास्पद पनि छ ।

यो अध्यादेश पारित भए यसले ६ लाख नागरिकलाई नागरिकता लिने बाटो खोल्छ । पछिल्लो संशोधनले जन्मसिद्ध नागरिकका छोरा छोरीले संविधानमा व्यवस्था हुँदाहुँदै पनि नागरिकता प्राप्त गर्न नसकेको गुनासो सम्बोधन गरेको छ । त्यस्तै बेपत्ता भएका बाबुका सन्तानले पनि नागरिकता पाई नरहेको अवस्थामा नागरिकता दिनुपर्छ भन्ने हेतुका साथ अध्यादेश जारी गरिएको हो । २०७२ साल असोज ३ गते भन्दा अघि जन्मका आधारमा नेपालको नागरिकता प्राप्त गरेका नागरिकको सन्तानलाई बालिग भएपछि वंशजका आधारमा नेपाली नागरिक मानिने भएको छ । त्यस्तै बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजका आधारमा नागरिकता दिने पनि अध्यादेशले बाटो खोलेको छ । बच्चा जन्मियो तर बुबाको पहिचान हुन सकेन । त्यस्तो पनि समस्या छ । त्यस्तो पहिचान नभएको नागरिकले के गर्ने त तर पछि बाबु विदेशी ठहर भए भने उसको नागरिक वंशजबाट रूपान्तरण भएर अङ्गीकृत ठहर हुनेछ ।

संविधानमा व्यवस्था भए पनि कानुन अल्झिएका कारण समस्या परिरहेकामा अध्यादेश सहयोगी सिद्ध हुनेछ ।

हाल कानूनमा स्पष्ट व्यवस्था नहुँदा झन्डै ६ लाख नागरिकता पाउने उमेरका युवाहरू नागरिकता पाउनबाट वञ्चित भएको र त्यसका कारण उनीहरूले अध्ययनदेखि रोजगारीसम्म समस्या भोगिरहेका छन् । यो अध्यादेशबाट यो समस्या समाधान हुनेछ ।

# नेता, नैतिकता र न्यायको प्रकार

**विचार-विश्लेषण** भाग-९३



उपेन्द्र झा

**धन कमाउने एक मात्र उत्कट चाहनाको अभ्यास गर्दा गर्दै अनैतिक रुपको चरित्र र सोचको विकास भइसकेको कारण चारैतिर अनैतिक क्रियाकलापको बोलवाला व्याप्त छ । यस्तो माहौललाई राजनीतिक अराजकता भनिन्छ र यसमा सत्य लुक्छ र झुठ चम्किलो र आकर्षक देखिन्छ ।**

मानवाधिकार, नैतिक मूल्य, सिद्धान्त र आदर्शका विश्वविद्यालय चलाएर विज्ञ उत्पादन गरेपनि नेपाली राजनीतिको दुर्भाग्य कस्तो छ भने बितेको ७१ वर्षमा कस्तो शासन प्रणाली राख्ने यसको निर्क्योल गर्न सकेको छैन । राजतन्त्र, प्रजातन्त्र, लोकतन्त्र र संघीय गणतन्त्र सबैको असफल अभ्यासका कारण अयोग्यता, अनभिज्ञता हुँदै होइन । किनभने अन्तर्राष्ट्रिय स्तरमा न्याय सम्पादन गर्ने क्षमतावान, विज्ञहरु यहाँ छन् । नित्य लोकतन्त्रको पाठ पढाउने र विद्या विशारद उत्पादन गर्ने शिक्षण संख्या यहीं छन् । हरेक क्षेत्रका विज्ञहरु रहेपनि राजनीतिक अस्थिरताका कारण के ?

प्रत्येक १० वर्षमा देशा राजनीतिक द्वन्द्व उठ्ने नेपालको नियति बनेको छ । यो र त्यो "ठीक" को परिभाषाले देशको राजनीतिलाई स्थिर हुन दिएको छैन । प्रत्येक शासन प्रणालीको १० वर्षमा परिभाषा बदल्ने प्रवृत्ति के हुन् कसैले यसको गहनतम् विश्लेषण गरेको छैन । राजतन्त्रबाट दिक्क भएर लोकतन्त्रको पाठशाला चलाउनेहरु अहिले राजतन्त्रको गुणगानमा लागेको देख्दा विद्वत धरातल कति कमजोर छ कि विचार बदल्नेको ओइरो लागेको छ । मैले आमनागरिकको चर्चा गरेको होइन, विशेषज्ञहरुलाई संकेत गरेको छु । पद, पैसा, सुविधायुक्त विशेषज्ञहरु (हरेक क्षेत्रका) दर्शन विज्ञानका समयानुकूल परिभाषा गरी कन्फ्युजन उत्पन्न गर्नेको अर्थ के ?

दुई तिहाईको विशालकाय सरकार उठ्नै सकेन । हिंड्नेको के कुरा गर्ने । देशको कायापलट गर्ने दुई तिहाइको स्थिर सरकारले यति ठूलो अवसर गुमाएको कारण देश र जनताप्रतिको उदासीनता हो । आफू सरकारमा बनिरहन सामान्य बहुमत काफी छ ठान्ने प्रवृत्तिले देशमा अहिले जानी-जानी राजनीति अन्योलता ल्याएको हो । राजनीतिक स्थिरतामा नै देश र जनताको उन्नति प्रगति निहीत रहेकोले भन्नका लागि सबैले यस्ता आदर्शका कुरा गर्छन् तर प्रस्तुत क्रियाकलाप देशलाई अस्थिरतामा लैजाने प्रयासका हुन्छन् । देश विकासका ठोस एजेण्डा र इमान्दारीपूर्वक कार्यान्वयन, विचारप्रति निष्ठावान र उच्च मनोवलका साथ अगाडि बढ्ने कुनै राजनीतिक दल नभएकोले देश यस्तै राजनीतिक अन्योलतामा फँसिरहन्छ ।

प्रजातन्त्र, लोकतन्त्र, संघीय गणतन्त्र, समानता, सामाजिक न्याय, मौलिक हक आदि शब्दहरु विश्व दर्शन कोषबाट झिकेर आफ्नो विधानमा राख्नु र सभा सम्मेलन तथा टी.भी.मा भटभटाउनुभन्दा यसको इमान्दारी कार्यान्वयन काफी छ तर बोल्ने र गर्नेको फरक शैलीका कारण व्यवहारमा परिणाम नदेखिएको हो । परिणामको अभावमा सरकार र शासन प्रणालीप्रति वितृष्णा उत्पन्न हुनु स्वाभाविक हो ।

"विपन्नता आर्थिक सहयोगको आधार हो" राजनीतिक मूलमन्त्र बनाएका विगतका शासकहरुले सन्तान शासकहरुलाई त्यसै गुरुमन्त्र हस्तान्तरण गरेबाट सोही नीति अनुसार सुधारिएको प्रणाली चलिरहेको छ । नेपाली राज्यसत्ताले स्थायी रुपमा दुई किसिमका शासक विरासतमा दिएको छ : (१) उदार शासक र (२) अनुदार शासक । राज्यसत्ताको चरित्र नफेरिएका कारण दुवै शासक सामन्ती चरित्रका हुनु स्वाभाविक हो । उदारवादी शासकहरुले नै संसारका सबै दर्शन अभ्यास गरिरहेका छन् । संघीयता र लोकतन्त्रको शासन प्रणालीमा यिनले अभ्यास गराएपनि आफूबाहेक राज्यसत्ताको नेतृत्व गर्ने अधिकार कसैलाई दिएको छैन ।

विरासतमा पाएको विपन्नतालाई आफ्नो सौभाग्य ठान्ने हालका शासकहरु लोकतन्त्रका नाममा संसारसँग गहिरो सम्बन्ध ाबनाएर आशातीत आर्थिक सहयोग ल्याए पनि देशलाई आत्मनिर्भर बनाउने दिशामा किञ्चित सोच बनाउँदैन । आफ्नै शासकवर्गलाई धनी बनाएर शासनसत्ता हस्तान्तरण गर्ने सोचबाहेक अरु केही छैन । विगत तीन दशकको आर्थिक सहयोग र प्रगतिको तथ्यांक देख्दा देश परनिर्भरताको खाडलमा जाँकिदै गएको स्पष्ट छ । दरिद्र मानसिकताका लागि यो लाजको विषय होइन ।

राज्यसत्तामा व्यक्तिगत स्वार्थपूर्तिको लामो समयको अभ्यासले आर्थिक अनियमितता वैधानिक रुपले शासन प्रणालीको अभिन्न अंग बनेको छ । विपन्नताको भिक्षापात्रमा आउने आर्थिक सहयोगको बाँडफाँड पक्ष र विपक्षको इच्छानुरुप हुन्छ । भागवण्डा नपाउने पक्ष र विपक्षले भ्रष्टाचारको कुरा उठाउने गर्दछ । असलमा भ्रष्टाचार संस्थागत वैधानिकता पाएकोले यसलाई सामान्य ढंगले कसैले हटाउन सक्दैन ।

व्यक्तिगत स्वार्थका सत्तामा बेधडक अभ्यासले जनप्रतिनिधिलाई जनअपेक्षाको जिम्मेवारीबाट च्यूत गऱ्यो । लोकतन्त्र र संघीय गणतन्त्रलाई जनउत्तरदायी बनाउने जनप्रतिनिधिको भूमिका गौण भयो र शासन प्रणालीमा रहेका यी दर्शन परिणाममुखी भएन र यसको विरुद्ध आवाज घन्किन थाल्यो । शासकवर्गलाई यो दर्शनसँग कुनै सरोकार हुँदैन । राजतन्त्र पुनर्स्थापना भएपनि यी शासकवर्ग रहिरहन्छ । यिनले आफ्ना आवरण फेर्छ । फेरकै छ । व्यक्तिगत स्वार्थ पूरा गर्ने र राजनीतिमा चिरकालसम्म आफ्नो वर्चस्व बनाइ राख्ने शासन प्रणालीको महत्वपूर्ण अंग बनेकोले नेपाली राजनीतिबाट आदर्श, इमान्दारी, नैतिकता, सिद्धान्तको धरातल खस्किसकेको छ । जनप्रतिनिधिहरु पनि सत्तामा आउँदा ती सबै मानवीय गुणहरु तिलाञ्जली दिएर सत्ता सञ्चालनमा योग्य ठहरिन्छन् ।

राजनीतिमा यसरी नैतिकताको ह्रास भएपछि राजनीतिको स्वरुप अराजक बनेको हो । सिंगै राजनीतिक धरातललाई अनैतिक प्रवृत्तिले कब्जा गरेपछि भूमिकामा रहेका सबै राजनीतिक दल जनताको नजरमा खराब छन् । देशलाई सही दिशामा डोऱ्याउन सक्ने क्षमता कसैमा नभएको जनताको आँकलन छ । विपन्नताको भिक्षापात्र लिएर माग्ने मानसिकतालाई कोही त्याग्न चाहँदैन । आत्मनिर्भर बन्ने दाबा गर्ने तर आत्मनिर्भर बन्ने बाटोमा रहेका अवरोधक तत्वलाई हटाउन कोही चाहँदैन ।

धन कमाउने एक मात्र उत्कट चाहनाको अभ्यास गर्दा गर्दै अनैतिक रुपको चरित्र र सोचको विकास भइसकेको कारण चारैतिर अनैतिक क्रियाकलापको बोलवाला व्याप्त छ । यस्तो माहौललाई राजनीतिक अराजकता भनिन्छ र यसमा सत्य लुक्छ र झुठ चम्किलो र आकर्षक देखिन्छ । सत्तामा हुनेहरु अनैतिक क्रियाकलापलाई नै वैधानिक बुझ्छन् । यसरी सीमित व्यक्तिमा न्याय नियन्त्रित हुँदा जनताको अपेक्षा पूरा हुँदैन र असन्तुष्टता बढेर जान्छ । यही जनआक्रोश आन्दोलनको रुपमा प्रस्फुटित भई सरकार र प्रणालीमाथि नै प्रश्न खडा गरिदिन्छ ।

janukjha24@gmail.com

# उपेन्द्रजी र डाक्टर साहवहरूलाई नपचेको हुनसक्छ

**राजु चौधरी**
**युवा नेता, जसपा**

धेरैलाई मज्जा लाग्दै होला जसपा भित्रको विवाद । एकले अर्कालाई कार्वाही, धेरैले अगामी दिनका लागि गुणाभाग पनि गर्न भ्याई सकेको हुनु पर्छ । आधिकारिक रूपमा विभाजनका लागि प्रार्थना र पुरै दम पनि लगाउँदै देखिन्छ । कुनै पनि पार्टी विभाजन हुनु राम्रो होइन र लोकतन्त्रका हिसाबले पनि सही मानिदैन । त्यसमा पनि उत्पीडित, मधेशी, थारू, मुसलिम, आदिवासी जनजातिलगायतको हकअधिकार, समानता र पहिचानका लागि एउटा वैकल्पिक शक्तिको रूपमा खडा गरेको पार्टी जसबाट धेरैलाई आशा र भरोसा पालाएको थियो । तर लामो बाटो तय गर्न नसक्ने अवस्थाको कारक मात्र व्यक्तिगत स्वार्थ र व्यक्तिगत प्रतिशोधले ग्रसित देखिन्छ ।

त्यो स्वार्थ र प्रतिशोधले केही असर त गर्ने नै भयो तर यसले गर्ने क्षतिको भरपाई कसले गर्ने ? एउटा कुरा के बुझ्नु पर्ने हुन्छ राजनीतिमा कोही स्थायी दुश्मन हुँदैन सबै परिस्थितिले सृजना गर्ने हो, झन हामी त flexible हुनु पर्ने होईन र..? हाम्रा अझ धेरै मुद्दाहरू ओलझेलमा परेको अवस्था छ । हाम्रा लागि थोरबहुत सबै एकै हुन अनि हामी किन कुनै व्यक्तिसँग यति चिढेको ? उधारो सम्झौता धेरै भयो नगद मा हुन लाग्दा किन उधारोको कुरा गरेको ?

विगतको अनुभव त पक्कै होला सम्झौता माथि सम्झौता... । त्यसैले यसमा जशभन्दा मुद्दा सम्बोधन हुनेतिर केन्द्रित भएर लागेको भए पक्कै पनि ठूलो वैकल्पिक शक्ति हुने थियो । उपेन्द्रजीसँग संगठन निर्माण गर्ने क्षमता, डा.बाबुरामजीको बौद्धिकता र महन्थजीको लामो निष्ठाको राजनीतिक अनुभव र राजेन्द्रजीको मधेशी इमेज र संघर्षसँगै अरू नेताहरूको आफ्नै विषेशताको संगमले ठूलो आकार निश्चय नै लिने थियो । तर घ्यु नपचे जस्तै भयो । ओलीजीमा अलोकतान्त्रिक चरित्र देख्नेहरू अलि आफूभित्र पनि हेर्दा आज यो अवस्था हुन्थेन जस्तो लाग्छ ।

दुईबुँदे उधारो सम्झौता गरि उपेन्द्रजीहरू मन्त्री बन्दासम्म सब ठिक र ओली सरकारको प्रवक्ता भई वकालत गर्दै हिंडेका सम्झना अझ सबै सामु छ.. । त्यसैले धेरै चरित्रवान बन्ने काम नगरौं, अर्को डाक्टर बाबुरामजी दिनमा ठूलो-ठूलो क्रान्तिकारी कुरा गर्दै हिडने अनि राति राति ओलीजीलाई भेटेर प्रधानमन्त्रीका लागि याचना गर्ने जो महेश बस्नेतको पुष्टिलाई डाक्टर साहवले पनि घुमाउरो हिसाबले स्विकारेकै हो ।

त्यसैले प्रतिगमनको राजनीति पार्टीभित्र उपेन्द्रजी र डाक्टर सहावहरूले गरेको हो भन्ने बुझिन्छ । अग्रगमन र निकासको राजनीति महन्थजी र राजेन्द्रजीहरू गर्दैछन् । त्यसैले उहाँहरूको लाइनलाई नस्विकार्नु राजनीतिक बेइमानी हो । अर्को कुरो के बुझ्नु जरूरी छ भने ओलीजीको यहाँ वकालत कोही गरेकै छैन । ओलीजीमा हिजो जुन दम्भ थियो आज पनि छ, धेरैले भन्ने गरेको सुन्छु । अलोकतान्त्रिक चरित्र हावी छ उहाँमा हो त्यसमा पनि सत्यता होला । तर, राज्यसत्ता उहीँको हातमा छ । देशको प्रधानमन्त्री पनि उहाँ नै हो र संघर्षरत पक्षले आफ्नो मुद्दा र माग उहाँसँगै राख्ने हो । त्यसैक्रममा कारण जे होस् उहाँमा देखिएको सकारात्मक परिवर्तनको हामी उपयोग गर्ने कि त्यसलाई विरोध गरेर अवसर गुमाउने..??

क्रमिक रूपमा उपलब्धिहरू नभएका होइन, त्यसलाई आत्मसात गर्ने कि नगर्ने ? पाएका उपलब्धिहरूलाई जोगाउँदै अगाडिका लागि संघर्षरत रहनुपर्नेमा आयातित आन्तरिक विवाद पार्टीभित्र सृजना गरी के देखाउन खोजे को ? यो पार्टी सबैको साझा हो हामी ठूला-ठूला लफडामा पर्ने होइन हाम्रा लागि जुन जोगी आए कानै चिरेको जस्तै हुने हो । त्यसैले आफ्नो मागमा केन्द्रित हौं, जो सरकारमा छ उसैसँग वार्ता हुन्छ, चाहे त्यो ओली होस् वा देउवा वा प्रचण्ड त्यो कुरा उपेन्द्र जी र डाक्टर बाबुरामजीहरू बझिदिनु पर्छ । हामी एकताका लागि अन्तिम प्रयास गरौं हुने हो भने नत्र मन नमिलेको खण्डमा छुट्टिने अधिकार सबैमा छ नै । तर यो कुनै दुई व्यक्तिको सम्बन्ध विछेद को कुरा होईन । यो एउटा गन्तव्यमा पुग्ने लागेको यात्रा जसमा सवार सम्पुर्ण उत्पीडनमा परेका वर्ग र समुदायहरू र पहीचानवादी परिवर्तनकारी शक्तिहरूजो अग्रगमनको सपना देखेका छन् । ती सबैसँग धोका हुने छ । सवाल हामी कसैलाई प्रधानमन्त्री बनाउन र आफू मन्त्री बन्नलाई ती प्रतिबद्धताहरूलाई तिलाञ्जली दिने होईन । ओलीजीसँग व्यक्तिगत टकरावका कारण सिंगो पार्टी र उपलब्धिहरूलाई दुर्घटना गराउने काम उपेन्द्र जी र डाक्टर साहवहरूको जायज मानिने छैन । यसको सबैले हिसाब लिनु पर्छ । अहिलेको लाइन महन्त-राजेन्द्रजीहरूकै सही हो र बडो सुझबुझका साथ नगदमै मुद्दा सम्बोधन गराउँदै बडो चलाखी र अडानका साथ सम्मानपूर्वक अगाडि बढ्दै गएको देखेर उपेन्द्रजी र डाक्टर साहवहरूलाई नपचेको हुनसक्छ । तर, विगतमा उहाँहरूले पुऱ्याउनु भएको योगदानप्रति अझ मेरो सम्मान छ र उहाँहरूको समाजवादी केन्द्रलाई शुभकामना !

# प्रदेश सरकारले पूरै बजेट प्रत्यक्ष रोजगारी सिर्जना हुनेतर्फ केन्द्रित गर्नुपर्छ



ई.बसन्त कुशवाहा
राष्ट्रिय उपाध्यक्ष, जनमत पार्टी

**० आर्थिक वर्ष २०७८/७९ को बजेटबारे जनमत पार्टीको धारणा के छ ?**

– नेपाल सरकाले प्रस्तुत गरेको बजेटमा सबभन्दा वैदेशिक ऋणबाट उठाउने र बाहिरी सहयोगबाट जुटाउने कुरा राखिएको छ यो राम्रो कुरा होइन । यसले देशमाथि ऋण थप्नेछ । अर्को कुरा चुनाव पनि आउँदैछ र चुनावको घोषणा पनि भएको छ । यस्तो अवस्थामा चुनाव लक्षित र प्रचार-प्रसारसँग सम्बन्धित देखिएको छ ।

अर्को कुरा, पुरा वैश्विक महामारी कोरोना भाइरसबाट जुधिरहेको छ । अहिलेको अवस्था भनेको मुलुकका लागि कोरोना महामारीबाट बच्नका लागि भ्याक्सिन र स्वास्थ्य क्षेत्र प्राथमिकतामा हुनुपर्दथ्यो । तर त्यस्तो देखिएको छैन । यी कुरा बजेटको नकारात्मक पक्षहरु हुन । तर बजेटका केही सकारात्मक पक्षहरु पनि छन् । जस्तै, वृद्ध भत्ता प्रति महिना चार हजार पुर्‍याइएको छ ।

**० आजको आवश्यकता के हो ?**

– आजको आवश्यकता भनेको हाम्रो मुलुकका बेरोजगार युवाहरुका लागि रोजगारी हो । खासगरी युवाहरुको बेरोजगारीमा ध्यानमा पुर्‍याउन पर्छ । तर यो बजेटमा रोजगारी लक्षित देखिएको छैन ।

**० मधेशको सन्दर्भमा बजेटलाई कसरी हेर्न सकिन्छ ?**

– हामीले बजेटलाई मधेशलाई केन्द्रमा राखेर विश्लेषण गर्नुपर्छ । अहिलेसम्म जति पनि बजेट आएका छन्, कुनै पनि बजेटले मधेशलाई प्राथमिकता दिएको देखिँदैन । मधेशको विकास, समृद्धि र उन्नतिलाई उकास्ने खालको बजेट अहिलेसम्म नेपालमा देखिएको छैन । त्यसैले हाम्रो यो बजेट पनि विगतकै निरन्तरताको रुपमा हामीले हेरिरहेका छौं । यसमा पनि मधेशको विकास र समृद्धिका विषयहरु समेटिएको छैन । त्यसकारण हामीले यो बजेटलाई पनि मधेशको दृष्टिकोणले खासै महत्वका साथ हेर्न सक्दैनौं ।

**० मधेशलाई संघीय सरकारले बजेट कम दिँदा पनि ती बजेट समुचित तरिकाले खर्च भएको हुँदैन । अधिकांश बजेट त फ्रिज नै हुन्छ भने धेरै बजेट दिएर पनि के गर्ने त ?**

– विगतका बजेटझैं यस आर्थिक वर्षको बजेट पनि मधेशको लागि हर्ष न विष्मात्को देखिएको छ । तर पनि मधेशलाई जति बजेट दिइन्छ त्यसको सदुपयोग भएको देखिँदैन । खासगरी प्रदेश २ कै बजेटलाई हेर्ने हो भने संघीय सरकारबाट जहिले पनि बजेट कम दिइन्छ तर त्यो बजेटको न्यून भाग पनि सदुपयोग भइरहेको छैन । अहिले चालु आर्थिक वर्षको बजेटलाई नै हेर्ने हो भने प्रदेश २ को सरकारले जम्मा २०-२५ प्रतिशत बजेट पनि सरकार गर्न सकेको छैन । बाँकी सबै बजेट फ्रिज नै हुने अवस्था छ । यसैगरी पालिकाहरुको बजेट पनि हेर्ने हो भने त्यो पनि विकास निर्माण वा जनतासँग सरोकार राख्ने विषयमा खर्च गर्न सकेको छैन ।

**० प्रदेश २ मा बजेटको अवस्था के छ ?**

– प्रदेश २ का कुनै पनि पालिकाले आधा बजेट पनि खर्च गर्न सकेको छैन । एक त नेपाल सरकारको तर्फबाट विभेद त छँदैछ छ तर मधेशकै प्रतिनिधिहरुले पाएको बजेट मधेशका लागि खर्च गर्न सकेको छैन । यसको मूल कारण भनेको प्रदेश वा स्थानीय सरकारका प्रतिनिधिहरुसँग बजेट कसरी खर्च गर्ने भन्ने उद्देश्य नै छैन । यहाँका प्रदेश वा स्थानीय सरकारका प्रतिनिधिहरुले कमिशनमा मात्रै काम गरिरहेका छन् । जहाँबाट कमिशनबाट त्यहाँ मात्रै बजेट खर्च गर्ने गरेको देखिएको छ । अहिलेसम्म खासगरी प्रदेश २ मा बजेट प्रयोग भनेको कमिशनलाई मात्रै प्राथमिकतामा राखेको देखिन्छ । एक त बजेट कम आउँछ र आएको बजेट पनि यहाँका स्थानीय तहहरुले खर्च गर्न सकेको हुँदैन । त्यसैले जनमत पार्टी आएको हो । समानुपातिक हिसाबले बजेट आउनुपर्‍यो र पूराका पूरा बजेट मधेशको विकास र समृद्धिका लागि खर्च हुनुपर्‍यो । त्यो हिसाबले हामीले कार्यक्रमहरु पनि ल्याएका छौं । हामीले १० युवालाई रोजगारीको योजना ल्याएका छौं । त्यो भनेको जुन बजेट आउँछ त्यसलाई नै रकमान्तर गरेर रोजगारी सिर्जना हुने खालका कार्यक्रमहरु गरियो भने मात्रै सर्वसाधारण जनताको जीवनमा परिवर्तन आउँछ भन्ने हाम्रो सोचाइ हो ।

**० प्रदेश २ सरकारले आगामी वर्षको बजेटमा पनि मधेशलाई उपेक्षा गरियो भन्ने प्रतिक्रिया दिएको छ, यसलाई कसरी हेर्नुहुन्छ ?**

– प्रदेश २ का मन्त्रीहरुले प्रतिक्रियाका लागि मात्रै प्रतिक्रिया दिनुभएको हो । चालु आर्थिक वर्ष प्रदेश २ सरकारसँग ३३ अर्ब बजेट थियो, जसमा अहिलेसम्म ३० देखि ३५ प्रतिशतसम्म बजेट मात्रै खर्च गर्न सकेको छ । प्रदेश २ सरकारलाई त दिएको बजेट पनि खर्च गर्ने क्षमता, ज्ञान र भिजन छैन भने जति दिएपनि प्रदेश सरकारले गर्न सक्ने अवस्था नै छैन । भनेपछि प्रदेश सरकारका मन्त्रीहरु परीक्षण भएर असफल भइसकेका पार्टी र व्यक्तिहरु छन् । त्यसैले जनमत पार्टी नयाँ भिजन र विकासको एजेन्डाका अगाडि बढिरहेको छ । हामी नेतृत्वमा आएपछि मात्रै यहाँको बजेट सदुपयोग हुन्छ र जनताले विकास र समृद्धिको अनुभूति गर्न पाउनेछन् ।

**० तर प्रदेश सरकारसँग पर्याप्त कर्मचारी छैन, संघीय सरकारले कानून बनाउन सकेको छैन भन्ने कुराहरु पनि छन् नि ?**

– 'खाने मुखलाई जुँगाले छेक्दैन' भनेजस्तै यदि मान्छेमा क्षमता छ भने एउटा मान्छेले धेरै काम गर्न सक्छन् । पहिलो कुरा त प्रदेशका मन्त्रीहरुसँग भिजनको कमी छ र प्राविधिक ज्ञानको पनि कमी छ । माथिको व्यक्तिसँग काम गर्ने ज्ञान हुँदैन भने तलको कर्मचारीले पनि टेर्दैन । अहिलेको प्रदेश २ को मन्त्रिमण्डल भनेको त्यस्तै हो ।

**० प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेट पनि तयार गर्दैछ, यसमा जनमतको सुझाव के हो ?**

– अब यो प्रदेश सरकारको कार्यकाल करिब डेढ वर्ष समय बाँकी छ । यो अवधिमा यदि गर्न चाह्यो भने प्रदेश सरकारले पूरै बजेट प्रत्यक्ष रोजगारी सिर्जना हुनेतर्फ केन्द्रित गर्नुपर्छ । जसमा कृषि आधुनिकीकरण, औद्योगिकीकरण लगायतमा बढी केन्द्रित गर्नुपर्ने हो ।

**० अहिलेसम्म प्रदेश सरकारको बजेट केमा केन्द्रित छ त ?**

– अहिले प्रदेश सरकारको प्राथमिकता भनेको एउटै सडकलाई पटक-पटक बनाउने, भत्काउने, नाला बनाउने, कमिशनमा योजना बाँड्ने लगायतकै वरिपरि देखिन्छ । त्यसबाहेक पोखरीको सौन्दर्यीकरण गर्ने, मठमन्दिर बनाउने, भवन बनाउने त्यो पनि पूरा काम नगर्ने, बजेट छैन भने फेरि त्यहीं काममा बजेट छुट्याउने लगायतका कामहरु भइरहेका छन् । भनेपछि घुमाइफिराइ एउटै कुरामा प्रदेश सरकारको प्राथमिकता देखिएको छ ।

**० अहिले प्रधानमन्त्रीले गर्नुभएको संसद विघटनलाई जनमत पार्टीले कसरी लिएको छ ?**

– संसदीय प्रणालीमा अहिलेसम्म हामी कहीं पनि प्रतिनिधित्व गरिरहेका छैनौं । त्यसैले चुनाव हुनु नै हाम्रो लागि सबभन्दा उत्तम विकल्प हो । राजनीतिक पार्टी भइसकेपछि चुनाव जानु र जीत हासिल गर्नु नै मूल उद्देश्य हुन्छ । भनेपछि चुनाव होस् नै हाम्रो चाहना हो । अहिले यो मुद्दा अदालतमा विचाराधीन छ । यदि चुनाव भयो भने हामी भाग लिन्छौं । हामीले चुनावको तयारी पनि सुरु गरिसकेका छौं । हामीले चुनावलक्षित कार्यक्रमहरु नै अगाडि बढाएका छौं । संघीय चुनाव भयो भने मधेशका हरेक जिल्लामा हाम्रा उम्मेदवारहरु आउने छन् ।

**० संविधान विपरीत तरिकाले प्रधानमन्त्रीले संसद विघटन गरी चुनावको घोषणा गर्नुभएको भन्ने आरोपहरु छन् नि ?**

– अहिलेको संविधान नै अधुरो हो । हतार-हतारमा लेखिएको अधुरो संविधानमा दोधारे अर्थ लाग्ने वाक्यांशहरु छन् । संविधानलाई कसरी व्याख्या गर्ने भन्ने भर अहिलेका न्यायाधीशहरुमाथि नै छन् । त्यसैले हामी यो ठिक वा बेठिक भन्ने अवस्थामा छैनौं ।

# उपेन्द्र यादवको कदम एकपक्षीय, अराजक र गुटगत



डा.सुरेन्द्र झा
केन्द्रीय कार्यकारिणी समिति सदस्य
जनता समाजवादी पार्टी नेपाल

**० जनता समाजवादी पार्टी नेपालभित्र एउटाले अर्कोलाई कारबाही गर्ने भइरहेको होडबाजीलाई जनताले कसरी बुझ्ने ?**

– जनता समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरलाई उपेन्द्र यादवले कारबाही गरिएको भन्ने कुरा अत्यन्त दुर्भाग्यपूर्ण अवस्था हो । खासगरी आदरणीय महन्थ ठाकुरजी पार्टीको प्रथम अध्यक्ष र उहाँले अगुवाई गरेको र आह्वानमा भएको मधेश-थरुहट आन्दोलन, आदिवासी जनजाति आन्दोलन र सबै आन्दोलनसँग सम्बन्धित माग मुद्दाहरु सम्बोधनका लागि उहाँले अग्रसरता देखाउनुभएको छ । त्योअनुसार कतिपय माग मुद्दाहरु अहिलेको सरकारबाट सम्बोधन पनि भएको छ । मधेशी र थारुहरुको मुद्दा सम्बोधन हुन लाग्यो भनेर अहिलेको परिस्थितिमा उपेन्द्र यादवबाट जुन गैरराजनीतिक चरित्र देखाइएको छ, यसले संकट अवस्था सिर्जना गरेको छ । उपेन्द्र यादव व्यक्तिगतरुपले एउटा कुण्ठाग्रस्त भएर १८ महिना केपी यही ओली नेतृत्वको सरकारमा बसेर देशविदेश शयर गर्नुभयो, आर्थिक लाभ लिनुभयो तर कुनै काम गराउन सक्नुभएन । अहिले जुन कामहरु भइरहेका छन्, त्यो उहाँलाई असह्य भएर पार्टीमा वितण्डा मचाउन खोज्नुभएको छ । त्यसैले यो दुर्भाग्यपूर्ण अवस्था हो ।

**० तपाईंहरुले वैकल्पिक शक्ति निर्माण गर्ने भन्नुभएको थियो, यस्तै हुन्छ त वैकल्पिक शक्ति ?**

– जसपाभित्र रहेका तमाम संघर्षशील नेता कार्यकर्ता जो मधेश, थरुहट, आदिवासी जनजाति आन्दोलनमा योगदान पुर्‍याएका छन्, जो समानताको अधिकारका लागि लडिरहेका छन् ती साथीहरुसँग विनम्रतापूर्वक अनुरोध छ कि आफ्ना साथीहरुमाथि मुद्दा लागेका, जेलमा छन् भनेपछि एउटा पार्टी अध्यक्षको दायित्व हुन्छ कि तिनीहरुको माग र मुद्दा सम्बोधन गराऔं र हुनुपर्छ भन्ने ढंगले अगुवाई गर्ने । अहिले उपेन्द्रजीले गैरराजनीतिक चरित्र देखाइरहनु भएको छ । उहाँबाट जुन कामको थालनी भयो त्यसमा पार्टीभित्र अराजकता हुँदैन भनेर महन्थ ठाकुरजीको तर्फबाट पनि कारबाही अगाडि बढेको हो । त्यसले गर्दा जसपाभित्र एउटा विग्रह देखिन्छ । यसले गर्दा विभेदमा परेका नागरिकहरु खासगरी मधेश र थरुहटको जनसमर्थनले बनेको यो पार्टी हो । मधेश आन्दोलनबाट बनेका नेता उपेन्द्र यादवले आज मधेश र थरुहटका जनताको अधिकारलाई संकुचित गर्ने, आफ्नै आन्दोलन नेता कार्यकर्ताहरुलाई अप्ठ्यारोमा पार्ने, तिनीहरुलाई अधिकार सम्पन्न हुन नदिने भूमिका खेलिरहनु भएको छ । यसले हामीलाई आश्चर्यचकित बनाएको छ । के कारणले उहाँ यस्तो गतिविधि गर्दै हुनुहुन्छ, कसको उक्साहटमा गर्दै हुनुहुन्छ, कसको मनोवल उहाँ पूरा गर्दै हुनुहुन्छ त्यो हामीले बुझ्न सकेका छैनौं ।

**० दुवै पक्षले एकले अर्कोलाई हटाएको पत्र निर्वाचन आयोगमा बुझाएका छन्, आधिकारिक जसपा कसलाई मान्ने त ?**

– जसपाको आधिकारिकताको सवालै होइन । राजनीतिक जीवनमा सबैभन्दा ठूलो आधिकारिकता भनेको जनताले भोगिरहेका समस्या र मुद्दाहरु र जनता कोसँग छ ? कसले ती मुद्दाहरुको अगुवाई गर्छ र जनताको समर्थन कोसँग छ, यो सबैभन्दा ठूलो विषय हो । हामीले जहिले पनि राज्यद्वारा वहिष्करणमा पारिएका र उपेच्छित जनसमुदायको अधिकार र पहिचान स्थापित गर्ने उद्देश्यले सधै आफ्नो माग मुद्दाहरुलाई प्राथमिकतामा राखेको सर्वविदितै छ ।

**० उपेन्द्र यादवले गरेको कारबाही गलत र महन्थ ठाकुरले गरेको कारबाही सही कसरी हुनसक्छ ?**

– २०७२ साल असोज ३ गते अपूर्ण संविधान जारी भए देखि नै जबसम्म हाम्रो माग मुद्दा पूरा हुँदैन तबसम्म न चनावमा भाग लिने न सरकारमा भनेर आम जनसमुदायसँग प्रतिवद्धता थियो । जस अनुसार जबसम्म संविधान संशोधनको प्रस्ताव सदनमा अगाडी बढाइएन तबसम्म हामी स्थानीय तहको दुई चरणको चुनावमा भाग लिएनौं तर उपेन्द्रजीहरु प्रतिवद्धताबाट भागे । त्यति मात्रै होइन प्रतिनिधिसभा र प्रदेशसभाको चुनावपछि हामीले हाम्रा माग मुद्दा सम्बोधन गर्ने सर्तमा सरकारलाई बाहिरैबाट समर्थनमा गर्यौं र एक वर्षसम्म पनि माग सम्बोधन नभएपछि समर्थन फिर्ता लियौं तर उपेन्द्रजी सत्तालोलुप भएर सरकारमै सहभागी भए र एउटा सिन्कोसम्म भाँच्न सकेनन् र जबसम्म अपमानजनक रुपमा तिनलाई सरकारबाट लखेटिएन तबसम्म सत्ताको रसोस्वादन गरिरहे ।

**० उपेन्द्र यादवले जसरी सुरुदेखि नै प्रधानमन्त्री ओलीको विकल्प खोज्नुपर्छ भन्दै आउनुभएको छ, यसमा पनि त तर्क छ नि ?**

– पछिल्लो घटना क्रममा प्रधानमन्त्रीजीसँगको व्यक्तिगत कुण्ठा र पूर्वाग्रहले गर्दा आज वर्षोदेखिको सम्बोधन गराउन बाँकी रहेको माग मुद्दाहरु सम्बोधन गराउने सन्दर्भमा १३९ जना आन्दोलनकारीहरुको मुद्दा फिर्ता गरिएको छ तथा केही मुद्दा फिर्ताको प्रक्रियामा छ, नागरिकताको सन्दर्भमा संविधान जारी भएको मितिदेखि जन्मसिद्ध नागरिकका सन्तानहरुले नागरिकता पाइरहेका थिएनन् जसले गर्दा शिक्षा, रोजगारी लगायत राज्यबाट पाउने सुविधाबाट बञ्चित थिए जसलाई अध्यादेश मार्फत सम्बोधन गरिएको छ, संविधान संशोधनको सवालमा उपेन्द्रजीले बनाउन नसकेका संविधान संशोधन कार्यदल बनाइएको छ र छिटै यसको परिणामहरु पनि देखिने छ तथा अन्य पनि बाँकी रहेका मागहरु सम्बोधन गराउन पहल भइरहेको छ । तर आफूले जस नपाउने तुच्छ सोच र उधारो सहमति गरी भोलिको दिनमा सत्तालिप्साको अभिलासा पूरा गर्ने बाटो नै बन्द हुने देखेर आफ्नो व्यक्तिगत महत्वाकाक्षांका लागि राजनीतिक आवरण दिई फेरि जनतालाई धोका दिने कार्य शुरु गर्न खोजेका छन् ।

**० केपी ओली सुरुदेखि नै संघीयता र संविधानका विरोधी मान्छे हुन्, त्यसलाई साथ दिएकोले महन्थ ठाकुरसहित चारलाई पार्टीबाट निकालिएको उपेन्द्र यादवको तर्क छ नि ?**

– यदि उपेन्द्र यादवलाई यो कुरा यति राम्रोसँग थाहा थियो भने उही ओली सरकारमा किन मन्त्री बन्न जानुभयो त । १८ महिनासम्म मन्त्री बन्नुभयो, विदेश भ्रमण गर्नुभयो र विदेश भ्रमणमै रहेको बेला उहाँलाई कानूनमन्त्रीमा झारियो । सबैभन्दा बढी माया केपी ओलीले मलाई गर्नुहुन्छ भन्ने मान्छे त्यही उपेन्द्र यादव होइन ? भनेपछि त उपेन्द्र यादवलाई यो नैतिकता छ ? आज मधेशका जनताले सबै कुरा बुझिसकेका छन् । उपेन्द्र यादवले अहिलेसम्म के-के गरे सबैलाई थाहा छ । कुन-कुन मुद्दाको सम्बोधन गरायो त्यो पनि थाहा छ । त्यसैले यस्तो बेतुकको कुरा गर्न उहाँलाई सुहाउँदैन । केपी ओली संघीयता र संविधान विरोधी थिए भने उसको सरकारमा नगएको भए हुन्थ्यो नि ।

**० उपेन्द्र यादवसँग टक्कर लिने नेताहरुको राजनीतिक भविष्य नै समाप्त भएको भन्ने तर्कहरु उनका समर्थकहरुले गर्दै आएका छन् नि ?**

– उपेन्द्र यादवको पार्टी राति फुट्न लाग्दा भौतारिँदै हिडेको कुरा सबैलाई थाहा छ । त्यो रातको घटना कसैसँग लुकेको छैन । उपेन्द्रसँग छुट्टिएर जाने होइन, पार्टीमा निकाल्छौं । जसपामा उपेन्द्र यादव सुध्रेर आउनुपर्‍यो या त अर्कै पार्टी गठन गरोस् । महन्थ ठाकुरको राजनीति समाप्त गर्न उपेन्द्रले अर्को जन्म जन्मिनुपर्छ ।

**० रातारात एकीकरण गर्नुपर्ने महन्थ ठाकुरलाई किन आवश्यकता महसुस भयो त ?**

– त्यो बेला हामीले उत्पीडित र शोषिक वर्ग समुदायको अधिकारका एकजुट हुनुपर्छ भन्ने भावनाका साथ एकीकरण गर्न पुगेका थियौं । उपेन्द्र पार्टी विभाजन जोगाउनुभन्दा पनि जनभावनालाई कदर हामीले एकीकरण गरेका थियौं । तर अहिले हामीलाई लागिरहेको छ कि सर्पलाई दुध खुवाएको जस्तो अनुभव भइरहेको छ । हामीले उहाँको पार्टी जोगाइदियौं तर हामीलाई थाहा थिएन कि पछि यस्तो काम गर्नुहुन्छ भनेर । उहाँले विभिन्न तानावाना बुन्नुभयो, षड्यन्त्र मात्रै गर्नुभयो, गुटगत राजनीतिमै रुम्लिनुभयो । उहाँ एकपक्षीय र अराजक ढंगले हिंडिरहनुभएको छ, राजनीतिक चरित्र नै देखिएको छैन । त्यस्तो अवस्था सिर्जना गरेपछि पार्टीले उहाँमाथि अंकुश लगाउँछ नै । म अध्यक्ष भएँ भनेर जे मन लाग्छ त्यहीं गरेर हिंड्न मिल्दैन नि । त्यसैले उपेन्द्र यादवको स्वेच्छाचारिताको विरुद्धमा पार्टीमा आवाज उठेको छ र पार्टीले कारबाही गर्छ । उहाँ जस्तो मानिससँग राजनीतिक जीवनमा काम गर्न गाह्रो छ । त्यसैले शायद होला, विगतमा उहाँको पार्टी ८/१० पटक फुटेको ।

**० तपाईंहरुको संघीय परिषद् अध्यक्ष डा.बाबुराम भट्टराईले त जसपाका नेता कार्यकर्ताहरुलाई भेंडा र बाख्रासँग तुलना गर्नुभयो नि ?**

– बाबुरामजीको कुरा गरेर साध्य छैन । उहाँले संविधान निर्माण गर्नुभयो, आदिवासी जनजाति, मधेशी, महिला, थारुलगायत सबैका लागि प्रतिगमनकारी संविधान निर्माण गर्नुभयो । संवैधानिक समितिको उहाँ सभापति हुनुहुन्थ्यो, हामीले एक हप्ताको समय मागेका थियौं तर उहाँले दिन मान्नुभएन । अहिले सबैले हेरिरहेका छन् कि मधेशीलाई सामाजिक सञ्जालमा होच्याउने खालका ट्वीट गर्नुहुन्छ । उहाँमा मानसिक विचलन आइसकेको छ । जसरी उहाँले भेंडा भेडासँग र बाख्रा बाख्रासँग भनिरहनुभएको छ भने उहाँ के हो ? भेडा हो कि बाख्रा हो ? उहाँ किन भेडा बाख्रासँग आउनुभएको थियो त ? भनेपछि यो फिरन्ते नेताको मानसिक असन्तुलित अवस्थामा उहाँ हुनुहुन्छ । त्यसैले उहाँको बारेमा म टिप्पणी पनि गर्न चाहन्न ।

**० जसपाभित्र केन्द्रीय कार्यकारिणी समितिमा उपेन्द्र यादव बहुमतमा हुनुहुन्छ भन्ने उहाँहरुको दाबी छ नि ?**

– यो दाबी गलत हो । उहाँहरु आफ्नै ढंगले भन्नुभएको छ, यसको परीक्षण भएको छैन ।

# विद्यालय नबनाएका शिक्षामन्त्री



भोला बनिया

धेरै मानिसले कल्पना गर्ने गर्दछन् की कुनै मन्त्री भइसकेको व्यक्तिको गाउँमा पुग्दा त्यहाँ शिक्षा, स्वास्थ्य , संचार , पिउने पानी आदीको व्यवस्था राम्रो भएको हुन्छ । त्यस गाउँका कुनै मानिसलाई रोग , भोक, अशिक्षा अज्ञानताले सताएको हुदैन । गाउँका मानिसहरु सुखी र समृद्धपुर्ण जिवन जिइरहेका हुन्छन् । तर यसको विपरित माधवकुमार नेपाल नेत्तृत्वको सरकारमा शिक्षामन्त्री बनेका सर्बेन्द्रनाथ सुक्लाको गाउँ रुपन्देही जिल्ला सम्मरीमाइ गाउँपालिका वार्ड नं ४ मा रहेको जिगना भन्ने हो । यस गाउँमा अहिलेसम्म एउटा प्राथमिक विद्यालय पनि छैन । यस गाउँका बालबालिकाहरु नजिकै रहेको अर्को गाउँ बिजगौरीको विद्यालयमा पढन बाध्य छन् । धेरै मानिसलाई थाहा नहुन सक्छ की पूर्व शिक्षामन्त्री को गाउँमा विद्यालय नै छैन । तर वास्तविकता यही नै हो जुन उनको गाउँ सम्मरीमाइ गाउँपालिका वार्ड नं ४ जिगनामा गएपछि प्रष्ट देखिन्छ । उनको गाउँपालिकामा एउटा मात्र उच्च मा.वि. रहेकोछ । जुन वार्ड नम्बर ७ को वेतकुइया भन्ने ठाउँमा पर्छ । सर्वेन्द्र नाथ सुक्लालाई जनता समाजवादी पार्टीले आफ्नो स्तम्भको रुपमा हेर्ने गर्दछ । तर भित्र भित्र वास्तविकता अर्कै देखिन्छ । किनभने कुनै पनि मधेश आन्दोलनमा उनको कुनै योगदान छैन । पहिलो मधेश आन्दोलनका क्रममा उनी पूर्वप्रधान मन्त्री सूर्य बहादुर थापाको राष्ट्रिय जनशक्ति पार्टीमा थिए । पहिलो मधेश आन्दोलन पछाडी तराई मधेश लोकतान्त्रिक पार्टी गठन भयो र उनी यस पार्टीमा आवद्ध भए । दोस्रो मधेश आन्दोलनमा शुक्लाको पार्टी तराई मधेश लोकतान्त्रिक पार्टीले आन्दोलनको विगुल फुक्यो तर सुक्ला आन्दोलनमा कहिल्यै पनि गएनन् । बरु भैरहवाको गल्लामण्डीमा रहेको घरमा आरामले बसे ।

जिल्ला स्तरका नेता , कार्यकर्ताहरु प्रहरीको पिटाइ खाए , घाइते भए तर शुक्ला आन्दोलनको नेत्तृत्व गर्न र आन्दोलनकारीलाई बढावा दिन एकदिन पनि घरबाट निस्केनन । यसैले उनलाई पार्टीका धेरै कार्यकर्ताले अवसरवादीको रुपमा हेर्न थाले तेस्रो मधेश आन्दोलनमा भैरहवामा जनलहर नै निस्केको थियो । हामी २ जना पत्रकार शुक्लाको भैरहवाको घरमा गएको थियो । तर आश्चर्य के देखियो भने शुक्ला आफुपनि आन्दोलनमा नजाने अनि उनको क्षेत्र मर्चवारबाट आन्दोलन गर्न आएका कार्यकर्तालाई लडाई हुन्छ भन्दै घरतिर फर्काइ रहेको दृष्य देखियो । यसले हामीलाई निकै नै आश्चर्य तुल्यायो । नेता पनि भन्ने, आन्दोलन गर्न पनि डराउने , अनि आन्दोलन गर्न आएका कार्यकर्तालाई घरतिर पठाउने उद्देश्य देख्दा यिनी त प्रष्ट रुपमा अवसरवादी नेता देखिए नेपालीमा एउटा उखान छ काम गर्ने कालु मकै खाने भालु । अरु नेताहरु प्रहरीको कुटाई खाए, सार्वजनिक मुद्धा खेप्नुपर्‍यो तर आन्दोलनको फाइदा लिनेबेला शुक्ला अग्रपंक्तिमा उभिए । उनको यो मनौवैज्ञानिक चिन्तनले अवसरवादलाई मलजल गर्‍यो ।

मन्त्री बन्न भनेपछि अगाडी कुदने तर आन्दोलन गर्ने भनेपछि ४ कोश टाढा भाग्ने मानिसलाई अब नयाँ बन्ने सरकारमा मन्त्री पद चाहियो रे वर्तमानमा सामाजिक संजालमा नेकपा एमाले नेत्तृत्वको सरकारमा जसपा पार्टीका ७ जना नेताहरु मन्त्री बन्ने निकै नै हल्ला र खल्ला चलिरहेको छ । यि७ मध्ये १ जना सर्वेन्द्रनाथ शुक्लाको नाम पनि रहेको छ । यहाँ प्रश्न उठछ की, चुनाव जितेर आएका सांसदहरु मन्त्री बन्नलाई योग्य छन् भने चुनाव हारेको मानिसलाई जसपा पाटीले किन मन्त्री बनाउन खोजेको हो । शुक्लालाई व्राह्मण भएकै नाताले मन्त्री बनाउन खाजेको वा महन्थ ठाकुरको निकै नै विश्वासी पात्र भएकाले मन्त्री बनाउन खोजेको बुझ्न गाह्रो छ । तर मधेश आन्दोलनमा योगदान गरेका र मधेश मधेशीको लागि सधै लडिरहने नेतालाई मन्त्री बनाउन उपयुक्त हुन्छ । यसले नै मधेशीको शिर माथी गर्छ र मधेशीको छातीलाई फुलाउने काम गर्छ । तर मधेशी जनताले स्वीकार नगरेर धेरै भोटले हराएका व्यक्तिलाई मन्त्री बनाउनु भनको मधेश र मधेशी जनताको अपमान गर्नु बाहेक केही पनि होइन माओवादी द्धन्दकालमा भारत उत्तर प्रदेशको गोरखपुर भन्ने ठाउको शुक्ला कालोनीमा बस्दै आएका सर्वेन्द्र नाथ शुक्ला २०६२/६३ को आन्दोलनको समयमा गोरखपुरमा नै रहेका थिए । माओवादी शान्ती वार्तामा आइसकेपछि मात्र यिनी नेपाल आएका हुन् । यिनको राजनितिक जन्मदर्ताको पार्टी राष्ट्रिय प्रजातन्त्र पार्टी हो ।

राजावादी पार्टीको कुनै भविष्य नदेखेपछि यिनी मधेशी पार्टीमा छिरेका हुन् । यिनी कुनै आस्था विचार बोकेका नेता होइनन् । यदि राजतन्त्र फर्के भने फेरी यिनी आफ्नै पुर्खौली घरको पार्टी राष्ट्रिय प्रजातन्त्र पार्टीमा नै फर्कन्छन् यसमा कुनै दुइमत छैन । त्यसैले पार्टीले मन्त्री बनाउने निर्णय गर्दा पहिलो प्राथमिकतामा चुनाव जितेर आएका सांसदहरु , दोस्रो प्राथमिकतामा समानुपतिक सांसदहरु अनि मात्र चुनाव हारेका मानिसलाई मन्त्री बनाउन उपयुक्त हुन्छ । जसले मधेशीको आत्मसम्मान बढ्छ , उनीहरु पनि आशावादी हुन्छन् की मैले जिताएर पठाएको नेता मन्त्री भएछ भनेर तर चुनाव हारेको व्यक्तिलाई मन्त्री बनाउनु भनेको मधेशको सिद्धान्त र मधेशीको विचारलाई कुल्चनु हो । यसले मधेश र मधेशीलाई सम्मानपूर्वक बाचन सिकाउदैन ।

मधेश आन्दोलन शोषित पिडित जनताको अधिकार प्राप्तिका लागि भएको थियो । तर मधेश आन्दोलनमै सहभागिता नजनाउने व्यक्तिलाई मन्त्री बनाउनु अनुपयुक्त र अपारदर्शी हुन्छ । यसले पार्टीलाई भविष्यमा क्षती पुर्‍याउछ । त्यसैले समयमै सुझबुझ तरिकाले काम गरेको खण्डमा दिर्घकाललाई फाइदा पुर्‍याउछ । उनको गाउपालिका सम्मरीमाइमा ५ वटा माध्यमिक विद्यालय रहेका छन् जबकी ७ वटा वार्ड रहेकोछ । ति विद्यालयहरुमा खानेपानी , डेस्क-बेच्न सरसफाई आदीको अभाव रहेको छ । अर्कातिर शिक्षकको अभाव रहेको छ । गाउँपालिका अध्यक्ष बब्लु शुक्ला उनकै दाजुभाई खलक हुन तर पनि रुपन्देही जिल्लाको सबैभन्दा पिछडिएको गाउँपालिका पूर्वशिक्षामन्त्रीको घर भएको सम्मरीमाई गाउँपालिका रहेको छ । एउटा देश हाक्ने मान्छेले आफ्नो गाउको पनि विकास गर्न नसक्नु देखेर विश्लेषकहरु छक्क पर्दछन् । यहाँसम्म कि उनको गाउँको बाटो यस्तो छ की अलिकति पानी पर्दा पनि चप्पल लाएर हिड्न सकिदैन । ग्राबेल बाटोसम्म पनि बनेको छैन ।

त्यसैले विद्धानहरु तर्क गर्दछन् कि जो मानिस आफ्नो गाउको विकास गर्न सक्दैन त्यो मानिसले कसरी सम्पूर्ण मधेशबासीको विकास गर्न सक्छ । यसैले मधेश र मधेशीको विकास गर्ने मान्छेले सबभन्दा पहिले आफ्नो गाउको विकास गर्न सिक्नुपर्छ । अनीमात्र विकास सबैको कल्याणकारी हुन्छ । यो विकास नै दिगो विकास हुन्छ । म एउटा कुनै पार्टीको कार्यकर्ता होइन न त कुनै पार्टीको पत्रकार संगठनमा लागेर सक्रिय सदस्यको भूमिका निर्वाह गरेको छु । म पत्रकार महासंघ रुपन्देही शाखाको सदस्य हुँ ।

विगत १४ वर्षदेखि पत्रकारिता गर्द आइरहेको छ। जुन कुरामा अन्याय भएको देख्छु त्यसमा कलम चलाउने गर्छु एउटा स्वच्छ पत्रकारको धर्म र कर्तव्य हो । धेरैलाई लाग्छ होला शुक्ला जस्तो पढेलेखेको मान्छेको यो पत्रकारले किन विरोध गरेको होला ? मैले शुक्लाको पढाइको विरोध गरेको होइन उहाँको सामन्ती सोचको मात्र विरोध गरेको हुँ । किनभने उहाँ सोच्नु हुन्छ कि गाउँका बालबालिकाहरु पढेलेखेर शिक्षित भएभने भैले भनेको टेर्दैनन् र आफ्नो हकअधिकार सम्बन्धमा जागरुक हुन्छन् ।

धेरै मानिसको भनाइ रहेको छ कि सर्वेन्द्रनाथ शुक्ला पहाडी मुलको महिलासँग वैवाहिक जीवनमा बाँधिएकोले उनको मधेशप्रतिको लगाव कम छ । हुन त पहाडी मुलका मानिसले मधेशीलाई दोस्रो दर्जाको नागरिकको रुपमा हेर्न गर्दछन् । शुक्ला पनि आफ्नो श्रीमतिको कुरा मान्दै हिडेर मधेशप्रतिको मोह कम गर्न थालेको आलोचकहरुको भनाइ रहेको छ । लामो समयसम्म राष्ट्रिय प्रजातन्त्र पार्टीमा राजनिती गरेका शुक्लासुर्य बहादुर थापाको आर्शिवादले पहिलो पटक मन्त्री बनेका थिए । यसपछि मधेशी पार्टीमा छिरे र पहिलो संविधानसभा निर्वाचनमा पराजित भए । माधव कुमार नेत्तृत्वको सरकारमा चुनाव हरुवाहरु धमाधम मन्त्री बन्न थालेपछि हृदयस त्रिपाठीको भनसुनमा यिनलाई पार्टीले शिक्षामन्त्री बन्न दियो । तर मधेश र मधेशीको लागि कुनै राम्रो काम गर्न सकेनन् । जुन सबैले बुझेका छन् । वौद्धिक स्तरको मानिस भएपनि मधेशीलाई चित्त बुझ्दो कुनै कार्य गरेनन् ।

तेस्रो मधेश आन्दोलन २०७२ सालमा भयो । जहाँ सबभन्दा बढी रुपन्देही जिल्लाका मानिसले ज्यान गुमाए । तेस्रो मधेश आन्दोलनमा २ नम्बर प्रदेशबाट राजेन्द्र महतो रुपन्देहीको सुनौली नाकामा धर्नामा बसे जसले त्यहाँका युवालाई आन्दोलन प्रति आत्मविश्वास बढ्यो र आन्दोलनलाई उत्कर्षमा पुर्‍याउन प्रयत्नशील रहे । यसैगरी हृदयेश त्रिपाठी नवलपरासीबाट रुपन्देहीको सिमाना सुनौलीमा धर्ना आए । उनले पनि आन्दोलनकारीको मनोवललाई वृद्धि गरे । मधेशी नेता कार्यकर्तामा उत्सुकता साथ जोश जागर बढ्यो । तर रुपन्देहीको भैरहवामै रहेका पूर्व शिक्षामन्त्री एकदिन पनि आन्दोलनमा निस्केनन् । भैरहवाको गल्लामण्डलीमा रहेको घरभित्रै बसे । आफूलाई नेता पनि भन्ने अनि आन्दोलनमा सहभागी हुन पनि डराउने दृढ चरित्र भएका मानिसहरु राज्यबाट पछाडी पारिएका, सिमान्कृत वर्ग, पिछडा वर्ग, अल्पसंख्याक वर्ग, महिला वर्गको हितको पक्षमा कामगर्न सक्दैन । जो वर्गहरु आफ्नो हक अधिकारका लागि आन्दोलनमा होमिए । यस्ता वर्गको हक अधिकारको लागि आन्दोलनमा सँगै सहयात्रा गरेको व्यक्ति हुनुपर्छ । अनि मात्र सबै जातजातिको कल्याण हुन्छ ।

यसैगरी शुक्लाको घरमा अब मधेशी उनीमात्रै छन् । उनका अरु सदस्यहरु पहाडिया बनिसके । हरेक व्यक्तिको आन्दोलन गर्नुको लक्ष्य, उद्देश्य , र रणनिती एउटै हुन्छ अधिकार प्राप्त होस । तर हामीले भैरहवामा समाचार संकलनको क्रममा शुक्लालाई एकदिन पनि आन्दोलनमा आएर आन्दोलनकारीलाई जोश जागर प्रदान गर्ने वातावरण सृजना गरेको देखेन । जसले गर्दा आन्दोलनकारीमा उर्जाको मात्रामा कमी देखियो । आन्दोलन नै नगरीकन वर्तमानमा आएर मन्त्री बन्छु भन्ने कत्रो लाजलाग्दो कुरा हो । आन्दोलन गर्नलाई शुक्ला निकै डराउने भएकोले रुपन्देहीका अधिकांश मानिस यिनलाई मेहरा नेताको रुपमा चिन्दछन् । जसको परिणाम २०७४ सालको प्रतिनीधि सभामा शुक्लालाई भोग्नुपर्‍यो । यिनी रुपन्देही क्षेत्र नं ५ बाट निकै नराम्ररी पराजित भए ।

यसले जिल्लामा यिनको इज्जतमा गिरावट आयो । अहिले आएर मर्चवारका जनतालाई विभिन्न प्रलोभनमा पार्न थालेका छन् । शुक्लाको निर्वाचन क्षेत्र मर्चवार लुम्बीनी उब्जनीको लाीग एउटा यस्तो उर्वर ठाउ छ । जहाँ अन्न प्रशस्त मात्रामा उब्जीन्छ । तर त्यहाँका जनताका लागि कृर्षि सम्बन्धि तालिमको कमी छ । त्यस क्षेत्रमा आलु राख्ने कोल्ड स्टोर बनाएको खण्डमा प्रशस्त मात्रामा कृषकहरु आलु खेती तर्फ आर्कर्षित हुन्थे ।

आफ्नो देशका विभिन्न कुनामा त्यहाँको आलु निर्यात हुन्थ्यो । तर यस विषयमा कुनै पनि नेताको , वुद्धिजिवीको ध्यान जान सकेको छैन । यसैगरी त्यस क्षेत्रका मानिसहरुलाई विभिन्न प्रकारका फलफुलका विरुवाहरु जस्तै आपको विरुवा लिचीको विरुवा, बेलौतीको विरुवा आदी दिएर फलफुल उत्पादन तर्फ आकर्षित गर्न सकिन्छ । केरा खेतीमा प्रोत्साहन गरेर जनतालाई आत्मनिर्भर बनाउन सकिन्छ । यसका लागि प्रमुख जिम्मेवारी बोध गर्ने ठाउँ नेताहरुमा जान्छ । तर बिडम्बना चुनावको बेलामा मात्र चर्काचर्का भाषण गर्ने अनि आन्मनिर्भर बनाउने दिवा सपना देखाउने नेताहरु जबसम्म व्यवहारिक रुपमा जनताको लागि काम गर्दैनन् तब सम्म आत्मनिर्भर बन्न जनताहरुलाई कठिन हुन्छ । शुक्लाको निर्वाचन क्षेत्रमा राम्रो अस्पताल पनि छैन यदि कोही व्यक्ति बिरामी परेको खण्डमा भैरहवाको भिम अस्पताल र मेडिकल कलेजमा ल्याउनु पर्ने बाध्यता छ । तर शुक्ला आफुलाई विकासवादी नेता ठान्दछन् । जुन व्यक्तिले आफु चुनाव लड्ने निर्वाचन क्षेत्रमा विकास गर्न सकेको छैन, त्यो व्यक्तिले कसरी सम्पूर्ण मधेश र मधेशी जनताको विकास गर्न सक्छ भनेर धेरै विद्धानहरुले प्रश्न उठाउन थालेका छन् । जुन उनको निर्वाचन क्षेत्रमा गएपछि घाम जस्तै छर्लङ्ग हुन्छ । यथार्थमा यही नै हो ।

यस्ता व्यक्तिलाई मन्त्री बनाउन भन्दा पहिला अध्यक्ष महन्थ ठाकुरले १० चोटी सोच्नुपर्ने देखिन्छ । र यस्ता व्यक्तिहरुका बारेमा अध्यक्ष ठाकुरले पहिचान गर्दे कुनै विशिष्ट प्रकारको जिम्मेवारी नदिन पनि विद्धानहरुको आग्रह छ । त्यसैले रुपन्देही क्षेत्र नं ५ का मानिसहरुले राम्रा विकासप्रेमी नेताको खोजीमा छन् तर अहिले सम्म भेटन सकेका छैनन् ।

# महाअभियान सञ्चालन गर्न माओवादी केन्द्रका नेता शर्माको सुझाव

काठमाडौं । नेकपा माओवादी केन्द्रका नेता रामकुमार शर्माले पार्टीको सांगठनिक संरचना सुधारका लागि नेतृत्वलाई सुझाव दिएका छन् । सामाजिक सञ्जाल फेसबुकमार्फत् नेता शर्माले पार्टीलाई सशक्त, सुदृढ र बलियो बनाउन ५ महाअभियान सन्चालन गर्न सुझाव दिएका हुन । समाजवादको लागि सर्वहारा पार्टी बुँदा अन्तर्गत उनले मार्क्सवाद, लेनिनवाद, माओवाद विचार धाराको आलोकमा पार्टीको सांगठनिक संरचना समानुपातिक समावेशी सिद्धान्तको आधारमा निर्माण गरिनुपर्ने सुझाव दिदै पार्टीको केन्द्रीय स्तरमा रहेको नौकरशाही प्रकृतिको तहगत संरचनालाई परिवर्तन गरी दुई तहको बनाउनु पर्ने र पोलिटब्युरो र स्थाई समिति खारेज गर्नुपर्ने माग उनको छ ।



पार्टीको सबै तहको सम्पूर्ण संरचना बर्गीय/जातीय/लैङ्गिक/दलित/मुस्लिमलगायत ५ समूहमा समावेशी समानुपातिक आधारमा गठन गरिनुपर्ने र यी ५ वटै समूहबाट ५०% महिला, २०%युवा, १५% दलित आ-आफ्नो समुदायको साथै मधेस-पहाडबाट सहभागी हुने गरि अनुपात मिलाउनु पर्ने नेता शर्माले विचार प्रकट गरेका छन् ।

एउटा व्यक्तिले पार्टी र सरकारको एक कार्यकारी पदमा दुई पटक भन्दा बढि बस्न नपाउने व्यवस्था गर्नुपर्ने, कालाबजारी, तस्करी, भ्रष्टाचार, लागुऔषधि सेवन र यौनजन्य क्रियाकलापमा बदनाम भएको लाई पार्टीबाट निष्कासन गरिनुपर्ने र ७० बर्ष उमेर नाघिसकेको व्यक्तिलाई प्रमुख कार्यकारी पदबाट मुक्त गरिनुपर्छ तथा उनीहलाई संरक्षणको रूपमा राखेर पार्टीको सहायक भूमिका दिनुपर्ने उनको सुझाव छ ।

एक परिवार एक युवा स्वरोजगार महाअभियानअन्तर्गत युवा, विद्यार्थी, महिला, मजदुर एवम् किसान संगठनले एकीकृत अभियान अन्तर्गत १८-४० बर्ष भित्रको उमेर समूहका १० लाख युवालाई संगठित गरिनुपर्ने सुझाव उल्लेख गर्दै ५ वर्षमा ५करोड विरूवा उत्पादन गरी स्कूल, क्याम्पस, अस्पताल, सार्वजनिक कार्यालय, धार्मिकस्थल, सडक किनार, नहर तथा एलानी पर्ति खाली जग्गा जमिनमा वृक्षारोपण गर्न उनको सुझाव छ ।

वर्दि बिनाको प्रहरी-नागरिकको प्यारो साथी महाअभियानअन्तर्गत नेता शर्माले पार्टीको पदाधिकारीको नेतृत्वमा सुशासनको लागि भ्रष्टाचार विरूद्धको अभियान सन्चालन गर्न र यसको सागंठनिक संरचना केन्द्र, प्रदेश र स्थानीय तह( ७५३) स्थानमा हुनुपर्ने उनको मत छ । यस्तै, सुशासनको लागि भ्रष्टाचार विरूद्धको अभियान नामक संस्था तीनै तहमा जिल्ला प्रशासन कार्यालयमा विधिवत विधान, नीति, योजना र कार्यक्रमसहित दर्ता गराउनु पर्ने, यो संगठनमा कम्युनिष्ट पार्टीको सदस्यता लिन नचाहने तर महाअभियानमा सहभागी हुन चाहने पत्रकार, नागरिक समाज, अवकाश प्राप्त राष्ट्र सेवक, युवा क्लब, सामाजिक- धार्मिक संघ संस्थाहरू तथा अरू पार्टीमा रहेर पनि अभियानमा सहभागी हुन चाहने व्यक्तिहरूलाई समावेश गर्नुपर्ने उनले सुझाव दिएका हुन् ।

घाइते अपाङ्गलाई गरौ सेवा, देउ सुविधा समान महाअभियानअन्तर्गत घाइते अपाङ्ग व्यक्तिलाई संघीय सरकारमार्फत् ज्येष्ठ नागरिक सरह न्युन्तम जीवनयापनको लागि पेन्सनको व्यवस्था गराउनु, तीन वटै तहमा घाइते अपाङ्ग परिवारबाट उसको योग्यता अनुसार कम्तीमा एक जनालाई प्राथमिकतामा राखेर रोजगारी दिने कानुन मै व्यवस्था, घाइते अपाङ्ग परिवारका बालबालिकालाई गुणस्तरीय शिक्षा निःशुल्क उपचार तथा घर नभएकालाई बासको लागि कानुन मै व्यवस्था गरी स्थानीय तहको जिम्मेवारी दिनुपर्ने नेता शर्माले सुझाव दिएका छन् ।

यसैगरी, सहिद परिवार-सबैको सरोकार महाअभियानअन्तर्गत शहिद परिवारका कम्तीमा एक जना सदस्यलाई उसको योग्यता अनुसार रोजगारी दिनुपर्ने, स्थानीय सरकारमार्फत् शहिद परिवारका बालबालिकालाई निःशुल्क एवम् गुणस्तरीय शिक्षा र स्वास्थ्यको ग्यारेन्टी गरिनुपर्ने, शहिदका आमा बुवालाई जुनसुकै उमेरको भए पनि सम्मान स्वरूप ज्येष्ठ नागरिक सरह पेन्सनको व्यवस्था हुनुपर्ने र शहिद परिवारले व्यापार, व्यवसाय वा साना उद्योग गरी जीवनयापन गर्ने चाहेमा स्थानीय तहको सिफारिसमा ५लाख सम्मको ऋण बिना धितो सहुलियत ब्याज दरमा दिनुपर्ने पनि नेता शर्माको सुझाव रहेको छ ।

## मधेश अपडेट

### दलित बस्तिमा खाद्यान्न वितरण

रुपन्देही । १४ औं गणतन्त्र दिवसको अवसरमा मानव अधिकार तथा शान्ति समाजले रुपन्देहीको सैनामैना नगरपालिका वडा नं. ८ स्थित शान्तिटोल र भड्छाका टोलका कोभिड प्रभावित विपन्न ६० दलित परिवारका बालबालिका एवं जेष्ठ नागरिकलाई रु. ७८ हजारको खाद्य सामग्री सहयोग प्रदान गरेको छ । जेठ १५ गते बिहान शान्ति समाजका सभापति गोविन्द खनाल, अधिकारकर्मी लालहरी पाण्डे, हरिश ढकाल, आजिवन सदस्य बिमलराज भट्टराईसहित पदाधिकारीहरुले चामल, आटा, अण्डा, चनासहितको खाद्य सामाग्री हस्तान्तरण गर्नुभएको थियो । यस्तै शान्ति समाज दाङ शाखाले वैशाख महिना एउटा कारभित्र मृत अवस्थामा फेला परेका ३ जना बालकको परिवारलाई खाद्य सामग्री सहयोग गरेको छ । जेठ १५ गते बिहान शान्ति समाजका वरिष्ठ उपसभापति सुशील बस्नेत, सचिव निर्मल नेपाली र दाङ शाखा सभापति तुलसीराम सुनारले पिडित विपन्न दलित परिवारलाई सहयोग हस्तान्तरण गरेका थिए ।

### अस्पताललाई अक्सिजन कन्सन्टेटर सहयोग

कपिलवस्तु । लुम्बिनीस्थित लुम्बिनी सामाजिक सेवा प्रतिष्ठानले कपिलवस्तु अस्पताललाई २५ लाख मुल्य बराबरका ११ थान अक्सिजन कन्सन्टेटर मेसिन सहयोग गरेको छ । लुम्बिनी सामाजिक सेवा प्रतिष्ठान अर्न्तगत रहेको वोधी इन्स्टिच्युटले क्यानडामा बस्दै आएकी धर्मआमा रबौद्ध धर्मावलम्वी गुरुआमाले संकलन गरेको सहयोगबाट सो अक्सिजन कन्सन्टेटर खरिद गरी कपिलवस्तु अस्पताललाई हस्तान्तरण गरिएको हो । जिल्ला अस्पताल परिसर तौलिहवामा लुम्बिनी सामाजिक सेवा प्रतिष्ठानका तर्फबाट प्रतिष्ठानका संरक्षक भिक्षु मैत्तेय र लुम्बिनीबौद्ध विश्वविद्यालयका प्राध्यापक गुनाखर गैरेले संयुक्तरुपमा सो कन्सन्टेटर प्रमुख जिल्ला अधिकारी चक्रपाणी पाण्डे र अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा. किशोर बन्जाडेलाई हस्तान्तरण गरेका हुन् । कपिलवस्तु अस्पतालमा अक्सिजनको अभाव भएको खबर पाएपछि अभावमा कसैको ज्यान नजाओस् भन्नका लागि सबैको सहयोगबाट कन्सन्टेटर मेसिनलगायत अस्पतालका स्वास्थ्यकर्मीलाई खानानास्ताको प्रबन्ध गरिएको लुम्बिनी सेवा प्रतिष्ठानका संरक्षक तथा लुम्बिनी विकास कोषका उपाध्यक्ष समेत रहेका भिक्षु मैत्तेयले बताए । कपिलवस्तु अस्पतालमा यसरी प्राप्त भएका ११ थान अक्सिजन कन्सन्टेटर मेसिन, विभिन्न व्यक्ति तथा समूहले प्रदान गरेका सिलिण्डर र अस्पतालले आफै प्रवन्ध गरेका सिलिण्डरबाट अब नियमित रुपमा बिरामीलाई अक्सिजन प्रवाह गर्न सकिने अस्पतालका मेसु डा. किशोर बन्जाडेले बताए ।

### छलफल नगरी बजेट आउने शंका

विराटनगर । संघीय सरकारले अध्यादेशमार्फत बजेट ल्याएपछि प्रदेशमा पनि पूर्व छलफल नगरी बजेट आउने आशंका प्रतिपक्षी दलले गरेका छन् । आइतबार प्रदेश प्रमुख सोमनाथ अधिकारी ‘प्यासी’ सँग प्रतिपक्षी दलका नेताहरुले भेटेर प्रदेशसभा नियमावली र प्रदेश आर्थिक नियमावली अनुसार पूर्व बजेट छलफलबाट मात्रै प्रदेशको बजेट ल्याउनुपर्ने बताए । ‘सरकारलाई प्रदेश सभाबाट बजेट ल्याउने वातावरण बनाउन माग हामीले प्रमुखसँग माग गरेका हौं,’ नेपाली कांग्रेस संसदीय दलका प्रमुख सचेतक केदार कार्कीले भने ‘चोरबाटोबाट बजेट ल्याउन पाइदैन ।’ संविधानमा भएको व्यवस्था अनुसार सरकारलाई संविधानको पालना, सचेत गराउन, प्रदेश प्रमुखलाई जानकारी गराईएको कोइराला बताउँछन् । छलफलमा नेपाली कांग्रेसका संसदीय दलका नेता राजिव कोइराला, प्रमुख सचेतक केदार कार्की, सचेतक सुयर्माराज राई, माओवादी केन्द्रका सांसदहरु विजय विस्वास र कुशल लिम्बु तथा जसपा संसदीय दलका नेता जयराम यादव सहभागी थिए । संविधानको पालना गराउने दायित्व प्रदेश प्रमुखको भएको कारण पनि प्रमुखसँग भेट गरिएको जसपाका संसदीय दलका नेता जयराम यादवले बताए । ‘प्रदेश प्रमुखले नै संविधान र ऐन नियमको परिपालना गराउने भएकोले पहिले हामीले उहाँलाई भेटेर आग्रह गरेका हौं,’ उनले भने । महामारीको बेलामा सरकारले प्रदेश सभाबाट नै बजेट ल्याइ सांसदको भावनाको कदर गर्नु पर्ने प्रतिपक्षी दलको माग छ । असार १ गते बजेट ल्याउनु पर्नेमा अहिलेसम्म बजेट अधिवेशन नबोलाएको, पूर्व बजेट छलफल नीति तथा कार्यक्रम ल्याउन चासो नदिएको, कोभिड नियन्त्रणमा कुनैपनि दलसँग समन्वय नगरेको विषयमा समेत दलहरुले प्रदेश प्रमुखको ध्यानाकर्षण गराएका छन् ।

### रौतहटमा पत्रकारिता पुरस्कार स्थापना

रौतहट । रौतहटमा ण्अर्को पत्रकारिता पुरस्कार स्थापनाको घोषणा भएको छ । दिवंगत सञ्चार उद्यमी रामा यादवको नाममा पत्रकारिता पुरस्कारको घोषणा गरिएको हो। नेपाल पत्रकार महासंघ रौतहट शाखाका पूर्व उपाध्यक्ष तथा रेड टेलिभिजनका सञ्चालक जयप्रकाश यादवले आफ्नी पत्नी दिवंगत सञ्चार उद्यमी रामा यादवको स्मृतिमा हरेक वर्ष एकजना सञ्चारकर्मीलाई प्रदान गर्ने गरी रामा यादव स्मृति पत्रकारिता पुरस्कारको घोषणा गरेका छन् । पुरस्कारको राशी २६ हजार एक रुपैयाँ रहनेछ । यसै हप्ता नेपाल पत्रकार महासंघ रौतहट शाखाले वैशाख २९ मा दिवंगत भएका पत्रकार मनोज चौधरीको स्मृतिमा २५ हजार रुपैयाँ राशीको मनोज चौधरी स्मृति पत्रकारिता पुरस्कार स्थापनाको घोषणा भएको थियो । रौतहटका अर्का पत्रकार सन्तोष पौडेलले आफ्ना पिताको स्मृतिमा पनि पत्रकारिता पुरस्कार स्थापना गरेका छन् । एउटा पनि पुरस्कार नभएको रौतहटमा केही महिनामै तीनवटा पत्रकारिता पुरस्कार स्थापना भएको छ ।

### वीरगञ्ज महानगरलाई खाद्यान्न सहयोग

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकालाई एक औद्योगिक समूहले राहतका लागि खाद्यान्न सामग्री सहयोग गरेको छ । शिवशक्ति ग्रुपले महानगरपालिकालाई ६ लाख ८९ हजार रुपैयाँ बराबरको खाद्यान्न सामग्री नगर प्रमुख विजयकुमार सरावगीलाई हस्तान्तरण गरेको छ । ग्रुपले ३६० बोरा चामल, एक हजार किलो दाल र सोयाबिन तेल एक सय लिटर सहयोग गरेको छ । कोरोना महामारीका कारण रोजगारी गुमाएर रोजीरोटीमा समस्या परेकाहरुलाई सहयोग पुगोस् भन्ने उद्देश्यले खाद्यान्न सामग्री सहयोग गरिएको शिवशक्ति ग्रुपका प्रशासकीय अधिकृत महेशजंग पाण्डेले जानकारी दिए । खाद्यान्न सामग्री बुझ्दै नगर प्रमुख सरावगीले विषम परिस्थितिमा आएको सहयोगबाट लक्षित वर्गले नै लाभ लिने बताए । वीरगञ्जमा रेल्वे कटेज, साहेब दरबार सेवा संस्था, सानो पाइला, हन्ड्रेड ग्रुप्स लगायतका संघ संस्थाले रोजगारी गुमाएका विपन्न वर्गलाई लक्षित गरी निःशुल्क भोजन अभियान सञ्चालन गरेका छन् । महानगरपालिकाले त्यस्ता संघ संस्थालाई खाद्यान्न सहयोग गरिरहेको छ ।

### बाँकेका एमाले नेता डम्बर थापाको मृत्यु

नेपालगञ्ज । नेकपा एमालेका नेता डम्बर थापाको कोरोना भाइरसको संक्रमणका कारण मृत्यु भएको छ । एमाले, बाँकेका सचिवालय सदस्य एवं डुडुवा गाउँ कमिटीका इन्चार्ज थापाको नेपालगञ्ज मेडिकल कलेजमा मृत्यु भएको हो । वैशाख २५ गते पीसीआर जाँच गरेपछि थापा नेपालगञ्ज मेडिकल कलेजमा भर्ना भएका थिए। युवा संघ, बाँकेका पूर्व अध्यक्षसमेत रहेका थापाको मृत्युले पार्टीले एउटा अभिभावक गुमाएको एमाले, बाँकेका अध्यक्ष सूर्य ढकालले बताए ।

### सैनिक जवानले रगत दिएर बचाइन् सुत्केरीको ज्यान

जनकपुरधाम । कोरोना संक्रमणको दोश्रो लहरको कारण ब्लड बैंक जनकपुरधाममा रगतको अभाव भएको बेला नेपाली सेनाका एक महिला सैनिक जवानले रगत दिएर एक जना सुत्केरी महिलाको जीवन रक्षा गरेकी छन् । सर्लाहीको ब्रह्मपुरी गाउँपालिका वडा नं २ बस्ने रिना देवी गुप्ता सुत्केरी हुने क्रममा शरीरबाट अत्यधिक रक्तश्राव भई गम्भीर अवस्थामा श्रीराम अस्पतालमा उपचारार्थ थिइन् । उनको परिवारजनले रगत नपाएर निराश भएको अवस्थामा नेपाली सेनाको धनुषाको महेन्द्रनगरस्थित श्रीनाथ गणमा कार्यरत सैनिक जवान मनिका तामाङले रगत दिएर ज्यान जोगाएकी हुन् । समयमा सुत्केरी महिलालाई रगत उपलब्ध नभएको भए जुनसुकै बेला ज्यान जाने खतरा रहेको बेलामा नेपाली सेनाले गरेको रक्तदानको अस्पतालका चिकित्सकहरु, स्वास्थ्यकर्मी एवं नर्सहरुले सराहना गरेका छन् ।

# महन्थ ठाकुरले नेतृत्वको अवसर पाएनन् कि लिन सकेनन् ?



ललित कुमार यादव

मधेस र मधेसी नेताहरुले धेरैलाई सत्ताको नेतृत्वहमा पुर्याधएको इतिहास छ। तर मधेसी नेताहरु जहिले पनि अरुको सारथि मात्र बने। नेतृत्वैमा पुग्न् लिन कहिले सफल हुन सकेनन्। महेन्द्र नारायण निधिलाई अपवादमा छाड्ने हो भने नेतृत्वस लिने दावी र प्रयास समेत गर्न सकेकोदेखिदैन। मधेसी नेताहरु सँधैभरि सत्ताकै वरिपरि घुम्ने गरेका छन्।तर सत्ताको नेतृत्व् नै लिन सक्ने क्षमतालाई बिर्सेका छन्।मधेस केर्न्द्रित दलका नेताहरुको त देशव्यापी सञ्जा ल नहुने भएकोले सत्ताको नेतृत्ववमा पुग्नेम संभवना यसै पनि कमजोर हुने नै भयो। चाहे ठुला तीन दलमा क्रियाशील मधेसी नेताहरु केही अपवादबाहेकनेतृत्वमा हस्तक्षेप गर्ने अवाथामा पुगेका छैनन्। नेपाली काँग्रेसका उपसभापति बिमलेन्द्रक निधिलाई अपवाद मान्नो हो भने कुनै पनि ठुला पार्टीका कुनै पनि मधेसी नेताहरुले पार्टीको निति निर्माण तहमा प्रभावशाली भुमिका निर्वाह गर्न सकेको देखिन्नर। मधेसी नेताहरुले जे जति फुर्ति लगाएर हिडे पनि उनीहरुले आफ्नो् पहिचान मधेसको नेता भन्दाक विस्तार गर्न नसकेका तथ्यम स्विकार गर्न बाध्य नै छन्।पछिल्लो समय विकसित भएको राजनीतिक घटनाक्रका कारण सत्ताको नेतृत्वे लिन सक्ने अवसर मधेसले पाएको थियो। तरसत्ताको साँचोलाई आफ्नो पक्षमा सदुपयोग गर्न जसपा आफैँ एकढिक्काल भएर अगाडी बढन सकेन।अवसरलाई सदुपयोग गर्नजसपा आफै एकढिक्काद भएर अगाडी बढन सकेन।

०१५ सालदेखि नै मधेसकेन्द्री त राजनीति सुरु भएको हो। रामजनम तिवारी, रघुनाथ ठाकुर, गजेन्द्र नारायण सिंहहरुले नै मधेसको समस्या र मुद्दाको उठान गर्न सुरु गरेका हुन्। त्रुयसबेलादेखि नै मधेसको मुद्दा उठदै आएकोभएपनि नेतृत्वै स्थापित हुन नसकेको कारण मधेसको मुद्दा स्थापित हुन सकेको थिएन। ६२/ ६३ को जनआन्दोलन भएको केहि समयमै मधेसमा आन्दोतलन भयो। मधेस आन्दोुलनले मधेसको मुद्दा स्थापित गर्योद।मधेसी जनता आफ्ना राजनीतिक अधिकार प्राप्त् गर्न राजनीतिक बहस र आन्दोथलनलाई ब्यापक रुपमा अगाडी बढाए।नेपालले गणतन्त्र को अभ्या्स गर्न सुरु गरेकोएक दशककै अब्धिमा मधेसमा ३ वटा आन्दो लन भयो। मधेस आन्दोकलनलाई सम्बोधन गर्न सरकारले मदेसकेन्द्रित दलहरुसँग २२ बुंदे र ८ बुंदे सम्झौता गरेको थियो। मधेसको लगभग सबै मुद्दा २२ बुँदे र ८ बुँदे सम्झौताकोसमेटिएको छ। सम्झौता कार्यवन्यरन गराउने विषय मधेसकेन्द्रि त दलहरुको लागि सत्तामा जाने भर्याङ मात्र बन्दै आएको छ। तर सम्झौताको पुर्ण कार्यवन्यसन अहिलेसम्म भएको छैन।

२०६३ साल माघ १ गते अन्त रिम संविधान जारि भयो। आन्दोयलनको तयारिमा रहेको फोरम नेपालले उपेन्द्र यादवको नेतृत्वेमा भोलिपल्ट काठमाडौंको माईतिघरमा अन्तङरिम संविधान जलायो।अन्रिरुम संविधान जलाएर फोरमले संविधानप्रति मधेसको असन्तु ष्टिा रहेको सन्देअस दिन र मधेसमा आन्दो।लनको आधार तयार पार्न सफल भयो। सँगै मधेस मुद्दाको नेतृत्व् गर्दै मधेसलाई आन्दोसलनमा लान सफल भयो। पहिलो मधेस आन्दो लन पश्चाँत २०६४ साल मंसिरमा मात्र महन्थ ठाकुरले नेपाली काँग्रेसको केन्द्रि य कोषाध्यक्ष र नेपाल सरकारको मन्त्रीन पद त्याग गर्दै मधेसकेन्द्रि त राजनीतिमा सक्रिय भए। अन्तेरिम संविधान संशोधन गरेर मधेसको असन्तुशष्रुटीलाई समेटन काँग्रेस सहमत नभएको कारण काँग्रेसछोडेको ठाकुरले बताएका थिए। तर कारण त्यति मात्र थिएन कारण अर्को पनि थियो। काँग्रेसमा ठाकुरभन्दास बढी हावि हुने क्रममा मधेसबाटै प्रतिनिधित्व गर्ने डा.रामवरण यादव थिए। काँग्रेसमा यादवको बढदै गरेको प्रभावका कारण काँग्रेसमा आफु छायामा पर्न सक्ने देखेर पनि ठाकुर काँग्रेसबाट अलग हुने निर्णयमा पुगेका थिए।ठाकुर २०६४ साल माघ ६ मा मधेस आन्दौलनमा जोडिए। उपेन्द्रण यादव नेतृत्रुवको मधेसी जनअधिकार फोरम र राजेन्द्रछ महतो नेतृत्वपको सद्भावना पार्टि को संयुक्त मधेसी मोर्चामा महन्थव ठाकुर नेतृत्वसको तमलोपा पनि सहभागि भएपछि संयुक्त लोकतान्त्रि क मधेसी मोर्चाको गठन भयो। मोर्चाको अब्हानमा २०६४ फाल्गुण १ गतेदेखि अनिश्चि तकालीन दोस्रो मधेस आन्दोकलन सुरु भयो। आन्दोनलन सुरु भएको १६ औं दिनमा अर्थात फाल्गुण १६ मा नेपाल सरकार र मोर्चाबिच ८ बुँदे सहमति भयो । अनि मात्र संविधानसभाको निर्वाचन हुने वतावरण मधेसमा बन्यो र निर्वाचन भयो।

आन्दोणलन सहमतिमा टुगिंएसँगै मोर्चामा सहभागि तिन दलले पनि सहकार्यको यात्रालाई टुगांएर अलग भए। काँग्रेस छोडेर विजय गच्छदार र जय प्रकाश गुप्तासको समुह पनि मधेस केन्रित्त राजनीतिमा सक्रिय भए। ठाकुरले आफ्ना पुरानो काँग्रेसी साथीहरुलाई आफ्नो नेतृत्वहको तमलोपामा ल्याउन सकेन। उनीहरु उपेन्द्रा नेतृत्व को फोरममा प्रवेश गरे। ठकुर काँग्रेसबाट लगातार ३ वटा निर्वाचनमा सर्लाहीबाट विजय प्राप्तए गर्दै आएका थिए। २०६४ को संविधानसभाको निर्वाचनमा आफ्नै नेतृत्वपको तमलोपाबाट उम्मेदवारी दिएका ठाकुर सर्लाहीबाटै पराजयको सामना गर्नु पर्योफ। पछि मन्त्रिपरिषदबाट मनोनित भएर संविधानसभामा गएका थिए। २०७० सालको संविधानसभाको निरवाचनमा पनि ठाकुर निर्वाचित हुन सकेनन। अहिले विघटन भएको संसदमा निर्वाचित हुन ठाकुरलाई आफु जन्मोको जिल्लान महोत्तरीको निर्वाचन क्षेत्रमा जानु पर्योर। कर्मथलो सर्लाहीबाट जित्नव सक्ने संकेत नदेखेका ठाकुर निर्वाचन लड्नैका लागि आफ्नो जन्मचथलो महोत्तरी फर्किए।

हाल ६९ वसन्तत पार गरि सकेका ठाकुरको जन्मक वि. सं. २००८ साल फाल्गुण १० गते महोत्तरीको पिपरा गाउँपालिका स्थित एकरहियामा भएको हो। ठाकुरले २०१६ सालमा नै विद्यार्थी राजनीति सुरु गरे। उनी विद्यार्थीकालमा २०१७ साल पुस १ मा राजा महेन्द्र ले गरेको कु विरुद्धको आन्रुदोलनमा पक्राउ परे। त्य तिवेला ठाकुरमाथि राजकाजको मुद्दा लगाईएको थियो। उनले जेलबाटै स्नाकोत्तरसम्मको अध्ययन गरे।उनी विभिन्न ठाउँमा प्राध्या पन गराउनेसँगै ०२९ सालदेखि काँग्रेसको सदस्यवता लिएर राजनीतिमा पनि सक्रिय थिए । पछि कानुन व्यवसायीका रुपमा सर्लाही छिरेका ठाकुर राजनीतिमा पनि सकृय भए। सर्लाहीलाई नै कर्मथलो बनाए र सर्लाहीबाटै नेता भए। ठाकुरकोक्रान्तिनकारीछवि रहेका छन्। उनी शलिन र स्थिर स्वभाका हुन्। कम बोल्ने र हरेक कुरालाई गम्भिरतापुर्वक लिने ठाकुरको स्वभाव रहेका छन्। काँग्रेसमा रहँदा ठाकुर काँग्रेस सभापति स्व. गिरिजा प्रसाद कोईरलाका विश्वा।सपात्र र प्रियपात्रको छबि बनाएका थिए। ०४८ सालमा उपसभमुख र काँग्रेस नछाडदासम्मि लगातार सांसद र मन्त्री भईरहँदा पनि ठाकुरले आफ्नो छबिमा दाग लाग्ना दिएनन्। काँग्रेसमा पनि अग्रपंक्तिकै नेता रहेका ठाकुर मधेस केन्द्रिनत दलको नेतृत्वानै गर्ने अवसर हालसम्म नै पाएका छन्।

गत ५ पुसमा विघटन भएको संसद फाल्गुण ११ गते पुर्स्थापना भएसँगै जसपा विपक्षी गठबन्धननमा सहभागि भएर ओलीको विकल्पिमा सरकार बनाउने र संसदलाई निकास दिने आँकलन गरिएको थियो। तर जसपाभित्र विवाद सुरु भयो। संसद विघटनको बिरोध गर्दै प्रतिनिधिसभाको पुनर्स्थापनाको माग गर्ने जसपाको ठाकुर र महतो समुह संसद विघटन गर्ने उनै प्रधानमन्त्री् ओलीसँग नजिकिए। तुलनात्मकरुपमा मधेसलाई अलि बढी उपेक्षा गर्ने नेताको आरोप लाग्नेन गरेका उनै ओलीसँग ठाकुर महतो समुहको उठबस बाक्लिन थाल्यो। जसपाको ठाकुर महतो समुह कार्यदल नै गठन गरि ओलीसँगको सहकार्यको रुपरेखा कोर्न सकृय भए। जसपाकै यादव भट्टराई समुह विपक्षी गठबन्धओनको नेतृत्वोमा सरकार बनाउन प्रयास गर्न सकृय भए। जसपाले विवादकै कारण औपचारिक निर्णय लिन सकेन। जसपाको अनिर्णयका कारण पनि सत्तापक्ष र विपक्ष कसैले बहुमत पुर्यारउन सकेनन्।यससँगै जसपाको पनि बिभाजनको दिन गिन्तीी सुरु भयो।

बाध्यताले एक हुन पुगेको जसपा पनि नामकै लागि एक छ। मधेस केन्द्रीहत दलको विवाद सतहमा हेर्दा मधेसका मुद्दाहरुमा केन्द्रीात रहेको देखिन्छद। तर गहरिएर हेर्दा सत्ता केन्द्रीपत देखिन्छन। जसपाले पनि नेतृत्वकको लागि दावी गर्ने चर्चा पनि चल्यो। तर जसपाले नेतृत्वए पाए भाबी प्रधानमन्त्री को रुपमा हेरिएका महन्थ ठाकुर नै अहिले ओलीको प्रतिगामि कदमाको साक्षी बसेका छन्। ठाकुरको औपचारिक सहयोग पाएका कारण पनि ओलीलाई दोस्रो पटक संसद विघटन गर्न सहज भयो। संसद विघटनको मुद्दा फेरि सम्मानित सर्चोच्चो अदालतमा पुगेको छ। मुद्दाको टुगों अदालतको फैसलाबाटै हुनेछ। तर ठाकुरले आफ्नो निष्ठाचको राजनीति र संघियता सहितको गणतन्त्रलको प्राथमिकतालाई दाउमा राखेका छन्।

६४ सालमा काँग्रेस नछाडेको भए गणतन्त्रक नेपालको प्रथम राष्ट्ररपति ठाकुर नै हुनेथिए पनि भनिन्छम। काँग्रेसमा ठाकुर जति अवसर पाउने नेताहरु कमै छन्। उदाहरणका लागि ठाकुर काँग्रेसको सामान्यफ कार्यकर्ता रहँदै गर्दा बिमलेन्द्रे निधि नेविसंघको अध्यठक्ष भइसकेका थिए। महेन्द्रकनारायण निधि त ०१५ सालमै उपसभामुख भइसकेका थिए। बिपीलाई समेत प्रभावमा पार्न सक्ने उचाई र क्षमता महेन्द्र नारायण निधिको थियो तर गिरिजाप्रसादको रोजाइमा ठाकुर पर्दै आए। काँग्रेसबाट अलग भई मधेस केन्द्रि त राजनीतीमा लागेका ठाकुर लगातार दुई पटक निर्वाचनमा पराजित भए। तेस्रोपटक निर्वाचन जित्न काँग्रेसकै सहयोग लिनुपर्योद। अहिले ओलीको पछि लागेर काँग्रेसलाई नचिढयाएको भए ठाकुर प्रधानमन्त्री् बन्नो संभवना थियो ।

वैशाख २७ संसदमा प्रधानमन्त्री ओलीले विश्वाीसको मत लिनुअघि संसदमा बोल्दै ठाकुरले जुन रुपमा ओलीकोप्रशंसा गरे, सुन्नेँहरुले समेत लाजले शिर निहुर्यातएका थिए। भएको मतदानमाठाकुर महतो समुह तटस्थ बसेका थिए भने यादव भट्टरटई समुह प्रस्तावको विपक्षमा मतदान गरेका थिए। जसपा अध्यक्ष ठाकुरले अर्का अध्यक्ष यादवसँग सहमति गरेर जसपा एक रहेको संकेत दिए। त्यो सहमति दुई दिन पनि कायम रहन सकेन। ठाकुर महतो समुहले ओलीलाई औपचारिक रुपमा समर्थन दिए। आफ्नै नेतृत्व को सरकार बनाउने सहमति विपरित ठाकुर महतो ओलीको पक्षमा उभिए । संसदिय दलमा बहुमतमा रहेका ठाकुर र कार्यकारणी समितिमा बहुमतमा रहेका यादव अहिले स्पष्टिउकरण स्पष्टि कारण खेल्दै छन्। जसपाको औपचारिक विभाजन पश्चावत मात्र यो खेलको समापन हुनेछ।

विगतमा एक चौथाई र त्यसपछि दुई तिहाई बहुमतको प्रधानमन्त्री हुँदा प्रधानमन्त्री ओलीबाट प्रयास नभएको ठहर सहित तत्कालिन राजपाले सरकारलाई दिएको समर्थन झिकेका ठाकुर महतो नै उनै ओलीले अहिले अल्पमतमा परेपछि मधेसको मुद्दा सम्बोधन गर्न तयार रहेको ओलीको भनाईलाई सबभन्दाह बढी विश्वाछस गरेका छन्। सरकारले नागरिकता सम्बन्धि अध्यानदेश ल्याएर ठाकुर महतो समुहलाई सरकारमा सहभागि हुने वतावरण बनाउन खोजेको छ। नागरिकता समस्या समाधान हुनै पर्छ। यसमा सबै दल सहमत हुनै पर्छ। यो अध्याोदेश कार्यवन्य न हुने नहुने कुनै टुंगो नै छैन।

lkskeshariaaryan@gmail.com


- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेबलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र बाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको स्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा झरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
इमेल : malcprovince2@gmail.com


## संक्षिप्त समाचार

### मिर्चैयामा उपेन्द्र र बाबुरामको पुतला दहन

सिरहा । जनता समाजवादी पार्टी नेपालका दोस्रो वरियताका अध्यक्ष उपेन्द्र यादव र संघीय परिषद् अध्यक्ष अध्यक्ष डा.बाबुराम भट्टराईको पुतला दहन गरिएको छ । सोमबार सिरहाको मिर्चैयामा स्थानीयहरुले यादव र भट्टराईको पुतला दहन गरेका हुन् । मधेशी जनताको माग पूरा गराउने नाममा जहिले पनि धोका दिएको भन्दै यादव र भट्टराईको पुतला दहन गरिएको हो । यता, भट्टराईले आफ्नै पार्टीका नेताहरुलाई भेडा र बाख्राको संज्ञा दिएको भन्दै आक्रोश व्यक्त भइरहेको थियो भने पुतला नै दहन गरिएको हो । उपेन्द्र यादवप्रति पनि पछिल्लो समय मधेशमा आक्रोश र अविश्वास बढ्दै गएको छ ।

### हुण्डी कारोबारमा संलग्न दुई जना पक्राउ

पर्सा । हुण्डी कारोबारमा संलग्न रहेको अभियोगमा नगद ५३ लाख ८० हजार रुपैयाँ सहित २ जनालाई बिहीबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा बारा प्रसौनी गाउँपालिका-६ बस्ने २६ वर्षीय शिव आनन्द गुप्ता र पर्सा वीरगंज महानगरपालिका-११ श्रीपुर बस्ने १९ वर्षीय प्रकाश जैसवाल रहेका छन् । वीरगंज महानगरपालिका-८ बीपिसी क्याम्पस नजिक छेउमा डेरा गरी बस्ने गुप्ता समेत २ जनाले अवैध वित्तिय कारोवार (हुण्डी) गरिरहेको भन्ने सूचना प्राप्त भएपछि अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले वीरगंज महानगरपालिका-११ श्रीपुरबाट जैसवाललाई नगद २४ लाख रुपैयाँ सहित फेला पारी पक्राउ गरेको थियो । थप अनुसन्धानको क्रममा गुप्ताको डेरा तलासी गर्दा २ वटा झोलामा लुकाई राखेको नगद २९ लाख ८० हजार रुपैयाँ समेत फेला पारी गुप्तालाई पक्राउ गरेको हो । उनीहरु उपर बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ बिरूद्धको कसूरमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

### यौन दुर्व्यवहार गरेको अभियोगमा पक्राउ

कैलाली । बालबालिकाहरु माथि यौन दुर्व्यवहार गरेको अभियोगमा गोदावरी नगरपालिका-२ स्थित अहिंसा बादी विश्वशान्ति धर्म च्रक बौद्ध गुम्बाका सञ्चालक ७० वर्षीय गणेश बहादुर मोक्तानलाई प्रहरीले पक्राउ गरेको छ । मोक्तानले गुम्बामा रहेका आश्रित बालबालिकाहरु माथि यौन दुर्व्यवहार गरेको भन्ने सूचना प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले उनलाई बिहीबार साँझ पक्राउ गरेको हो ।

### दुर्व्यवहार गरेको अभियोगमा ३ जना पक्राउ

बाँके । भेरी अस्पताल प्रशासनभित्र अनाधिकृत रुपमा प्रवेश गर्ने तथा ड्युटीमा खटिएका स्वास्थ्यकर्मीमाथि हातपात एवम् दुर्व्यवहार गरेको अभियोगमा ३ जनालाई बिहीबार राति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा दाङ तुल्सीपुर उपमहानगरपालिका-११ बस्ने ५० वर्षीय भरत बहादुर रावत, ४६ वर्षीय मान बहादुर रावत र ३० वर्षीय लोकराज रावत रहेका छन् । बाँकेस्थित भेरी अस्पतालमा जेठ ४ गतेदेखि उपचाररत दाङ तुल्सीपुर उपमहानगरपालिका-११ वस्ने ५२ वर्षीय पुरुषको उपचारको क्रममा बिहीबार राति मृत्यु भएको विषयलाई लिएर मृतकका आफन्तहरु अस्पतालभित्र प्रवेश गरि ईसिजि मेसिन, झ्याल, ढोका तोडफोड गर्नुका साथै अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीमाथि हातपात, अभद्र व्यवहार गरेको भन्ने सूचना प्राप्त हुनासाथ तत्काल जिल्ला प्रहरी कार्यालय बाँकेबाट प्रहरी उपरीक्षक समेतको टोली खटि गई उनीहरुलाई नियन्त्रणमा लिएको हो । उनीहरुलाई बाँके जिल्ला अदालतबाट ५ दिन म्याद अनुमती लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ ।

### औषधि कालोबजारी गर्ने पक्राउ

मोरङ । औषधि कालोबजारी गरेको अभियोगमा विराटनगर महानगरपालिका-१५ रानीस्थित जनता मेडिकल स्टोरका संचालक सोही ठाउँ बस्ने ३५ वर्षीय रवि कुमार रजकलाई प्रहरीले पक्राउ गरेको छ । उनले घरमा विभिन्न औषधि तथा औषधिका खोलहरू भण्डारण गरी कालोबजारी गरेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मोरङ तथा ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा फिजिसियन स्याम्पलका औषधि, मुटु सम्बन्धी औषधि, पेनकिलर, एन्टिबाईटिक, ईन्जेक्सन, बच्चाको कफ सम्बन्धी औषधि र सेनीटाईजर लगायतका ४६ कार्टुन, १ बोरा र ७ कार्टुन लेवलिङ गरेको औषधिको खोलहरु भण्डारण गरी राखेको अवस्थामा फेला पारी उनालाई आइतबार दिउँसो पक्राउ गरेको हो । उनी उपर कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ बमोजिम थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

### रौतहटमा करेन्ट लागेर महिलाको मृत्यु

रौतहट । परोहा नगरपालिका-४ बस्ने २२ वर्षीया गुडीया देवी पासवानको करेन्ट लागेर मृत्यु भएको छ । आइतबार साँझ सोही ठाउँ बस्ने टिलाई राय यादवको बारीमा बँदेललाई धपाउन लगाएको करेन्टमा परी गम्भीर घाइते भएकी उनको जिल्ला सरकारी अस्पताल गौरमा उपचारको क्रममा मृत्यु भएको हो । यादवलाई नियन्त्रणमा लिएर यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### ब्राउनसुगरसहित कैलालीमा दुई जना पक्राउ

कैलाली । भजनी नगरपालिका-५ दुधुवाफाटाबाट ५ ग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने धुलो पदार्थ सहित २ जनालाई सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा सोही नगरपलिका-१ गौनिया बस्ने २८ वर्षीय गणेश कोली र सोही नगरपालिका-२ रजवारा बस्ने ३२ वर्षीय मनोज मल्ल रहेका छन् । भारतबाट नेपालतर्फ आउँदै गरेको से.७ प ८६४७ नम्बरको स्कुटरलाई ईलाका प्रहरी कार्यालय सूर्यपुरबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त पदार्थ सहित फेला पारी स्कुटर चालक कोली र स्कुटरमा सवार मल्ललाई पक्राउ गरेको हो ।

### मोरङमा जेठ २४ गतेसम्म निषेधाज्ञा थपियो

विराटनगर । मोरङमा जेठ २४ गतेसम्म निषेधाज्ञा थप भएको छ । जिल्ला प्रशासन कार्यालय मोरङले आइतबार सूचना प्रकाशित गरी यसबारे जानकारी गराएको हो । सरकारले जारी गरेको कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश २०७८ बमोजिम निषेधाज्ञा थप भएको जनाइएको छ । जिल्ला प्रशासन कार्यालय मोरङले कोरोना संक्रमणको दोस्रो लहरको अधिक असर पर्न थालेपछ्प पहिलोपटक वैशाख १८ गते निषेधाज्ञा जारी गरेको थियो ।

### मोटरसाइकल चोरीमा संलग्न २ जना पक्राउ

कैलाली । भजनी नगरपालिका-३ पडरिया बस्ने ४२ वर्षीय प्रेमराज जैशीको गोदाम बराण्डामा पार्किङ गरी राखेको से.७ प ३२१६ नम्बरको मोटरसाइकल चोरी गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । बिहीबार पक्राउ पर्नेहरुमा कैलाली धनगढी उपमहानगरपालीका-१७ बस्ने २१ वर्षीय सुरेश चौधरी र सोही उपमहानगरपालिका-१५ बस्ने १८ वर्षीय किशोर रहेका छन् । गत जेठ ९ गते राति चोरी भएको उक्त मोटरसाईकल खोजतलास गर्ने क्रममा धनगढी उपमहानगरपलिका-७ देबरीयास्थित जंगलमा मोटरसाइकल चलाइरहेको अवस्थामा उनीहरुलाई प्रहरीले फेला पारी पक्राउ गरेको हो । उनीहरु उपर चोरी शीर्षक मुद्दामा जिल्ला अदालत कैलालीबाट म्याद थप अनुमती लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ ।

### बाढीले मौरीको घार बगायो

रुपन्देही । लुम्बिनी सांस्कृतिक नगरपालिका-६ लुम्बिनी बिकास कोषको जग्गामा कपिलबस्तु शिवराज नगरपालिका-५ बस्ने मोहन अधिकारीको शिवराज मौरी पालन फर्मको १ सय वटा मौरीघार बाढीले बगाउँदा करिब ४ लाख रुपैयाँ बराबरको धनमाल क्षति भएको छ । अबिरल वर्षाको कारण शनिबार दिउँसो आएको बाढीले उक्त फर्ममा रहेको मौरीको घार बगाएको भन्ने जानकारी प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय लुम्बिनी रुपन्देहीबाट खटिएको प्रहरीले ५० वटा मौरिघार उद्दार गरेको थियो ।

# किन जरुरी छ चुरे संरक्षण ?



ई. कौशल गोपालवंशी

तराईको सबैभन्दा उत्तर दिशामा शिवालिक पर्वतको फेदबाट ५ कि.मी. चौडाइ भएको पूर्वदेखि पश्चिमसम्म फैलिएको क्षेत्रलाई भावर क्षेत्र भनिन्छ। यो क्षेत्र तराई / मधेशबासीका लागि बाँच्ने आधार हो।

हामी सबैलाई थाहा छ, तराईको लागि पानीको स्रोत भनेको उपसतह (SubSurface Water) को पानी हो। उपसतहमा सतहबाट पानी जान्छ। उपसतहमा पनि पानीका विभिन्न लेयरहरु हुन्छ, जसलाई हामी एक्युफायर भन्छौं। यी एक्युफायरहरुमा भएको पानीलाई हामीले श्यालो तथा डिप ट्युबवेलबाट पानीलाई पम्पिङ्ग गरेर प्रयोगमा ल्याउँछौं। यसरी उपसतहको पानीलाई दीर्घकालीनरुपमा प्रयोग गरी राख्नका लागि एक्युफायरलाई रिचार्ज गरि राख्नु पर्छ। जब सतहको पानी उपसतहमा छानिएर जान्छ, त्यसलाई हामी रिचार्ज गरेको भन्छौं। चुरेभावर क्षेत्रको जमिनका दानाहरु ठूला-ठूला (Coarse Grain) भएकोले उक्त क्षेत्रमा भएको सतहको पानी सजिलो उपसतहमा जान्छ। यसरी चुरेको सतहबाट उपसतहमा गएको पानी गुरुत्वाकर्षण बल (Gravitational Force) को कारण चुरे, तराई, बिहार, युपि हुँदै गंगा र ब्रह्मपुत्र नदीमा गई मिसिन्छ।

चुरे क्षेत्रको जमिन coarse grained भएकोले यो क्षेत्रमा परेको पानीले छिटो र प्रचुरमात्रा एक्युफायरलाई रिचार्ज गर्न सक्ने भएकोले चुरेभावर क्षेत्रमा मौसम अनुसारको पर्याप्त वर्षाको हुनु एकदम जरुरी छ। जसका लागि त्यहाँ भएको बनजङ्गल, पशुपन्क्षीलाई संरक्षण, सम्बर्द्धन र विकासको जरुरी छ। तर आर्थिक वर्ष २०७८/०७९ मा चुरे संरक्षण सम्बन्धित कार्यक्रममा सरकारले ध्यान नदिएको पनि देखिन्छ। यति मात्र होइन हिजो गृह मन्त्रालयले विज्ञप्ति जारी गर्दै चुरे क्षेत्रबाट ढुंगा उत्खननका लागि कार्यादेश दिएको छ। यहाँबाट सरकारको तराईप्रति भेदभावपूर्ण निर्णय गरेको देखिन्छ।

हुन त उपसतहलाई रिचार्ज गर्नका लागि मधेशमा भएको वर्षाले नि हुन्थ्यो तर मधेशमा साना-साना दाना (fine Grained Soli) भएको माटो र दिनप्रति दिन बढ्दो सहरीकरणले गर्दा वर्षाको पानी रिचार्ज गर्नका लागि पर्याप्त नहुने देखिन्छ। त्यसैले भोलिको दिनमा तराईलाई मरुभूमि बनाउनबाट जोगाउनका लागि ढिलाइ नगरी भावर क्षेत्र संरक्षण गर्नु बाहेकको विकल्प नरहेको देखिन्छ।

**भोलिको दिनमा तराईलाई मरुभूमि बनाउनबाट जोगाउनका लागि ढिलाइ नगरी भावर क्षेत्र संरक्षण गर्नु बाहेकको विकल्प नरहेको देखिन्छ।**

**राजमार्गीय विकासको मारमा पानीको उपसतह।**

पूर्व-पश्चिम राजमार्गले धैरै ठाउँमा भावर क्षेत्र भएर गएको हो। रिचार्ज जोनलाई यसरी कन्क्रिटिङ्ग गरेर राजमार्ग बनाउनु त्यति बेलाको प्रविधि त्रुटि नै हो। तर वर्तमान अवस्थामा पनि भावर क्षेत्र भएर गएको राजमार्गको वरिपरि सहरीकरण गर्न दिनु सरकारको ठूलो लापरबाही देखिन्छ। यी क्षेत्रहरुमा पहिला जंगल फडानी गरि सुकुम्बासी बस्ती बसाउँछन्, त्यसपछि भोटको लोभले तिनीहरुलाई जमीनको लालपुर्जा दिने गरेको देखिन्छ। यसरी नै रिचार्ज क्षेत्रमा सहरीकरण गर्न सरकारले प्रत्यक्ष रुपमा नै सहयोग गरेको देखिन्छ।

# महामारीसँगै आक्रमणको त्रासमा नेपालगञ्जका स्वास्थ्यकर्मी

नेपालगञ्ज। नेपालगञ्जस्थित भेरी अस्पतालको कोभिड वार्डमा काममा खटिएका चिकित्सकसहितका स्वास्थ्यकर्मीमाथि विरामीका आफन्तबाट आक्रमण भयो। अहिले यो घटना देशव्यापी रुपमा चर्चामा छ।

भेरी अस्पतालमा स्वास्थ्यकर्मीमाथि आक्रमण भएको यो नै पहिलो घटना भने होइन। यहाँको भेरी अस्पतालमा मात्रै पटक-पटक स्वास्थ्यकर्मीमाथि दुर्व्यवहार र आक्रमणका घटना हुने गरेका छन्।

कोरोना महामारीको बीचमा वितेको तीन हप्तामा मात्रै भेरी अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीमाथि मृतकका आफन्तबाट चार पटक आक्रमण भएको छ तर कारबाही भने एक जनालाई पनि भएको छैन।

कोरोना महामारीमा रातदिन काममा खटिएका उपचार केन्द्रको रुपमा स्थापित नेपालगञ्जस्थित भेरी अस्पतालमा कार्यक्षेत्रमै पटक पटक हुने गरेको आक्रमणले स्वास्थ्यकर्मीको मनोवल कमजोर बन्दै गएको बताउने गरिएको छ। अस्पतालमा शृंखलाबद्ध रुपमा स्वास्थ्यकर्मीमाथि भएका आक्रमणका घटनाले काम गर्ने वातावरण नभएको र मनोवल कमजोर बन्दै गएको नेपाल नर्सिङ संघ बाँकेकी अध्यक्ष लक्ष्मी केसी वलीले बताइन्।

पछिल्लो घटनापछि भेरी अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी दोषीलाई कार्वाही र सुरक्षाको माग गर्दै निरन्तर आन्दोलनमा छन्। विगतमा जस्तै यसपटक पनि दोषीलाई कारवाही नहुने आशंकामा स्वास्थ्यकर्मीले अस्पताल प्रशासनसँगै जिल्ला प्रशासन कार्यालयसम्म पुगेर शान्ति सुरक्षाको माग गरेको वलीले बताइन्।

दाङ तुलसीपुर उपमहानगरपालिका निवासी कोरोना संक्रमित डिल्ली रावतको उपचारका क्रममा गत बिहीबार मृत्यु भएपछि मृतकका भाइ मानबहादुर रावत, मृतकका छोरालगायत आफन्तले कोभिड आईसीयू कक्षमा प्रवेश गरी चिकित्सक तथा नर्सलाई हातपात गरेका थिए।

गत जेठ ४ गते अस्पतालमा भर्ना भएका रावतको अवस्था गम्भीर भएपछि चिकित्सकले भेन्टिलेटरमा राखेर उपचार गर्ने क्रममा स्वास्थ्यकर्मीको लापरबाहीले मृत्यु भएको आरोप लगाउँदै आफन्तले आक्रमण गरेका थिए।

ती सबै घटना कोरोना संक्रमितको मृत्युको विषयलाई लिएर भएको भेरी अस्पतालका कोभिड फोकल पर्सन डा. संकेत रिजालले बताए।

गत बिहीबार मृतकका आफन्तको आक्रमणमा परेका स्वास्थ्यकर्मी कार्यक्षेत्रमा फर्किसकेका छन् तर अहिले पहिलेको जस्तो उत्साह नभई कमजोर मनोबल हुने गरेको उनीहरूको भनाइ छ। फेरि कहीँ आक्रमण हुने हो कि भन्ने डर त्रास उत्पन्न हुने गरेको स्वास्थ्यकर्मी अश्विनी गुरुङले बताइन्।

महामारीको समयमा दिनरात नभनेर काममा खटिएका स्वास्थ्यकर्मीमाथि हरेक दिनजसो ज्यान मार्ने उद्देश्यसहित आक्रमण हुँदा मनोबल कमजोर बनेको भेरी अस्पतालका प्रमुख कन्सल्टेन्ट फिजिसियन डा राजन पाण्डेको भनाइ छ।

भेरी अस्पतालमा पछिल्लो तीन सातामा चौथो पटक आफ्नो काममा खटिएका नर्स तथा चिकित्सकमाथि भौतिक आक्रमण भएको छ तर हालसम्म एकजना दोषीलाई पनि कारबाही हुन नसक्नु दुःखद भएको उनको भनाइ छ।

यसैबीच नेपालगञ्जस्थित भेरी अस्पतालका चिकित्सक र स्वास्थ्यकर्मीमाथि भएको आक्रमण घटनाको वास्तविकता बुझ्न गठित छानबिन समितिले बाँकेका प्रमुख जिल्ला अधिकारीलाई प्रतिवेदन बुझाएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी शंकर विष्टको संयोजकत्वमा गठित सात सदस्यीय समितिले प्रमुख जिल्ला अधिकारी शिवराम गेलाललाई २५ पृष्ठको प्रतिवेदन बुझाएको हो।

उक्त प्रतिवेदन अझै सार्वजनिक गरिएको छैन। छानबिन समितिका संयोजक सहायक प्रमुख जिल्ला अधिकारी विष्टले कोरोना महामारीका कारण भेरी अस्पतालमा भएको जनशक्ति अभाव, घटना भएको दिन उत्पन्न परिस्थिति, जनशक्ति अभावलगायत समस्या र त्यसको दीर्घकालीन समाधानका लागि प्रतिवेदनमा सुझाव दिइएको बताए।

बाँकेमा कार्यरत चिकित्सक, नर्सलगायत स्वास्थ्यकर्मी 'जेल विथआउट बेल' को मागसहित मौन आन्दोलनमा छन्। अस्पतालमा निरन्तर बिरामीको सेवामा खटिँदासमेत कैयौँ पटक स्वास्थ्यकर्मीमाथि कुटपिट र अस्पतालमा तोडफोडका घटना बढ्न थालेपछि स्वास्थ्यकर्मी सुरक्षाको माग गर्दै आन्दोलनमा उत्रिएका हुन्।

# प्रादेशिक अस्पताल सुधारका लागि उच्चस्तरीय समिति गठन

जनकपुरधाम। प्रादेशिक अस्पताल जनकपुरधामको समग्र सेवा सुविधा सम्बन्धि प्रतिवेदन तैयार गर्न प्रदेश २ सरकारले उच्चस्तरीय तीन सदस्यीय समिति गठन गरेको छ। अस्पतालको सेवा सुविधामा समस्या रहेको जनगुनासो बढेपछि मुख्यमन्त्री मो.लालबाबु राउतले अस्पतालको अवस्थाबारे जानकारी लिन सरोकारवालासहित अस्पतालका वरिष्ठ चिकित्सकहरुलाई बैठकमा बोलाएका थिए।

मुख्यमन्त्री निवासमा आयोजित बैठकमा मुख्यमन्त्री राउतले अस्पताल कहिलेसम्म र कसरी सुध्रिने प्रश्नको जवाव अस्पतालका मेसु लगायत चिकित्सकहरुसँग मागेपछि मेसु लगायतका चिकित्सकहरु अस्पतालको वर्तमान समस्या र त्यसका समाधानका उपाय बारे आ-आफ्नो धारणा राखेका थिए। चिकित्सकहरुले दिएको सुझावहरुलाई संकलन गर्दै अस्पतालको समग्र सुधारको भावी कार्ययोजना सम्बन्धि प्रतिवेदन तयार गर्न प्रदेश सरकारले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा. राम केवल साहको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरेको छ।

समाजिक विकास मन्त्रालयका सचिव इम नारायण श्रेष्ठ र प्रादेशिक स्वास्थ्य निर्देशनालयका निर्देशक विजय झा सदस्य रहेको उक्त समितिलाई अस्पतालका बरिष्ठ चिकित्सकहरुको सल्लाहमा प्रतिवेदन तैयार गर्ने जिम्मेवारी दिइएको छ। ४ दिन समय सीमा पाएको समितिले अस्पतालको उपचार, कर्मचारी व्यवस्थापन, प्रतिष्ठान अन्तर्गत गए पछि गरिनु पर्ने संरचनागत परिवर्तन, लगायत अन्य सुविधाहरुलाई समेटेर प्रतिवेदन तयार गर्ने जिम्मेवारी पाएका छन्।

बैठकमा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा. रामकेवल साह, प्रमुख सचिव गोकर्णमणि दुवाडी, मुख्यन्यायधिवक्ता दिपेन्द्र झा, सचिव यम प्रसाद भुषाल , समाजिक विकास मन्त्रालयका सचिव इम नारायण श्रेष्ठ, अस्पताल व्यवस्थापन समितिका अध्यक्ष संजय सिंह सहित समितिका पदाधिकारीहरु, आपूर्ति महाशाखाका निर्देशक डा. प्रमोद कुमार यादव, स्वास्थ्य निर्देशनालयका निर्देशक विजय झा, अस्पतालका मेसु डा. प्रमोद यादव सहित वरिष्ठ चिकित्सक एवं विभागीय प्रमुख तथा प्रतिनिधीहरुको सहभागिता रहेको थियो।

# सशस्त्रका डीआईजी गौतमद्वारा वीरगञ्ज नाकाको निरीक्षण

वीरगञ्ज। सशस्त्र प्रहरी बल नेपाल छिनमस्ता बाहिनी मुख्यालय प्रदेश २ महोत्तरीका प्रमुख सशस्त्र प्रहरी नायब महानिरीक्षक (डीआईजी) चन्द्रप्रकाश गौतमले वीरगञ्ज नाकाको स्थलगत निरीक्षण गरेका छन्। गौतमलाई सशस्त्र प्रहरी निरीक्षक सुवर्ण बमले नाकाको गतिविधिको बारेमा जानकारी गराए। उनका अनुसार २०७७ चैत २३ गते यता नाकामा १ हजार ९८८ जनाको एन्टिजेन परीक्षण गर्दा १८७ जनामा संक्रमण पुष्टि भएको छ। निषेधाज्ञामा पनि नाका हुँदै माछामासु, फलफूल, तरकारी र कोइला बोकेका १५० देखि २ सयवटा गाडी ओहोरदोहोर गरिरहेका छन्।

सीमामा सशस्त्र प्रहरी नायब उपरीक्षक वा सशस्त्र प्रहरी निरीक्षकको नेतृत्वमा स्क्वाड ट्याक्टिकल टिम गठन गरेर शान्ति सुरक्षा र अवैध गतिविधि नियन्त्रणको काम गरिरहेको डीआईजी गौतमले बताए। उनले सीमित स्रोत साधनको उच्चतम प्रयोग गरेर सीमा क्षेत्रमा कडाइ गरिएको दाबी गरे। उनले प्रदेशस्थित पीसीसीएमसी र आठवटै जिल्लाका डीसीसीएमसीसँग र अन्य सरोकारवाला निकायसँगको समन्वयमा सशस्त्र प्रहरीले काम गरिरहेको बताए। प्रदेश २ मा सशस्त्र प्रहरीले ७२ वटा बोर्डर आउट पोष्ट, ४९ फरवार्ड अपरेटिङ बेस र त्यसभन्दा अगाडि ड्युटी पोष्ट राखेर सुरक्षा दिइरहेको छ। बागमती प्रदेशले ८५ जना र तालिम केन्द्रबाट समेत थप जनशक्ति पठाइएको छ।

# कैलालीमा जेठ मसान्तसम्म निषेधाज्ञा

कैलाली। कैलालीमा जेठ ३१ गतेसम्मका लागि निषेधाज्ञा लम्ब्याइएको छ। जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको सिफारिसमा जिल्ला प्रशाशन कार्यालय कैलालीले जेठ ३१ गते सम्मका लागि निषेधाज्ञा बढाएको हो। जिल्लामा कोरोना संक्रमणदर केही कम भए पनि तत्काल निषेधाज्ञा खोल्न उचित नहुने निष्कर्ष निकालिएको जिल्ला प्रशासन कार्यालय कैलालीका सूचना अधिकारी शिवराज जोशीले रातोपाटीलाई जानकारी दिए।

निषेधाज्ञा अवधिमा साताको चार दिन आइतबार, मंगलबार, बिहीबार र शनिबार बिहान ६ देखि १० बजेसम्म खाद्यान्न, तरकारी, दुग्ध डेरी, मासु पसल खोल्न पाइने छ। यस्तै बैंक, बिमा लगायत वित्तीय सेवा भने बिहान ७ देखि ११ बजेसम्म ५० प्रतिशतमात्र कर्मचारी राखेर सञ्चालन गर्न पाइने जिल्ला प्रशासन कार्यालयको सूचनामा उल्लेख छ। कैलालीमा निषेधाज्ञा थपिएको यो पाँचौं पटक हो। वैशाख १६ देखि २२ सम्म लगाइएको निषेधाज्ञा पहिलो पटक लम्ब्याउने निर्णय गर्दै वैशाख मसान्तसम्मका लागि थपिएको थियो।

दोस्रो पटक जेठ ६ सम्म म्याद थपियो भने तेस्रो पटक थपेर जेठ १३ सम्म कायम गरियो। चौथो पटक म्याद थप्दै निषेधाज्ञालाई जेठ २१ गतेसम्म लम्ब्याइएको थियो। पाँचौं पटक म्याद थप्दै निषेधाज्ञालाई जेठ ३१ सम्मका लागि लम्ब्याइएको हो।

**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो।**

**यसबाट बच्ने उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने।
- खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने।

**लालकिशोर साह**
**नगरप्रमुख**
**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**

**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो।**

**यसबाट बच्ने उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने।
- खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने।

**हरिप्रसाद मण्डल**
**नगरप्रमुख**
**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

## विश्व परिवेश

# बालबालिकालाई फाइजरको खोप लाउँदै भारत

नयाँ दिल्ली । फाइजरको कोरोनाभाइरसविरुद्धको खोप चाँडै नै बालबालिकालाई पनि लगाउन पाइने विश्वास गरिएको छ ।
भारतको दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले बालबालिकासमेतलाई फाइजरको खोप लगाउन पाइने विश्वास व्यक्त गरेका हुन् ।
खोप निर्माण गरेको अमेरिकी औषधि कम्पनीले भारतलाई खोप उपलब्ध गराउने बताए लगत्तै मुख्यमन्त्री केजरीवालको यो अभिव्यक्ति आएको हो ।
अमेरिकी अधिकारीले सो खोप १२ बर्ष वा सोभन्दा माथिका सबैले लगाउन सक्ने र २-८ डिग्री सेल्सीयसको तापक्रममा एक महिनासम्म भण्डारण गर्न सक्ने पनि जानकारी दिएका छन् ।
कोरोनाभाइरसको तेस्रो चरणको महामारी सुरु हुनु अगाडि नै बालबालिकाहरुलाई खोप लगाइ सक्नेगरी व्यवस्था गर्नेतर्फ सक्रियता देखाउन उनले केन्द्रीय सरकारलाई पनि आग्रह गरेका छन् ।
आगामी महिनादेखि नै बालबालिकामा कोरोनाभाइरसको बढी असर देखिन सक्ने उनले बताएका छन् ।
महामारीका कारण कक्षा १२ को बोर्ड परीक्षासमेत धेरै ढिला भइसकेको उल्लेख गर्दै उनले ती विद्यार्थी र शिक्षकहरुलाई पनि प्राथमिकताका साथ खोपको व्यवस्था गर्न केन्द्रीय सरकारलाई सुझाव दिएका छन् । फाइजरले आगामी जुलाइदेखि डिसेम्बर सम्ममा पाँच करोड मात्रा खोप भारतलाई उपलब्ध गराउने जनाएको छ ।

# सन् २०२७ सम्म भारतको जनसंख्या चीनको भन्दा बढी हुने

नयाँदिल्ली । जनसङ्ख्या सम्बन्धी अध्ययन गरिरहेका चिनियाँ विज्ञहरूले संयुक्त राष्ट्रसङ्घले प्रक्षेपण गरे अनुसार सन् २०२७ मा भारतको जनसङ्ख्या चीनको भन्दा बढी हुने बताएका छन् । भारत विश्वमै सबैभन्दा बढी जनसङ्ख्या भएको मुलुक हुने चिनियाँ जनसाङ्ख्यिक अध्येयताहरूले जनाएका छन् ।
चीनमा पछिल्लो केही वर्षमा जन्मदरमा गिरावट आएको हो । सन् २०१५ मा चीनले वान चाइल्ड पोलिसिलाई खारेज गरे पनि विवाह गर्ने युवायुवतीको सङ्ख्या घट्नु र विवाह गरेकाहरूले पनि एक सन्तान मात्रै जन्माउनुले चीनमा जनसङ्ख्याको अवस्थामा निकै समस्या निम्तिएको हो ।
संयुक्त राष्ट्रसङ्घको एक रिपोर्टका अनुसार भारतको जनसङ्ख्या २०५० सम्म २७ करोड ३० लाख थपिने प्रक्षेपण गरेको थियो । रिपोर्टका अनुसार सन् २०२७ सम्म भारतको जनसङ्ख्या चीनको भन्दा बढी हुने प्रक्षेपण गरेको थियो ।
भारत यही दशकमा विश्वकै सबैभन्दा बढी जनसङ्ख्या भएको मुलुक बन्नेछ । सन् २०१९ मा भारतको जनसङ्ख्या १.३७ अर्ब छ भने चीनको जनसङ्ख्या १.४७ अर्ब रहेको छ । चीनमा जनसङ्ख्या वृद्धिदर ०.५३ प्रतिशत छ भने भारतमा जनसङ्ख्या वृद्धिदर १.१४ प्रतिशत रहेको छ ।
सन् २०१९ मो तथ्याङ्क अनुसार चीनको जनसङ्ख्या वृद्धिदर विश्वमै सबैभन्दा न्यून दरमा भइरहेको समेत जनाइएको छ । सन् २०२० मा कुल जनसाङ्ख्यिक अवस्थाबारे जानकारी गराउने बताए पनि चीनले हालसम्म तथ्याङ्क सार्वजनिक गरेको छैन ।

# पाकिस्तानमा धार्मिक स्वतन्त्रतामाथि अंकुश

वासिङ्टन डिसी । पाकिस्तानमा धार्मिक स्वतन्त्रताको अवस्था नाजुक बन्दै गएको एक रिपोर्टले जनाएको छ । पाकिस्तानमा सरकारले धार्मिक निन्दा गरेमा कारबाही गर्ने तथा अहमदिया विरुद्धको कानुन लागु गर्दै धार्मिक स्वतन्त्रतामाथि अङ्कुश लगाउँदै आएको छ ।
पाकिस्तानमा धार्मिक स्वतन्त्रतामाथि अङ्कुश लगाइएको र यसको अवस्था नाजुक रहेको अमेरिकाको अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रता आयोगले रिपोर्ट प्रस्तुत गरेको हो । पाकिस्तानमा सरकारले धार्मिक अल्पसङ्ख्यकहरूमाथि हुने हिंसा रोक्न नसकेको र धार्मिक निन्दाको आरोपमा कारबाही गर्ने गरेको रिपोर्टमा उल्लेख छ ।
धार्मिक अल्पसङ्ख्यक अहमदिया समुदायमाथि हुने व्यवहारले पनि पाकिस्तानमा धार्मिक स्वतन्त्रता हनन हुने प्रस्ट पारेको रिपोर्टमा बताइएको छ । मुस्लिम धर्मकै एक अल्पसङ्ख्यक अहमदिया समुदायमाथि बहुसङ्ख्यक सुन्नी समुदाय र सरकार पक्षबाट नै दमन र दुर्व्यवहार हुने गरेको पाइन्छ ।
पाकिस्तानमा गत वर्ष सन् २०२० मा पाँच जना अहमदियाहरूको हत्या भएको र एक जना अमेरिकी नागरिकलाई धार्मिक निन्दाको आरोपमा गोली हानी हत्या भएको रिपोर्टमा उल्लेख छ । त्यस्तै, पाकिस्तानमा मुस्लिम धर्म विरुद्ध गतिविधि गरेको आरोपमा धार्मिक निन्दाको अभियोग लगाउने घटना हुने गरेको याहु न्युजले लेखेको छ ।

## इन्डोनेसियाली बेपत्ता पनडुब्बी खोजीमा भारतीय नौसेना परिचालन

नयाँ दिल्ली । इन्डोनेसियाको बेपत्ता पनडुब्बी खोजीका लागि भारतले नौसैन्य विमान पठाएको छ । इन्डोनेसियाको बेपत्ता पनडुब्बी खोजी गर्न सहयोगका लागि भारतले डीएस्आर्भी नौसैन्य विमान इन्डोनेसिया पठाएको हो । भारतले विसाखापट्नम बन्दरगाहबाट डीएस्आर्भी नौसैन्य विमान इनडोनेसियातर्फ पठाएको हो । इन्डोनेसियाको केआई नाग्गला पनडुब्बी चालक दलका ५३ जना सदस्यसहित बेपत्ता रहेको छ । इन्डोनेसियाको टापु बालीबाट २५ माइल उत्तरी क्षेत्रमा नौसैन्य अभ्यासमा रहेको पनडुब्बी बेपत्ता भएको इन्डोनेसिया नौसेनाले बताएको छ । बेपत्ता पनडुब्बी खोजी गर्न सहयोगका लागि भारतले नौसैन्य विमान पठाएको भारतीय रक्षा मन्त्री राजनाथ सिंहले बताएका छन् । इन्डोनेसियाली रक्षा मन्त्री प्रबोवो सुवियान्टोसँग फोन वार्तामा भारतीय रक्षा मन्त्री सिंहले आवश्यक सबै सहयोग गर्ने बताएको इन्डियन एक्सप्रेसले लेखेको छ ।

## बालबालिकालाई नरेन्द्र मोदीको नयाँ योजना

काठमाडौं । भारतमा कोरोना भाइरसबाट अनाथ भएका बालबालिकालाई नरेन्द्र मोदी सरकारले नयाँ योजना ल्याएको छ । पीएम केयर्स फर चिल्ड्रेन योजना अन्तर्गत त्यस्ता बालबालिकालाई सहायता राशि दिइने भएको छ । कोरोना महामारीका कारण माता-पिता वा अभिभावक दुवै गुमाएकाहरुका लागि यो सहायता दिइने भएको हो । यी बालबालिकाहरुलाई १८ वर्षमा मासिक सहायता राशि र २३ वर्षको उमेरमा पीएम केयर्सबाट १० लाख भारुको कोष पनि दिइने भएको छ । कोरोनाको दोस्रो लहरले थुप्रैको ज्यान गइरहेका बेलामा प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँ शुरुआत गरेका हुन् । ती बालबालिकाहरुलाई निःशुल्क शिक्षा दिइने भएको छ । उच्च शिक्षाका लागि उनीहरुलाई ऋणकोसमेत व्यवस्था गरिएको छ ।

## जलवायु परिवर्तन न्यूनीकरण र उर्जा उत्पादनमा अमेरिकाले भारतलाई सहयोग गर्ने

वासिंगटन । अमेरिकी जलवायु प्रतिनीधि जोन केरीले जलवायु परिवर्तन र उर्जा उत्पादनबारे भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग वार्ता गरेका छन् । भारतीय प्रधानमन्त्री मोदीसँग स्वच्छ उर्जा उत्पादन र त्यसका लागि अमेरिकाले वित्तीयय सहयोग गर्नेबारे वार्ता भएको जलवायु प्रतिनिधि केरीले बताए । वैकल्पिक उर्जा उत्पादनहरुमा जोखिम घटाउनका लागि वित्तिय परिचालनमा अमेरिकाले भारतलाई सहयोग गर्नेबारे केरीले प्रधानमन्त्री मोदीसँग वार्ता गरेका हुन् । स्वच्छ उर्जा उत्पादनमा आईपर्ने जोखिम न्यूनीकरणका लागि अमेरिकाले भारतलाई सहुलियत वित्तीय उपलब्ध गराउनेबारे पनि प्रधानमन्त्री मोदीलाई केरीले बताएका छन् । अन्तरष्ट्रिय मौद्रिक कोष (आईएमएफ) को सेमिनार कार्यक्रममा बोल्दै केरीले वैकल्पिक ईन्धन उत्पादनका लागि अमेरिकाले भारतमा थप वित्तीय लगानी गर्न सक्ने पनि बताएका छन् । चीन र अमेरिका पछि भारत ग्रीनहाउस ग्यास उत्पादन गर्ने तेस्रो ठूलो मुलुक हो ।

## रूसले भारतलाई स्वास्थ्य सामाग्री सहयोग गर्ने

नयाँ दिल्ली । रुसले भारतलाई अक्सिजन र रेम्डेसिभिर औषधी उपलब्ध गर्ने बताएको छ । भारतमा बढ्दो कोभिड १९ को सङ्क्रमणको समयमा रुसले अक्सिजन र रेम्डेसिभिर औषधी उपलब्ध गर्ने बताएको हो । रुसले प्रत्येक साता तीनदेखि चार लाखसम्म रेम्डेसिभिर औषधी पठाउन सक्ने र अक्सिजन पानीजहाज मार्फत पठाउने बताएको इकोनमिक टाइम्सले लेखेको छ । कोरोना भाइरसको बढ्दो सङ्क्रमणले भारतका अस्पतालहरूमा अक्सिजन र रेम्डेसिभिर औषधीको अभाव भएको छ । एन्टी भाइरल औषधी रेम्डेसिभिर कोभिड १९ विरुद्ध उपयोगी मानिँदै आएको छ ।

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका व्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक र सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने व्यहोरा सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## रुपन्देहीमा जेठ ३१ गतेसम्म निषेधाज्ञा थप

बुटवल । रुपन्देहीमा जारी निषेधाज्ञा जेठ ३१ गतेसम्म थप गरिएको छ । जिल्लास्तरीय कोभिड संक्रमण व्यवस्थापन केन्द्र (डीसीएमसी) को सिफारिस अनुसार बुधबार जिल्ला प्रशासन कार्यालय रुपन्देहीले जेठ ३१ गते राति १२ बजेसम्म निषेधाज्ञा थप गर्ने निर्णय गरेको हो ।
जिल्लामा वैशाख १६ गते यता निषेधाज्ञा जारी छ । यसपटकको निषेधाज्ञामा खाद्यान्न पसलहरु स्वास्थ्य मापदण्ड अपनाएर प्रत्येक दिन साँझ ८ बजेदेखि विहान ४ बजेसम्म खोल्न पाइने व्यवस्था मिलाइएको र अन्यको हकमा यसअघिकै निर्णय यथावत रहेको प्रमुख जिल्ला अधिकारी अस्मान तामाङले बताए ।
यस्तै मल बिउ लगायत कृषिसँग सम्बन्धित वस्तुको बिक्री र उत्पादनलाई खुकुलो गरिएको तामाङले जानकारी दिए ।
निषेधाज्ञा अवधिमा शान्ति सुरक्षा,स्वास्थ्य, खानेपानी, दूध, विद्युत, दमकल, संचार, भन्सार, क्वारेन्टिन, फोहोरमैला, व्यवस्थापन, इन्धन, एम्बुलेन्स, स्वास्थ्यकर्मी, औषधि र अत्यावश्यक वस्तु तथा मालसमान ढुवानी जस्ता अति आवश्यक सेवाबाहेक अन्य सम्पूर्ण पसल, व्यवसाय र सेवा सञ्चालन गर्न पाइने छैन ।
प्रशासनले निषेधाज्ञा अवधिमा भेला, भिडभाड जम्मा हुन, मानिसहरु भेला, जात्रा सञ्चालन गर्न, महोत्सव वा सभा जुलुस गर्न पनि निषेध गरेको छ । सबै प्रकारका सभा, पार्टी प्यालेस, सिनेमा हल, सेमिनार, तालीम, गोष्ठी, सम्मेलन, सैलुन, मनोरञ्जन स्थल, डिपार्टमेन्टर स्टोर, सपिङ मल, ब्यूटिपार्लर र स्वीमिङ् पुल, स्पा, संग्रहालाय, पुस्तकालाय, समूहमा खेल्ने खेलकुद, जिमखाना आदि सञ्चालन गर्न पनि रोक लगाएको छ ।

## जिल्ला समाचार

### प्रदेश २ सरकारलाई अक्सिजन सिलिण्डर सहयोग

जनकपुरधाम । वर्ल्ड भिजन नेपाल नामक गैरसरकारी संस्थाले कोरोना महामारीसँग जुध्न प्रदेश २ सरकारलाई सय थान अक्सिजन सिलिण्डरसहितको सामग्री सहयोग गरेको छ । संस्थाका प्रतिनिधिहरु शुक्रबार मुख्यमन्त्री निवासमा मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीको उपस्थितिमा सामाजिक विकासमन्त्री नवल किशोर साहलाई उक्त सामग्रीहरु हस्तान्तरण गरेका छन् । पहिलो चरणका लागि भन्दै संस्थाले अक्सिजन सिलिण्डर १०० थान, अक्सीमिटर १०० थान, पिपिई सेट १०० थान, थर्मल गन १०० थान र अक्सीजन कन्सन्ट्रेटर ४ थान हस्तान्तरण गरेको छ । त्यसैगरी, प्रदेशअन्तर्गतका महोत्तरी, सर्लाही र रौतटहलाई प्रति जिल्ला अक्सीजन सिलिण्डर ७० थान, अक्सीमिटर ७० थान, पिपिई सेट ७० थान, थर्मल गन ७० थान र अक्सीजन कन्सनट्रेटर १ थान बुझाउने तथा धनुषालाई अर्को साता अक्सीजन सिलिण्डर १०० थान तथा पिपिई ५० थान बुझाउने प्रतिबद्धता समेत जनाएको छ ।

### लुम्बिनीमा कांग्रेसका पाण्डेय विजयी

बुटवल । राष्ट्रियसभा सदस्यका लागि भएको उप निर्वाचनमा लुम्बिनी प्रदेशबाट दृगनारायण पाण्डेय निर्वाचित भएका छन् । नेपाली कांग्रेसका उम्मेदवार पाण्डेयलाई माओवादी केन्द्र, जसपा उपेन्द्र यादव समूह, राष्ट्रिय जनमोर्चा र एमाले माधव नेपाल समूहको समर्थन रहेको थियो ।पाण्डेयले ५४६ मतभार अन्तरले एमालेका उम्मेदवार चन्द्र बहादुर खड्कालाई पछि पारेका हुन् । खड्कालाई एमाले, महन्थठाकुर समूह लगायतकाको समर्थन रहेको थियो । पाण्डेयले प्रदेशसभातर्फ ४२ र स्थानीय तह तर्फ ११८ जनाको मत पाएका छन् । खड्काले प्रदेशसभातर्फ ४० र स्थानीय तहतर्फ ९४ जनाको मत पाएका छन् । पाण्डेय यसअघि प्रदेश सभा सदस्य थिए । एमालेबाट जितेका पाण्डेयले राजीनामा दिएर कांग्रेसमा प्रवेश गरेका थिए । पाण्डेले स्थानीय तहतर्फ २१२४ मत भार र प्रदेशतर्फ मतभार २०१६ प्राप्त गरेका छन् । खड्काले स्थानीय तह र प्रदेश तर्फ १९२० मतभार प्राप्त गरेका छन् । निर्वाचनका तीनवटा मतदान केन्द्रबाट मतदान भएको थियो । तीन सय मतदाता रहेकोमा २ सय ९७ मत खसेको थियो । निर्वाचनमा राप्रपाले बहिस्कार गरेको छ । २ मत बदर भएका छन् । नेपालगन्ज उपमहानगरका नगर प्रमुख, नरैना गाउँपालिका र दरबार गाउँपलिकाका अध्यक्ष मत हाल्न आएनन् । निर्वाचनमा प्रदेशतर्फ ८३ र स्थानीय तहतर्फ २१४ गरी २९७ मत खसेको थियो । प्रदेशसभा तर्फ १ मत र स्थानीय तहतर्फ २ मत बदर भएको छ । निर्वाचन आयोगले औपचारिक घोषणा केहीबेरमा गर्दैछ । राष्ट्रिय सभा उपनिर्वाचनमा प्रदेशसभाका ८३ सांसदमध्ये नेकपा एमालेका उम्मेदवार खड्काले ४० मत मात्र पाउनुले प्रदेशसभामा मुख्यमन्त्री शंकर पोखरेल अल्पमतमा परेको पुष्टि भएको कांग्रेसका सांसद फखरुद्दिन खानले बताए ।

### कपिलवस्तुमा एक साता निषेधाज्ञा थपियो

कपिलवस्तु । कोरोना संक्रमणको चेनब्रेक गर्न कपिलवस्तुमा थप एक साताका लागि निषेधाज्ञा जारी गरिएको छ । चौथोपटक समयावधि बढाउँदै जेठ १८ देखि २४ जेठ सम्मका लागि निषेधाज्ञा थपिएको हो । जिल्लामा गत वैशाख २१ देखि निषेधाज्ञा जारी छ । आइतबार प्रशासन कार्यालयमा बसेको जिल्ला कोरोना व्यवस्थापन समितिले गरको सिफारिसका आधारमा जिल्ला सुरक्षा समितिले सो निर्णय गरेका हो। प्रजिअ चक्रपाणी पाण्डेयले कोरोना भाइरसको दोश्रो भेरिन्टको चेन रोक्नका लागि फेरि एक साताका लागि निषेधाज्ञा थपिएको बताए । निषेधाज्ञा २४ गते राति १२ बजे सम्म जारी रहने छ । निषेधाज्ञामा अत्यावश्यकीय सेवा भने रोक नलगाइएको प्रजिअ पाण्डेयले बताए । खाद्यान्न तथा अन्य सरसामान किनमेलका लागि भने दैनिक विहान ९ बजेदेखि दिउँसो १ बजेसम्म समय तोकिएको छ । जिल्लामा १ हजार ४६ सक्रिय कोरोना संक्रमित छन् भने १ सय ७५ जनाको मृत्यु भइसकेको छ ।

### कुटपिट गरी हत्या गर्ने ४ जना पक्राउ

कैलाली । हाल नाम, थर वतन नखुलेका अन्दाजी २५ वर्षीय पुरुषलाई कुटपिट गरी हत्या गरेको अभियोगमा ४ जनालाई धनगढी उपमहानगरपालिका वसपार्क वडा एरियाबाट प्रहरीले पक्राउ गरेको छ । शुक्रबार पक्राउ पर्नेहरूमा कञ्चनपुर भिमदत्त नगरपालिका-३ बस्ने डडेल्धुरा अमरगढी नगरपालिका घर भएका १९ वर्षीय प्रबीण ऐर, डोटी पूर्वीचौकी गाउँपालिका-४ बस्ने २० वर्षीय अनिल कुवँर, कैलाली धनगढी उपमहानगरपालिका-१ त्रिबेणी चोक बस्ने १८ वर्षीय किशोर र कैलाली घोडाघोडी नगरपालिका-१ बस्ने १८ वर्षीय किशोर रहेका छन् । धनगढी उपमहानगरपालिका-४ बसपार्कस्थित प्रतिक्षालयमा अपरिचित पुरुष मृत अवस्थामा फेला परेको घटनाको प्रारम्भिक अनुसन्धानको क्रममा उनको कुटपिट गरी हत्या गरेको खुल्न आएपछि घटनामा संलग्न उनीहरुलाई प्रहरीले पक्राउ गरेको हो । उनीहरु उपर कर्तव्य ज्यान शीर्षकमा मुद्दामा अदालतबाट म्याद थप भई अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ ।

### कटुवा पेस्तोलसहित २ जना पक्राउ

जनकपुरधाम । धनुषामा हतियारसहित २ जना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय धनुषाले दिएको जानकारीअनुसार धनुषाबाट कटुवा पेस्तोल सहित दुई युवक पक्राउ परेका हुन् । पक्राउ पर्नेमा धनुषाको सहिद नगर नगरपालिका २ बस्ने २५ वर्षीय उत्तिमलाल पासमान र १९ वर्षीय निपुल यादव छन् । उनीहरुलाईयदुकोहाबाट भारतको महिनाथपुर जाने क्रममा प्रहरी चौकी तिनकौरियादेखि ५ सय मिटर उत्तरमा विशेष सूचनाका आधारमा चेकजाँच गर्दा कटुवा पेस्तोलसहित पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

### अस्पताललाई स्वास्थ्य सामग्री हस्तान्तरण

वीरगञ्ज । नारायणी अस्पताललाई विभिन्न संस्थाले स्वास्थ्य सामग्री हस्तान्तरण गरेका छन् । ओमशान्ति जयसवाल ट्रेडर्सका सञ्चालक धीरेन्द्र चौधरीले १० थान बेड अस्पताललाई प्रदान गरेका छन् । झण्डै १ लाख मूल्य बराबरको बेड चौधरीले अस्पताललाई हस्तान्तरण गरेको सामाजिक अभियनता ओमप्रकाश सर्राफले जानकारी दिए । यस्तै मानव अधिकारका लागि एकल महिला समूहले विदेशी दाताहरुको सहयोगमा पठाइएको स्वास्थ्य सामग्री अस्पताललाई हस्तान्तरण गरेको छ । अक्सिजन सिलिण्डर, अक्सिजन फ्लोमिटर, अक्सिजन मास्क १५/१५ थान, एन ९५ मास्क १ सय थान र सर्जिकल मास्क ४ सय थान अस्पताललाई हस्तान्तरण गरिएको मानव अधिकारका लागि एकल महिला समूहले जनाएको छ ।

### कोसी अस्पतालका चिकित्सक आन्दोलित

विराटनगर । प्रहरीले स्वास्थ्यकर्मीमाथि कुटपिट गरेको भन्दै कोसी अस्पतालमा चिकित्सक तथा स्वास्थ्यकर्मीले विरोध प्रदर्शन गरेका छन् । मंगलबार राति ९ बजे कोसी अस्पतालको डिउटी सकेर घर फर्कने क्रममा देवकोटा चोकमा चेकजाँचका नाममा प्रहरीले पाँचौं तहका अहेव अशोक राजवंशीलाई कुटपिट गरेको बताइएको छ । डिउटीमा खटिएका दुईजना प्रहरीले आफूलाई खुट्टामा लाठी प्रहार गरे राजवंशीको भनाइ छ । घटनाको विरोधमा नेपाल चिकित्सक संघको अगुवाइमा कोसी अस्पताल परिसरमा प्रदर्शन गरिएको हो । संघका कोसी अध्यक्ष डा. फरवार्ड सिलवालले भने, 'ज्यान बचाउन खटिएका स्वास्थ्यकर्मीलाई सुरक्षा दिनुको साटो उल्टै कुटपिट हुनु व्यावहारिक रुपमा पनि ठिक भएन । संलग्नलाई कारबाही हुनुपर्छ भन्ने हाम्रो माग छ ।' आफूहरुले सुरक्षाको माग गर्दै जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा समेत ध्यानाकर्षण गराएको सिलवालले बताए । मोरङ प्रहरीका प्रमुख एसपी सन्तोष खड्काले घटनाको अनुसन्धान गरिने र दोषी पाइए कारबाही हुने बताए ।

### करेन्ट लागेर युवकको मृत्यु

कपिलवस्तु । बुद्धभूमि नगरपालिका-१ बिरपुर बस्ने ३१ वर्षीय डिल बहादुर थापाको करेन्ट लागेर सोमबार साँझ मृत्यु भएको छ । सोही ठाउँ बस्ने सोमलाल भूसालको घरमा रहेको सेलर मिलमा रहेको विजुलीको प्लग मर्मत गर्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका उनको बुद्धपोलिक्लिनिक गोरुसिङगेमा उपचारको क्रममा मृत्यु भएको हो ।

## कला/साहित्य

कमल मण्डल



# चर्चित हुँदै जहिया सँ देखलौं अहाँके

मैथिली गीत संगीतको क्षेत्रमा एउटा नयाँ गीतको रिलिजसँगै निकै चर्चा पनि भइरहेको छ। धरै दिनपछि एउटा राम्रो गीतको म्यूजिक भिडियो बजारमा आएको छ। मैथिली मोसन पिक्चरको पहिलो प्रस्तुतिको रुपमा रहेको यस गीतमा सिरहा जिल्लाको अर्नमा गाउँपालिकाको मैथिली नायक तथा निर्माता लक्ष्मण यादव तथा चितपरिचित नृत्य निर्देशक सम्झना दाहालको अभिनय रहेको छ। गायक किसुन महरा, गीत लक्ष्मण यादव, संगीत संयोजन बिटस् म्यूजिक स्टुडियो, मेकअप अशोक मण्डल, छायांकन जय कामत, भिडायो सम्पादन सागर रौनियार, कोरियोग्राफी सम्झना दाहाल यादव, प्रोडक्शन म्यानेजर पवन बिक्रम शाह, निर्देशन यज्ञ पराजुलीको रहेको छ। मैथिली सिनेमा क्षेत्रमा नाम चलेको छायाकार रहेको पराजुलीको यो दोस्रो निर्देशन रहेको गीत हो। ८० वटाभन्दा बढी मैथिली गीतमा



छायाकारको रुपमा काम गरिसकेका पराजुलीको दुई दशकभन्दा बढी समयदेखि मनोरञ्जन क्षेत्रमा काम गरेको अनुभव छ। मैथिली गीत संगीतमा नाम चलेका गीतहरु मुस्कानमे अहाँके जादु कोना छुपल, घास काट चलु अहाँ, जहिया स सोलह से सतर चढल, देखलु अहाँके राजविराजमे, नथिया टुटल सैया खटिया पर लगायतका सबै गीत पराजुलीले नै खिचेको हो। दर्जन जति फिल्महरुमा समेत काम गरिसकेका उनी यसपटक मैथिलीमा नयाँ स्वाद दिनका लागि भरपुर मिहेनत गरेको कुरा बताएका छन्। मैथिली गीतमा योभन्दा अगाडि नायिकाको सुन्दरतालाई मात्र बढी देखाईने गरिन्थ्यो। यस गीतमा भने पुरानो मैथिली फिल्म हमर दोस्तका हिरो यादवलाई हिरोगिरी देखाइएको छ। हिरोको बडी हेराई हिडाई प्रत्येक सिनलाई सुन्दर तरिकाले एउटा कथा बनाएर खिचिएका छन्। यसै गीत मार्फत पुराना नायक यादवलाई एकचोटी हिरोकै रुपमा नयाँ प्राविधिवाट ड्रोनको समेत प्रयोग गरेर देखाइएको छ। प्रदेश नम्बर एकको विभिन्न रमणीय तथा पर्यटकीय स्थानलाई यस गीतमा कैद गरिएको छ। मैथिली गीत संगीत तथा सिनेमालाई एक कदम अगाडि बढाउन अवश्य मद्दत पुग्नेछ।

# जमिन फिर्ता ल्याउन समय लाग्छ : प्रधानमन्त्री



काठमाडौं। प्रधानमन्त्री केपी शर्मा ओलीले महाकालीपूर्वको जमिन फिर्ता ल्याउनेबारे भारतसँग गम्भीरताका साथ कुराकानी भइरहेको बताएका छन्।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमका संवाददाताहरुसँग अन्तर्क्रिया गर्दै प्रधानमन्त्री ओलीले वर्षौंदेखि नेपालको भूमि भारतले प्रयोग गर्दै आएकाले फिर्ता ल्याउनका लागि समय लाग्ने बताएका हुन्। उनले महाकाली नदीपूर्वको जमिन नेपालको भएको र सो जमिनलाई राजनीतिक र प्रशासनिक नक्सामा सामेल गरी संविधानको अनुसूचीमा पनि राखिसकेको उल्लेख गर्दै ती भूभाग फिर्ता ल्याउनका लागि भारतसँग वार्ता भइरहेको बताए।

उनले भने, 'महाकालीभन्दा पूर्वको र त्यस ठाउँमा महाकालीभन्दा उत्तरपूर्वको भनौं। महाकालीपूर्वको जमिन नेपालको जमिन हो। र हामीले हाम्रो जमिन हाम्रो राजनीतिक तथा प्रशासनिक नक्सामा सामेल गरेर पास गरेका छौं। त्यसलाई संविधानको अनुसूचीमा पनि सामेल गरेका छौं। यस सम्बन्धमा हामी भारतसँग गम्भीरताका साथ कुराकानी गरिरहेका छौं तर यथार्थ के हो भने विगत ५८ वर्षदेखि लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र भारतको नियन्त्रणमा रहेको छ। हामीले संवादको माध्यमबाट त्यस क्षेत्रलाई फिर्ता ल्याउनुछ। जबसम्म भारतको निणन्त्रणमा छ र फिर्ता आएको छैन। तबसम्म फिर्ता आएको स्तरमा व्यवहार भएको हुनसक्ने कुरा भएन। ५८ वर्षदेखि त्यो भारतकै नियन्त्रणमा छ। हामीले भारतको नियन्त्रणबाट फिर्ता ल्याउने प्रयास गरिरहेका छौं। त्यसमा संवाद गरिरहेका छौं।'

छिमेकीसँग केही कुरामा मतभेद वा गलत बुझाइ हुनसक्ने भन्दै उनले सबै समस्याको समाधान वार्तामार्फत गरिने बताए। कतिपयले आफूलाई भारतसँगको सम्बन्ध बिगारेको र कतिपयले भारतको इशारामा काम गरिरहेको भन्ने आरोप लगाउने गरेको भन्दै उनले आपसमा विवादास्पद यी दुवै आरोपहरु कसरी सत्य हुनसक्छन् भनी प्रश्न गरे।

# नेपालसम्बन्धमा भारतको धारणा सही : पूर्वराजदूत पुरी

काठमाडौं। नेपालका लागि पूर्व भारतीय राजदूत मन्जीव सिंह पुरीले भारतीय विदेश मन्त्रालयले नेपालमा संसद विघटनको घट्नालाई आन्तरिक मामिला भनी गरेको धारणा कूटनीति रुपमा सही भएको बताएका छन्। भारतीय अखबार दि ट्रिब्युनमा एक लेख लेख्दै सो धारण व्यक्त गरेका हुन्। 'भारतीय विदेश मन्त्रालयले नेपलामा भईरहेको घट्नाक्रमलाई घरेलु फ्रेमवर्क र प्रजातान्त्रिक प्रक्रियाद्वारा नेपालले नै समाधान गर्ने आन्तरिक मामिला भनी दृष्टिकोण सार्वजनिक गरेको छ',उनले भनेका छन्,'यो कूटनीतिक रुपमा सही छ तर भारतको नेपालसँगको इनगेजमेन्ट चाहि बढाउनुपर्छ।' उनले नेपालमा भारतको सुरक्षा चासो, ब्यापार, सभ्यता र जनता-जनताबीचको सम्बन्धमा कारण इनगेजमेन्ट बढाउनुपर्ने बताएका छन्। उनले कोभिड नियन्त्रण, जलवायु परिवर्तन लगायतका क्षेत्रमा सहकार्य गर्नुपर्ने लेखमा बताएका छन्।

यस्तै प्रधानमन्त्री केपी शर्मा ओलीको भारतमैत्री सांसदहरुप्रतिको निर्भरता र नागरिकता सम्बन्धी अध्यादेशका कारण नेपालको पछिल्लो राजनीतिक घट्नाक्रम भारतका लागि अनुकुल हुन्छ कि हुँदैन भनी जान्ने चासो रहेको समेत उनले उल्लेख गरेका छन्। उनले अर्कोतर्फ नेपाली कांग्रेसको भारतसँग परम्परागत सम्बन्ध रहेको बताएका छन्। उनले सन् २०२० यता नेपालमा चिनियाँ प्रभाव बढेको समेत उल्लेख गरेका छन्। नेपालको घट्नाक्रम कसरी अगाडी जान्छ भनी समयले र सर्वोच्च अदालतको फैसलाले मात्र बताउन सक्ने उनको भनाइ छ।

## आर्थिक समाचार

### प्राइम बैंकका सञ्चालक समितिका अध्यक्ष श्रेष्ठको पदावधि दुई वर्ष थप

काठमाडौं, १६ जेठ। प्राइम बैंकको सञ्चालक समितिको मिति २०७६ साल जेष्ठ २७ गते (तदनुसार १० जुन, २०१९) बसेको सञ्चालक समितिको ३६६ औं बैठकले सञ्चालक राजेन्द्र दास श्रेष्ठलाई दुई वर्षको पदावधि कायम गरी सञ्चालक समितिको अध्यक्षमा चयन गरेको थियो। पुनः यसै विषयमा सञ्चालक समितिको बैठकले श्रेष्ठको सञ्चालक समिति सदस्यको पदावधि रहुञ्जेलसम्मका लागि सञ्चालक समितिको अध्यक्षमा श्रेष्ठलाई नै निरन्तरता दिने गरी जेष्ठ १४ गते (तदनुसार २८ मे, २०२१) बसेको ४२२ औं बैठकले निर्णय गरेको छ।

### बारुणयन्त्र हस्तान्तरण

काठमाडौं। आइएमई ग्रुपअन्तर्गत संचालित आइएमई मोटर्स प्रा.लि.द्वारा प्रवर्द्धित अशोक लेलैण्डले प्रदेश नं. २ को आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई नौ थान दमकल हस्तान्तरण गरेको छ। प्रदेश नं.२ को मागअनुसार नेशनल फायर सेफ र आईएमई मोटर्सको संयुक्त कार्यमा मन्त्रालयलाई हस्तान्तरण गरिएको बताएको छ। मन्त्रालयका पदाधिकारीहरुको उपस्थितिमा आइएमई मोटर्सका कर्पोरेट सेल्स हेड सुशिल राना थापा साथै नेशनल फायर सेफका प्रमुख खगेन्द्र कार्कीले ९ थान दमकल हस्तान्तरण गरेका हुन्। आन्तरिक मामिला तथा कानून मन्त्रालयका प्रवक्ता अवधकिशोर कुसवाहाले खरिद गरिएका दमकल आठै जिल्लाका प्रशासन कार्यालयलाई हस्तान्तरण गरिने बताए। कुसवाहाले चालू आ.ब.को बजेटमा यसका निम्ति बजेट उपलब्ध गराइएकाले खरिद गरिएको बताए। अशोक लेलैण्ड को १६१६ आई एलमोडलको च्यासिसमा बनाईएको दमकलमा जापानिज "शीबौरा कम्पनीको" पम्प प्रयोग गरिएको छ जस्ले दमकल जान नसक्ने स्थानमा सजिलै पम्पको प्रयोग गरीदमकल जस्तै कामगर्न सकिने जनाएको छ। यस दमकलमा ५५०० लिटर पानी अट्ने क्षमता रहेको छ साथै दमकलमा ५०० लिटर फोम भर्न सकिन्छ, जसले गर्दा आगलागी भएको ठाउँमा छिटै र सजिलै धनजनको क्षति हुनबाट रोक्न सकिन्छ। कम्पनीका अनुसार यस प्रकारको अत्याधुनिक दमकल अग्नि नियन्त्रण कार्यमा उपयोगी हुनुका साथै नेपालको भौगोलिक वातावरण मैत्री भएको हुनाले यसको कार्यक्षमता निकै राम्रो रहेको जानकारी दिएको छ। केही महिना अगाडि अशोक लेलैण्ड को दमकल नेपालका विभिन्न नगरपालिका जस्तै पुर्व को उर्लाबारी, लेटाङ, इनरुवा नगरपालिकाहरु, इटहरी उप-महानगरपालिका, बर्दियाको बाँसगढी नगरपालिका, काठमाडौंको चन्द्रागिरी नगरपालिका साथै नेपाल आयल निगम लिमिटेडलाई हस्तान्तरण गरिएको थापाले बताए। दमकलको कार्य क्षमता, यसमा रहेका अत्याधुनिक उपकरण, साथै दमकलको मर्मत खर्च कम हुने भएकोले यो दमकल नेपालमा बढी रुचाइएको कम्पनीले जनाएको छ।

### आइएमई फाउन्डेसनद्वारा तीन करोड बराबरको स्वास्थ्य उपकरण सहयोग

काठमाडौं। आइएमई फाउन्डेसनले कोभिड-१९ को रोकथाम तथा उपचारका लागि करिब तीन करोड रुपैयाँ मूल्य बराबरको स्वास्थ्य उपकरण नेपाल सरकारलाई प्रदान गरेको छ। आइएमई फाउन्डेसनका संरक्षक तथा आइएमई ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकाल र फाउन्डेसनका अध्यक्ष तथा आइएमई ग्रुपका प्रबन्ध निर्देशक हेमराज ढकालले मंगलबार स्वास्थ्य मन्त्रालयमा आयोजित एक कार्यक्रमबीच स्वास्थ्य तथा जनसंख्यामन्त्री हृदयेश त्रिपाठीलाई संयुक्तरुपमा ८० थान अक्सिजन कन्सन्ट्रेटर हस्तान्तरण गरेका हुन्। फाउन्डेसनले गण्डकी प्रादेशिक अस्पताल, पोखरा, कास्की, लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल, रूपन्देही, सेती प्रादेशिक अस्पताल, धनगढी, कैलाली र निजामती कर्मचारी अस्पताल (सिभिल), मीनभवन, काठमाडौंलाई ८० थान अक्सिजन कन्सन्ट्रेटर (हरेकलाई २० थान) सहयोग गरेको हो। त्यसैगरी, फाउन्डेसनले जनता स्वास्थ्य केन्द्रद्वारा सन्चालित आइसोलेसन सेन्टरलाई १५ वटा अक्सिजन कन्सन्ट्रेटर सहयोग गरेको छ। यसका अतिरिक्त फाउन्डेसनले शुक्रराज सरुवा रोग अस्पताल, टेकुमा करिब रु १,२८,००,००० बराबरको अक्सिजन प्लान्ट स्थापनाको लागि पनि प्लान्ट अर्डर गरिसकेको छ। यसअघि फाउन्डेसनले वैदेशिक रोजगारीमा रहँदा देहावासन भएका नेपालीहरूको घरपरिवारहरूको सहयोगार्थ 'भरोसा कोष' को स्थापना गरी करिव १ सय प्रभावित घरपरिवारलाई प्रतिव्यक्ति रु. ५८,००० ( करिव ६० लाख) राहत उपलब्ध गराएको थियो। आइएमई फाउन्डेसन आइएमई ग्रुपअन्तर्गत संचालित एक मुनाफारहित परोपकारी संस्था हो। फाउन्डेसनले शिक्षा, स्वास्थ्य, खेलकुदलगायत विभिन्न क्षेत्रमा सहयोग गर्दै आएको छ। साथै फाउन्डेसनले विभिन्न समयमा मुलुकमा आइपर्ने स्वास्थ्य तथा प्राकृतिक प्रकोपहरुमा नेपाल सरकार तथा विभिन्न गैरसरकारी संघ/संस्थाहरुसँग हातेमालो गरेर अघि बढ्ने गरेको छ।

# प्रदेश सरकारलाई स्वास्थ्य सामग्री प्रदान

जनकपुरधाम। कोरोना भाइरसको रोकथाम नियन्त्रणका लागि गैरसरकरी संस्थाले प्रदेश २ सरकारलाई स्वास्थ्य सामग्री सहायता गरेको छ।

वर्ल्ड भिजन इन्टरनेशनल नेपालले ९० दिने कोभिड-१९ दोस्रो लहर आपत्कालिन प्रतिकार्य परियोजनाअन्तर्गत प्रदेशका विभिन्न जिल्ला तथा स्थानीय तहलाई वितरणका लागि प्रदेश सरकारलाई स्वास्थ्य समाग्री हस्तान्तरण गरेको छ। रौतहट, महोत्तरी, सर्लाही र धनुषा जिल्लाहरूमा कोभिड-१९ अस्पताल तथा स्थानीय तहका स्वास्थ्य सेवा प्रदायकलाई लक्षित गरी ४१० थान अक्सिजन सिलिन्डर, ७ वटा अक्सिजन कन्सन्ट्रेटर, ३१० थान इन्फ्रारेड थर्मामिटर, ३१० थान पल्स अक्सिमिटर, ३६० पीपीई सेट मुख्यमन्त्री लालबाबु राउत र सामाजिक विकासमन्त्री नवलकिशोर साहलाई उक्त संस्थाले हस्तान्तरण गरेको हो। जसमध्ये महोत्तरी, सर्लाही र रौतहट जिल्लाको लागि ७०/७० थान अक्सिजन सिलिन्डर, पीपीसेट, पल्स अक्सिमिटर र १ थान अक्सिजन कन्सन्ट्रेटर, प्रदेश सरकारको लागि १००/१०० थान अक्सिजन सिलिन्डर, पीपीसेट, पल्स अक्सिमिटर र ४ थान अक्सिजन कन्सन्ट्रेटर वितरण भइसकेको संस्थाका फिल्ड पोलिसी तथा क्म्युणिकेसन लिड प्रमिल अधिकारीले जानकारी दिए।

उनका अनुसार धनुषाको लागि ५० थान पीपीसेट र १०० थान अक्सिजन सिलिन्डर वितरण गर्ने योजना छ।

# १५ हजार मेट्रिक टन युरिया मल आयो

पर्सा। कृषि सामग्री कम्पनीको ३० हजार मेट्रिक टन युरिया मलमध्ये १५ हजार मेट्रिक टन वीरगन्ज ल्याइएको छ। कम्पनीले ग्लोबल टेन्डरमार्फत आयात गरिरहेको मल दुई सातायता वीरगन्जस्थित सिर्सिया बन्दरगाहमा क्रमशः आउन थालेको छ। नेपालकै जोशी बिज हाउसले ग्लोबल टेन्डरबाट मल आयातको टेन्डर पाएको हो। उसले चीनबाट यो मल आयात गरेको छ। कम्पनीको वीरगन्ज क्षेत्रीय कार्यालय प्रमुख गोरखनाथ केसीका अनुसार, यो कन्साइन्मेन्टको ३० हजार मेटन युरियामध्ये १२ हजार ५ सय मेटन वीरगन्ज, १० हजार मेटन भैरहवा र ७ हजार ५ सय मेटन विराटनगर क्षेत्रीय कार्यालयले पाउने कोटा रहेको छ। त्यसैअनुसार वीरगन्ज र भैरहवा कार्यालयको मल एकैसाथ सिर्सिया सुक्खा बन्दरगाहमा आएको छ।

# अन्ततः...

तानाशाही प्रवृत्तिले चलाउँदै गरेको समाजवादी पार्टी फुट्नै लाग्दा जोगाइदिन खाली कागजमा पनि हस्ताक्षर गरी एकीकरण गर्न हतारिएका उनलाई तत्कालीन समयमा हामीले पार्टी फुट्नबाट जोगाइदिएको यथार्थ कसैबाट लुकेको छैन र पनि उनी एकतर्फी रूपमा गुटगत कार्यमा संलग्न रहे,' ठाकुरद्वारा जारी विज्ञप्तिमा उल्लेख छ, 'तर हामी एकीकरणको भावनाप्रति अति नै प्रतिबद्ध छौं र वैकल्पिक शक्ति बनाउने उत्पीडित जातजाति र समुदायको उत्कट चहानाको कदर गर्दै यसखाले अनुशासनहीन र अराजक व्यक्तिको निष्कासनले यो अभियान झनै सशक्त हुने विश्वास दिलाउँदै अझ बढी एकताबद्ध हुन सम्पूर्ण पार्टी पंक्ति, समर्थक र आम जनसमुदायलाई हार्दिक अपिल गर्छौं।'

दुवै पक्षको विज्ञप्तिको आरोप/प्रत्यारोपको भाषाले पनि जसपामा एकता हुने सम्भावना सकिएको छ। तर कानुनी रूपमा विभाजनका लागि अघि बढ्न पनि प्राविधिक समस्या छ।

यसअघि दपनि ुवै पक्षले दुई/दुईपटक स्पष्टीकरण सोधासोध गरेका थिए। तर दुवै पक्षले एकअर्कालाई जवाफ दिएका थिएनन। पहिलो पटक जेठ ११ गते तीन दिने स्पष्टीकरण सोधिएको थियो भने दोस्रो पटक जेठ १५ मा २४ घण्टाको स्पष्टीकरण सोधासोध गरेका थिए।

राष्ट्रिय जनता पार्टी राजपा र समाजवादी पार्टीबीच एक वर्षअघि अकस्मात एकता भएर जसपा बनेको थियो। लुम्बिनी प्रदेशमा जसपाका चार सांसदलाई कारबाही प्रकरणबाट जसपाको विवाद सतहमा आएको हो । लुम्बिनीका मुख्यमन्त्री शंकर पोखरेललाई सहयोग गरेको निहुँमा यादव पक्षले चार प्रदेश सांसदलाई पदमुक्त गराएका थिए। तर उनीहरूलाई सर्वोच्च अदालतले पुनर्बहाली गरिदिएको छ। त्यसपछि प्रधानमन्त्री ओलीले विश्वासको मत लिने बेला ठाकुर र महतो पक्ष तटस्थ बसेको थियो। यादव पक्षले विपक्षमा मतदान गरेको थियो।

पार्टीको विवाद अहिले निर्वाचन आयोगमा पुगेको छ। आयोगलाई पठाएको दुवैका पत्रमा राजनीतिक दलसम्बन्धी ऐनबमोजिम दलको दर्ताबाट नाम हटाई अध्यावधिक गर्न अनुरोध गरिएको छ।

**सत्ता लिप्सा र उच्च महाकांक्षा**

मधेशको मुद्दा ओली सरकारलाई बचाउने कि हटाउने हुँदै होएन। तर यसै विषयलाई लिएर जपसा फुटेको छ।

जसपामा फुट र सत्ताको यात्रा कहाँसम्म पुग्ने हो भनन कठिन छ। संसद् नै नभएको बेला मधेशको मूल मुद्दा संविधान संशोधनमार्फत सुनिश्चित गराउँछु भन्ने जनतालाई ठग्नु मात्र हो। सत्ताका लागि मधेशको मुद्दालाई भजाउनु यो पहिलो पटक होइन। मधेशका मुद्दा अहिलेसम्म ज्यूँका त्यूँ रहनुमा नेताहरूमा विद्यमान यस्तै खालको सत्तास्वार्थ नै प्रमुख कारण हो। अनि सत्तामा पुग्नकै लागि मधेशी दलमा विभाजन आएका घटना थुप्रै छन्। २०६३ माघ ५ सहित पहिलो मधेश विद्रोहपछि दोस्रो (२०६४) र तेस्रो मधेश आन्दोलन (२०७२) एउटै मुद्दाका लागि भएको थियो। मधेश आन्दोलनले धेरै नेता जन्माए तर मुद्दा ज्यूँका त्यूँ छन्। किनभने नेताहरू भने आन्दोलनको 'स्पिरिट' अनुसार अगाडि बढ्न नसकेका हुन।

# अनुशासनहीन...

छ र छिटै यसले गर्दा परिणामहरु पनि देखिने छ तथा अन्य पनि बाँकी रहेका मागहरु सम्बोधन गराउन पहल भैरहेको छ। तर आफूले जस नपाउने तुच्छ सोच र उधारो सहमति गरी भोलिको दिनमा सत्तालिप्साको अभिलासा पूरा गर्ने बाटो नै बन्द हुने देखेर आफ्नो व्यक्तिगत महत्वाकाक्षांका लागि राजनीतिक आवरण दिई फेरि जनतालाई धोका दिने कार्य शुरु गर्न खोजेका छन्। अहिले हामीले माग मुद्दा सम्बोधन गराउँदा पनि न्वारन देखिको बल लगाई हाम्रो बारेमा भ्रम छर्न प्रयासरत छन् तर आम नागरिक यसबाट सचेत छन्।

४. २०७७ वैशाख १० गते तानाशाहि प्रवृतिले चलाउँदै गरेको समाजवादी पार्टी फुट्नै लाग्दा जोगाई दिन खालि कागजमा पनि हस्ताक्षर गरि एकीकरण गर्न हतारिएका उनलाई तात्कालीन समयमा हामीले पार्टी फुट्नबाट जोगाइदिएको यर्थाथ कसैबाट लुकेको छैन र पनि उनी एकतर्फी रुपमा गुटगत कार्यमा संलग्न रहे तर हामी एकीकरणको भावनाप्रति अत्ति नै प्रतिवद्ध छौं र वैकल्पिक शक्ति बनाउने उत्पीडित जातजाति र समुदायको उत्कट चाहनाको कदर गर्दै यसखाले अनुशासनहीन र अराजक व्यक्तिको निष्काशनले यो अभियान झनै सशक्त हुने विशवास दिलाउँदै अझ बढी एकतावद्ध हुन सम्पूर्ण पार्टी पंक्ति, समर्थक र आम जनसमुदायलाई हार्दिक अपिल गर्दछौं।

५. पछिल्लो समय पार्टीको नाममा प्रदेश नं. २ मा समायोजित नभएका समितिबाट संघर्षको कार्यक्रम भनेर ज्येष्ठ १८ र १९ गते घोषणा भएको आन्दोलनको कार्यक्रमप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। कोरोनाको महामारीको बेला यसखाले भ्रमपूर्ण, अघोषित र असान्दर्भिक कार्यक्रमा नलागि आफ्नो र आम नागरिकको ज्यानको सुरक्षामा प्रतिवद्ध भएर लाग्न सबैलाई हार्दिक आहवान गर्दछौं।

# भारतसँग जीटुजीमा रासायनिक मल किन्न स्वीकृति

काठमाडौं। भारतसँग सरकारी स्तर (जीटुजी)मा रासायिनक मल खरिद गर्न मन्त्रिपरिषद्ले कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति प्रदान गरेको छ। मन्त्रिपरिषदको सहमतिपछि भारतसँग अभावका बेला मल खरिद गर्ने प्रक्रिया एक कदम अघि बढेको कृषि मन्त्रालयले जनाएको छ। मल खरिद एमओयूका लागि भारतले पठाएको मस्यौदामा मन्त्रालयले कानुन र परराष्ट्र मन्त्रालयसँग समन्वय गरेर मन्त्रिपरिषदमा पठाएको छ।

तर नेपालमा अभाव भएका बेला भारतबाट सस्तो र गुणस्तरीय मल खरिद गर्न सैद्धान्तिक प्रस्ताव मन्त्रिपरिषदमा पेश भएको र निर्णयको औपचारिक जानकारी आइनसकेको कृषि सचिव डा. योगेन्द्र कुमार कार्कीले बताए। नेपालको कुल रासायनिक मल मागको २० देखि २५ प्रतिशत मल भारतबाट ल्याउने र सो मल अन्तर्राष्ट्रिय बजार मूल्य भन्दा सस्तो र समान गुणस्तरको हुने जनाइएकोछ।




**मिथिला दर्शन**
**टीभी कार्यक्रम हेर्न नभुल्नु होला।**

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ।

**विशेष जानकारीका लागि सम्पर्क**

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामर** ।, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : mad gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं